माघः बलिदानको महिना
सम्पादकीय

नेपाली कम्युनिस्ट आन्दोलनका लागि अत्यन्तै दुःखद, बलिदानपूर्ण, नोक्सानदायी महिना भरखरै बितेर गएको छ । माघ महिना भन्ने बित्तिकै २०४० सालको पिस्कर हत्याकाण्डको बलिदानपूर्ण संघर्षको स्मरण गराउने यो समयमा शहादतको अर्को गारो उभिएको छ माघ १६ गतेको मध्यान्हमा । नेपालका सम्पूर्ण शहीदहरूको सम्झना गरिइरहिएको यो सालको माघ १६ गतेकै दिन शहादत बरण गर्ने नेपाल कम्युनिस्ट पार्टीका उदयीमान नेता, जनताका सच्चा सेवक कमरेड तिलकराज पाण्डेलाई अमरशहीद गंगालालसँगै यतिबेला हामीले भावपूर्ण श्रद्धान्जली अर्पण गरेका छौँ ।

नेपालको सन्दर्भमा सत्ता, आधारभूतरूपमा निरिह जनताको दुश्मन भएको छ । नेपालमा राज्यसत्ता आरम्भ भएयता अहिलेसम्म जनता र सत्ता बीचको सम्बन्ध सधैँ शत्रुतापूर्ण रही आएको छ । पुरानो सत्तालाई हामीले पिस्कर हत्याकाण्डसँग जोडेर सम्झिनु परेको थियो भने कथित नयाँ सत्तालाई हामीले निर्दोष नागरिक तथा जनताका असल सेवकहरूको बर्बर हत्यासँग जोडेर बुझ्नु परेको छ । चाहे पुरानो सामन्तवादी अनुहारका होउन चाहे नयाँ सामन्तवादी अनुहारका होउन् नेपालका सत्ताहरू, निर्दोष नागरिकहरूको हत्यामै रमाउदछन् । इलि थामीलाई मारेपछि पञ्चायती सत्ताले जयगान गाएको थियो र त्यही जयगान गाउँदा गाउँदै छ वर्षपछि त्यो व्यवस्था इतिहासको अवसानखाडीमा जाकिएको थियो । पञ्चायती निरंकुशतालाई बिर्साउने माओवादी सत्ताले अहिले, कमरेड तिलक पाण्डेको हत्या गरेर आफ्नो जयगान गाइरहेको छ, त्यसैले त्यसले आगामी छ वर्षभित्र आफ्नो पनि अवसान हुनेछ भनेर भविष्यवाणी गरिरहेको छ ।

माओत्सेतुङले मृत्युको परिभाषा गरेको जानकारी शायद माओवादी नेताहरूको सम्झनामा छैन होला । जनताको सेवकको मृत्यु पहाडभन्दा गह्रौं हुन्छ र जनतामाराको मृत्यु प्वाँख भन्दा हलुङ्गो हुन्छ । जनताको आँखामा राखे पनि नबिझाउने कमरेड तिलकराज पाण्डेको मृत्यु कुन कित्तामा पर्छ ? माओवादीका अध्यक्ष प्रचण्डलाई पनि भन्न कर लाग्छ - त्यो त पहाडभन्दा गह्रौं हुने कित्तामै पर्छ । त्यसोभए माओवादीहरूको मृत्यु कुन कित्तामा पर्ने भयो त ? यसको उत्तर माओवादीहरूबाटै प्राप्त गर्नुपर्छ ।

असल मानिसलाई हत्याको शिकार बनाउनेहरूको आयु लामो हुँदैन । बन्दुकले जनताको मनभित्र राज गर्न सक्दैन । जनताको मन जित्न नसक्नेहरूले जनयुद्ध सञ्चालन गर्न सक्दैनन् । जनताको भविष्य, कुनै महाराजा या कुनै प्राधिकारको पञ्जामा बाँधिन सक्दैन । अन्यायको आयु टिकाउ हुँदैन । शहादत रक्तबीज हो तर युद्धमा बन्दुक बोकेर मर्नेहरूलाई शहीद भन्न मिल्दैन । दुइटै बन्दुकलाई ज्ञान हुनुपर्छ - मानिस मारेर सत्ता कब्जा हुँदैन । कमरेड तिलकराज पाण्डेको हत्याले नेपाली कम्युनिस्ट आन्दोलनलाई अत्यन्तै मर्माहत तुल्याएको छ, तर उहाँको बलिदानले अन्याय अत्याचारका विरूद्ध जुधिरहन जीवित कम्युनिस्ट योद्धाहरूलाई सधैँ प्रेरित गरिरहनेछ ।

नेपाली कम्युनिस्ट आन्दोलनका महान योद्धाहरूको हत्या गरेर नेपाली कम्युनिस्ट आन्दोलनलाई कमजोर तुल्याउने माओवादी सपना नेपालमा कहिल्यै पुरा हुँदैन भन्ने सत्यको बोध तिनका नेताहरूलाई हुनुपर्छ । यदु गौतमबाट आरम्भ भएको उदयीमान कम्युनिस्ट नेताको हत्याश्रृङखला तिलकराज पाण्डेको हत्यासम्म आइपुगेको छ । तर हत्या अभियानको यो श्रृङ्खलाले नेपालका कम्युनिस्टहरूलाई कायर हुन सिकाउँदैन । यसले त उनीहरूलाई अझै दृढतापूर्वक आफ्नो उद्देश्यप्रति समर्पित हुन नै प्रेरित गरिरहनेछ । यो कुनै उद्वेलित मनस्थितिको भाषण होइन - यो यथार्थको तस्वीर हो । गंगालालबाट आरम्भ भएको यो हत्या अभियान सामन्तवादको उच्छेद नभएसम्म, समुदायसम्मै प्रजातन्त्र नपुगेसम्म जारी रहन्छ भन्ने सत्यको बोध नेपाली कम्युनिस्टहरूमा छ - त्यसैले माओवादीहरूले बुझ्नुपर्छ - हरि

नेपाल मारिने बित्तिकै जसरी ताप्लेजुङमा कम्युनिस्ट पार्टी मारिएन, त्यसरी नै तिलक पाण्डेको हत्याले लमजुङ्ग जिल्लाको कम्युनिस्ट आन्दोलनको विनाश हुँदैन । तिलकराज पाण्डेका हजारौँ उत्तराधिकारीहरू छन्, सामाजिक परिवर्तनको महान अभियान सम्पन्न नभइन्जेलसम्म तिनीहरू जीवित रहिरहने छन् ।

पुरानो र नयाँ सत्ताद्वारा मारिएका जनताका छोराछोरीहरू - सदासर्वदा अमर रहनेछन् ।

कमरेड तिलकराज पाण्डे - अन्तिम सलाम ! लाल सलाम !

## वर्तमान परिस्थिति र हाम्रो दायित्व

(**केन्द्रीय कमिटीको सातौं बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदन**)

प्रिय कमरेडहरू,

केन्द्रीय कमिटीको छैटौं बैठक सम्पन्न भएको ठिक छ महिनापछि हामी सातौं बैठक बस्न गइरहेका छौं । सर्वप्रथम म यस बैठकमा उपस्थित हुनुभएका सम्पूर्ण कमरेडहरूलाई हार्दिक स्वागत अभिवादन गर्दछु । हाम्रो पार्टी संयुक्त सरकारमा सामेल भएको पाँच महिना बितेको छ । हामी अहिले सरकारभित्र र बाहिरबाट समेत हिंसात्मक द्वन्द्वले सिर्जना गरेको समस्या समाधान गरी शान्ति स्थापना गर्ने र मुलुकलाई अग्रगमनको दिशातर्फ अघि बढाउने प्रयत्न गरिरहेका छौं । तर माओवादीहरू अझै पनि वार्तामा आउन तत्पर भइरहेका छैनन् । आन्दोलनको दवावबाट पछि हटेका प्रतिगामी शक्तिहरू पनि नयाँ स्तरबाट संगठित हुन थालेका छन् । यसबाट संवैधानिक शक्तिहरूबीच राष्ट्रिय सहमति कायम गरी मुलुकको विद्यमान संकट समाधान गर्नका लागि चलाइएको प्रयत्न विथोलिने संभावना बढेको छ । यस्तो स्थिति उत्पन्न भयो भने हाम्रो देश पुनः राजनीतिक मुठभेडको दिशातर्फ धकेलिने छ । जसको परिणामस्वरूप राष्ट्रले अकल्पनीय क्षति बेहोर्नु पर्ने स्थिति आउन सक्छ । तसर्थ केन्द्रीय कमिटीको यस बैठकबाट हामीले मुलुकको समसामयिक राजनीतिक परिस्थितिको गम्भीर विश्लेषण गरी सही दिशामा अघि बढ्ने बाटो तय गर्नु पर्दछ ।

**१. अन्तर्राष्ट्रिय परिस्थिति** :

२०६१ जेष्ठ २२-२८ मा सम्पन्न केन्द्रीय कमिटीको छैटौं बैठक यता अन्तर्राष्ट्रिय राजनीतिमा हाम्रो आन्तरिक राजनीतिलाई समेत प्रभावित गर्ने केही महत्वपूर्ण घटनाहरू घटेका छन् । त्यसमध्ये अमेरिकी राष्ट्रपति निर्वाचनमा जर्ज वुशको विजय विशेष उल्लेखनीय छ । यसबाट अमेरिकी विदेश नीतिमा अनुदारता र हस्तक्षेपका प्रवृत्तिहरू बढ्ने कुरा निश्चित छ । विश्वका विभिन्न भागमा अमेरिकी दवाव र हस्तक्षेप पनि सोही अनुपातमा बृद्धि हुनेछ । अमेरिकाले विश्वका विभिन्न मुलुकका निरंकुश शासक एवं सैनिक तानाशाहहरूलाई सहयोग समर्थन बढाउने संभावना पनि त्यतिकै छ । यसले सन् १९९० को दशकबाट शुरू भएको प्रजातन्त्रको विश्वव्यापी लहरलाई नकारात्मक प्रभाव पनि पार्नसक्छ । हिंसात्मक द्वन्द्वको समाधान निरंकुशताको माध्यमबाट खोजिनुपर्छ भन्ने चिन्तन बोकेका हाम्रो मुलुकका प्रतिगामी शक्तिहरूले पनि यसबाट लाभ उठाउन सक्छन् । यस्तो स्थितिमा हामीले शान्ति र प्रजातन्त्रको पक्षमा रहेका स्वदेश र विदेशका शक्तिहरूसंगको एकतालाई अझ ठूलो दायराबाट अघि बढाउन जरूरी भएको छ ।

विगत ९ बर्षदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वले जति जति चर्को रूप लिंदैछ, त्यति त्यति हाम्रो मुलुकप्रति अमेरिका, युरोपेली संघ, भारत र अन्य शक्ति राष्ट्रहरूको चासो बढ्दैछ । भारतले यो समस्यालाई दुवै देशको साझा चुनौतीको रूपमा लिन थालेको छ र यसलाई नियन्त्रण गर्नका लागि दुवै देशले साझा रणनीति बनाउनु पर्ने कुरामा जोड दिन थालेको छ । यो समस्या जति लम्बिंदै जान्छ, त्यति हाम्रो आन्तरिक राजनीतिमा वाह्य हस्तक्षेपको खतरा पनि बढ्दै जान्छ । यसले हाम्रो राष्ट्रियतामाथि नै खतरा उत्पन्न गर्न सक्ने यथार्थतर्फ पनि हाम्रो ध्यान जानुपर्छ ।

गत भाद्र १८ देखि २० गते ९क्भउतभ्रदभच घ(छ, द्दण्ण्द्ध० सम्म चीनको राजधानी बेइजिङ्गमा एशियाली राजनीतिक पार्टीहरूको तेश्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ। यस सम्मेलनले चार वर्षअघि फिलिपिन्सको राजधानी मनिलामा आयोजित पहिलो सम्मेलन र त्यसको दुई वर्षपछि थाइल्याण्डको राजधानी बैंककमा आयोजित दोश्रो सम्मेलनले अघि सारेका अवधारणाहरूलाई अघि बढाउँदै भिन्न भिन्न राजनीतिक पृष्ठभूमि र दृष्टिकोण भएका एशियाका प्रमुख राजनीतिक पार्टीहरूको बीचमा विचार आदान प्रदान गर्ने, साझा सहमतिको खोजी गर्ने र आपसी सहयोग, समझदारी एवं विश्वास अभिबृद्धि गर्ने कार्यमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। सम्मेलनले हाम्रो पार्टीका महासचिवलाई त्यसको स्थायी समितिमा निर्वाचित गरेको छ। यसबाट प्रमुख एशियाली राजनीतिक पार्टीहरूको बीचमा हाम्रो पार्टीको प्रभाव र भूमिका बृद्धि भएको छ।

विश्वका विभिन्न मुलुकका कम्युनिष्ट एवं वामपंथी पार्टीहरूसंग हाम्रो पार्टीको मित्रतापूर्ण सम्बन्ध विस्तार भइरहेको छ। यसबीच स्क्यान्डेनेभियाका वामपंथी पार्टीहरूसंगको सम्बन्ध विस्तार विशेष उल्लेखनीय छ। यसबाट हाम्रो पार्टीको अन्तर्राष्ट्रिय सम्बन्धको दायरा अझ फराकिलो बनेको छ। हिंसात्मक द्वन्द्व चर्किरहेको र प्रजातन्त्रमाथि खतरा बढिरहेको वर्तमान स्थितिमा युरोपका प्रभावशाली वामपंथी पार्टीहरूसंग हाम्रो पार्टीको सम्बन्ध विस्तारले विशेष महत्व राख्दछ।

## २. राष्ट्रिय राजनीतिक परिस्थिति

आम जनताको चाहना र हाम्रो पार्टीको प्रयत्नका वावजुद राष्ट्रिय राजनीतिमा अझै पनि अपेक्षित सुधार आउन सकेको छैन। मुलुक हिंसात्मक द्वन्द्वको कुचक्रमा पिसिइरहेको छ। जनताको जीवन अत्यन्त कष्टकर बनेको छ। जनताको ठूलो त्याग र बलिदानबाट प्राप्त प्रजातान्त्रिक अधिकारहरू कुण्ठित भएका छन्। मानव अधिकारको गम्भीर उल्लंघन भइरहेको छ। राष्ट्रिय स्वतन्त्रता र स्वाभिमान खतरामा परेका छन्। प्रजातान्त्रिक प्रक्रिया अबरूद्ध भएको छ। नेपालीहरूको क्षमतामाथि दुनियाँले प्रश्न उठाउने परिस्थिति सिर्जना भइरहेको छ। यस्तो स्थितिमा शान्ति, प्रजातन्त्र, राष्ट्रिय स्वतन्त्रता र जनताको हितका लागि हामी सबै एकताबद्ध भएर इमान्दारीपूर्वक अघि बढ्नु पर्ने आवश्यकता छ।

हिंसात्मक द्वन्द्वका कारण अहिलेसम्म हजारौं नेपालीको मृत्यु भइसकेको छ। राष्ट्रले अर्वौं रूपैया बराबरको क्षति बेहोर्नु परेको छ। जनताले अकल्पनीय दुःख कष्ट र पीडा भोग्नु परिरहेको छ। यही द्वन्द्वका कारण अन्धकारमय हुन लागेको नेपालीहरूको भविष्यप्रति अत्यन्त संवेदनशील भएर सोच्नु प्रत्येक देशभक्तको कर्तव्य हो। नेकपा (एमाले) जस्तो देशभक्त क्रान्तिकारी पार्टीले त झन् जिम्मेवारीबोधका साथ सोच्नु र काम गर्नु पर्दछ।

हाम्रो पार्टीले वार्ताको वातावरण बनाउन र शान्तिपूर्ण रूपले द्वन्द्वको समाधान गर्न सरकारभित्र र बाहिरबाट समेत प्रयत्न गरिरहेको छ। नेकपा (एमाले) समेत संलग्न भएको वर्तमान सरकारले जुनसुकै विकल्पमा पनि छलफल गर्न सकिने लचकताका साथ वार्ताका लागि आह्वान गर्दा पनि माओवादीहरू वार्तामा आइरहेका छैनन्। लोकेन्द्र बहादुर चन्द र सूर्य बहादुर थापासंग वार्ता गर्ने माओवादीहरूले विघटित संसदको बहुमतको प्रतिनिधित्व गर्ने चार पार्टीको संयुक्त सरकारसंग हैसियतको कुरा उठाएर वार्ता गर्दिन भन्नु अनुचित कुरा हो। माओवादीहरूले मुलुकको वर्तमान संकटलाई जति लम्ब्याउन सक्यो त्यति आफूलाई फाइदा हुन्छ भन्ने सोचाइ राखेको हुनसक्छ। तर देशमा हिंसा जारी रह्यो र केन्द्रमा राजनीतिक अस्थिरता भइरह्यो भने वाह्य हस्तक्षेपलाई कसैले रोक्न सक्दैन। त्यसबाट हुने नोक्सानीको भागिदार देश र जनताले मात्र होइन स्वयम् माओवादीहरूले पनि हुनु पर्नेछ।

माओवादीहरू तत्काल वार्तामा नआउने स्थिति देखिन थालेपछि त्यसलाई आफ्नो हितमा प्रयोग गर्न सकिने विश्लेषणका साथ आन्दोलनको दवावबाट पछि हटेका प्रतिगामी शक्तिहरू फेरि सक्रिय हुन थालेका छन्। परिस्थितिमा आएको फेरबदललाई अस्वीकार गर्दै नेपाली कांग्रेस लगायतका चारवटा राजनीतिक दल पुरानै माग र नाराका आधारमा आन्दोलन अघि बढाउन प्रयत्न गरिरहेका छन्।

आन्दोलन कसैको मनोगत आग्रहले मात्र उठ्ने कुरा होइन। त्यसको लागि वस्तुगत परिस्थिति पनि अनुकूल हुनु पर्दछ। यति हुंदा हुँदै पनि नेपाली कांग्रेस लगायतका चार दल सडकबाट प्रतिगमनका विरूद्ध खवरदारी गरिरहन्छन् भने त्यसलाई अन्यथा रूपमा लिनु जरूरी छैन। तर हिंसात्मक द्वन्द्वको अन्त्य र शान्ति स्थापनाको जनचाहना पुरा गर्न सरकारमा रहेका र सरकारभन्दा बाहिर रहेका सबै पार्टी एकताबद्ध भएर अघि बढ्नु पर्छ।

**३. सरकारका कामहरूको मूल्यांकन**

नेपाली जनताको २० महिना लामो आन्दोलनको परिणामस्वरूप प्रतिगमन केही पछि हट्न बाध्य भयो। त्यसैको परिणामस्वरूप राजनीतिक दलहरूको सहमति र संलग्नतामा सरकार गठन गर्ने स्थिति सिर्जना भएको हो। सरकार संचालनका सम्बन्धमा विघटित संसदमा रहेका चार राजनीतिक दलको बीचमा ४३ बुँदे कार्यक्रममा सहमति भएपछि हाम्रो पार्टी संयुक्त सरकारमा सहभागी भएको हो। चार पार्टीको बीचमा सहमति भएको ४३ बुँदे कार्यक्रमको सार भनेको प्रतिगमनलाई सच्याउनु, वार्ताको माध्यमबाट शान्ति प्रकृया आरम्भ गर्नु, नयाँ संविधान निर्माणको माध्यमबाट माओवादी समस्या समाधान गर्नु र अग्रगामी सुधारको माध्यमबाट सामाजिक द्वन्द्वहरूको व्यवस्थापन गर्नु हो। हामीले सरकारमा रहेर उपरोक्त उद्देश्य प्राप्तिका लागि आफ्नो भूमिकालाई जति बढी प्रभावकारी बनाउन सक्छौं, त्यति नै बढी सरकारमा हाम्रो सहभागिताको औचित्य पुष्टि हुनेछ।

हाम्रो पार्टीले लोकप्रिय अभिमतका आधारमा सरकारमा सहभागी हुन सकिने र अधिरचनाको तहबाट पनि आन्दोलनका कार्यभारहरू सम्पन्न गर्न योगदान गर्न सकिने मान्यता अघि सार्दै आएको छ। यही मान्यताको आधारमा हाम्रो पार्टी विभिन्न समयमा विभिन्न पार्टीहरूसंग संयुक्त भएर सरकारमा सहभागी पनि हुँदै आएको छ। अहिले हामी पाँचौंपटक सरकारमा सहभागी भएका छौं। यसपटक सरकारमा हामी सहभागि भएको पाँच महिना बित्न लागेको छ र अब सरकारका कामहरूको प्रारम्भिक समीक्षा गर्ने बेला पनि आएको छ।

अहिलेसम्म सरकारले गरेका सकारात्मक कार्यहरूको चर्चा गर्ने हो भने त्यसले प्रतिगामी सारतत्व भएको कार्य सम्पादन नियमावली खारेज गरी तुलनात्मक रूपमा प्रजातान्त्रिक नियमावली निर्माण गरेको छ। मन्त्री परिषदको बैठकले निर्णय गरी माओवादीहरूलाई वार्तामा आउन औपचारिक रूपले आह्वान गरेको छ। वार्ताको क्रममा जुनसुकै विकल्पमा पनि छलफल गर्न सकिने धारणा अघि सारेर सरकारले लचकता पनि प्रदर्शन गरेको छ। वार्तालाई संस्थागत, व्यवस्थित र योजनाबद्ध रूपमा अघि बढाउन उच्चस्तरीय शान्ति समिति गठन गर्ने र शान्ति सचिवालय स्थापना गर्ने काम गरेको छ। मुलुकको संकट अहिले जति गहिराइमा पुगेको छ त्यसको तुलनामा सरकारले गरेका कार्यहरू अपर्याप्त हुन सक्छन्। तर हिंसात्मक द्वन्द्वको समाधान युद्धद्वारा गरिनुपर्छ भन्ने जवर्जस्त मान्यता राख्ने शक्तिहरू विद्यमान रहेको वर्तमान अवस्थामा वार्ताद्वारा समस्याको समाधान खोज्न गरिएका प्रयत्नहरूलाई सकारात्मक रूपमा लिनुपर्छ।

हाम्रा मन्त्रीहरूले आफ्नो मन्त्रालय अन्तर्गत गरेका सकारात्मक कामहरू उल्लेख गर्नुपर्दा तुलनात्मक रूपमा शान्ति उन्मुख र जनमुखी बजेट तयार गर्नु, राजश्व संकलनमा उल्लेखनीय बृद्धि गर्नु, वैदेशिक अनुदान र ऋण बृद्धि हुनु, नेपालमै पेट्रोलियम पदार्थको अन्वेषण गर्ने सम्बन्धमा महत्वपूर्ण संझौता गर्नु, महिला आयोग सम्बन्धी अध्यादेश तयार गर्नु, लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश पारित गर्नु, स्थानीय विकास पूर्वाधार नीति पारित गर्नु, सामाजिक द्वन्द्व र अग्रगमनको कार्यक्रमका लागि बजेट निष्काशन गर्नु, वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका अनियमितताहरूलाई रोक्न कदम चाल्नु, सरकारी अस्पतालमा सैया थप्नु आदिलाई लिन सकिन्छ। सरकारमा सहभागी हाम्रा मन्त्रीहरूले कतिपय गलत निर्णयका विरूद्ध मन्त्री परिषद भित्रै संघर्ष पनि गरेका छन्।

यति हुंदा हुंदै पनि आन्दोलनको दवावबाट बनेको र नेकपा (एमाले) समेत संलग्न रहेको वर्तमान सरकारले जनअपेक्षा अनुसार काम गर्न सकेको छैन । यसका लागि प्रमुख रूपले प्रधानमन्त्री शेर बहादुर देउवाको चिन्तन र कार्यशैली जिम्मेवार छ । सरकारमा सहभागी भएका हाम्रो पार्टीका प्रतिनिधिहरूले पनि पार्टीको हैसियत अनुरूप प्रभावकारी भूमिका खेल्न सकिरहेका छैनन् । यसबीच सरकारबाट केही गम्भीर प्रकृतिका गल्ती कमजोरीहरू समेत भएका छन् । विध्वंशात्मक कार्य तथा आतंककारी क्रियाकलाप नियन्त्रण ऐनलाई संशोधन गरी सुरक्षा निकायले स्वेच्छाचारी ढंगले एक वर्षसम्म हिरासतमा राख्न सक्ने व्यवस्था गर्नु, राजपरिवारको खर्च राजाको तजविजमा बढाउन सक्ने गरी अध्यादेशद्वारा कानूनमा गरिएको संशोधनलाई निरन्तरता दिनु, “शाही नेपाली सेना कल्याणकारी कोष, नियमावली - २०६१” पारित गरेर शाही सेनालाईआय आर्जनको कार्यमा लाग्न पाउने व्यवस्था गर्नु आदि कार्यहरूलाई सरकारका कमजोरीको रूपमा लिनु पर्दछ ।

त्यसैगरी माओवादीहरूलाई वार्तामा आउन दवाव सिर्जना गर्ने उद्देश्यले सरकारले एकतर्फी रूपमा भए पनि युद्ध विराम गर्नुपर्छ भन्ने नेकपा (एमाले) को प्रस्तावलाई अस्वीकार गर्नु, माओवादीहरू वार्तामा आउन इच्छुक देखिएको बेला प्रधानमन्त्रीले त्यसको वेवास्ता गर्नु, यस्तै बेलामा अझ माओवादीका थप दुईजना नेताका विरूद्ध रेड कर्नर नोटिस जारी गर्नु, आफ्नै प्रतिबद्धताका वावजुद कमरेड हेमनारायण यादवको हत्या सम्बन्धमा छानविन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गर्न नसक्नु, मानव अधिकार संहितामा अहिलेसम्म हस्ताक्षर नगर्नु, स्थानीय निकायको सम्बन्धमा कुनै ठोस निर्णय गर्न नसक्नु, महिला, आदिबासी जनजाती र दलितको हितमा शैक्षिक क्षेत्रमा गरिएको आरक्षण हचुवा सावित हुनु, राजनीतिक नियुक्ति र पदोन्नति जस्ता विषयहरूमा सहमतिमा पुग्न नसक्नु, शान्ति वार्ताको लागि सार्थक पहल गर्न नसक्नु, इराकमा १२ नेपाली कामदारको हत्या भएको विषयमा फैलिएको हुलदंगामा जनताको जीउधनको सुरक्षा गर्न नसक्नु आदि कुराहरू पनि सरकारका कमजोरी भित्र पर्दछन् । कतिपय मन्त्रीहरूले सार्वजनिक गरेका विवादास्पद भनाईहरूले पनि सरकारको प्रतिष्ठा गिराउने काम गरेका छन् ।

सरकारले पेट्रोलियम पदार्थको मूल्य बृद्धि लगायत केही अलोकप्रिय निर्णयहरू पनि गरेको छ । यद्यपि यसका लागि विगत सरकारका गलत निर्णय एवं कामकार्वाई र अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य बृद्धि नै जिम्मेवार छ । चिनीको आपूर्तिमा देखा परेको समस्या र दशैं तिहारको अवधिमा यसको मूल्यमा भएको अत्यधिक बृद्धिले सरकारको कार्य क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ ।

केही समय यता प्रधानमन्त्री र अन्य केही मन्त्रीहरूले निर्वाचनको हल्ला चलाएर युद्धविराम र वार्ताको प्रश्नलाई ओझेलमा पार्ने कोशिस गरिरहेका छन् । युद्धविराम र वार्ताको निम्ति आवश्यक प्रयत्न नै नगरी र सरकारमा संलग्न मुख्य राजनीतिक पार्टीहरूसंग परामर्श नै नगरी चुनावको कुरा गर्नु संयुक्त सरकारको अवधारणा विपरीत कार्य हो । अहिले शान्ति वार्ताको वातावरण निर्माण गर्न सबैले जिम्मेवारीपूर्वक लाग्ने बेला हो । यसका लागि एकपक्षीय रूपमा भए पनि युद्धविराम गर्ने, मानव अधिकार संहितामा हस्ताक्षर गर्ने र वार्ताका पक्षधर राजनीतिक शक्ति एवं आम जनसमुदायलाई प्रभावकारी ढंगले परिचालन गर्ने काम गर्नुपर्छ । शान्ति वार्ताको निम्ति आवश्यक र सबै सम्भव प्रयास नगरी निर्वाचनको प्रसंग उठाउनु उपयुक्त हुंदैन ।

वर्तमान सरकारका कामहरूको मूल्यांकन गर्दा यो कस्तो पृष्ठभूमिमा गठन भयो र यसले अहिले के कस्ता राजनीतिक जटिलताहरूको सामना गरिरहेको छ भन्ने कुरालाई पनि हेक्का राख्नुपर्छ । अत्यन्त असहज परिस्थितिमा गठन भएको सरकारबाट सहज परिस्थितिमा गठन भएको सरकारको जस्तो कामको आशा गर्नु युक्तिसंगत हुंदैन । त्यसमाथि अझ हामी जुन राजनीतिक दलहरूसंग सरकारमा सहभागी भएका छौं, तिनीहरूको दृष्टिकोण, चिन्तन, मान्यता र कार्यशैली हाम्रो भन्दा धेरै भिन्न छन् । थुप्रै असहमतिका बीचमा सहमति खोज्दै अघि बढ्नु पर्ने अहिलेको यथार्थलाई पनि हामीले देख्न

सक्नुपर्छ । हाम्रो निर्णयले मुलुकमा झन् बढी अस्थिरता उत्पन्न गर्ने र जनाधिकार कुण्ठित हुने स्थिति सिर्जना हुनु हुंदैन । हाम्रा सामु अहिले अत्यन्त थोरै विकल्प मात्र छन् । अहिले विघटित संसदको बहुमतको प्रतिनिधित्व गर्ने चार राजनीतिक दलको बीचमा जुन सहमति कायम भएको छ, मुलुकको संकट समाधानका लागि त्यो महत्वपूर्ण छ । हिजो आन्दोलनले पछाडि धकेलेको प्रतिगमनलाई त्यही रोकर राख्नमा सरकारको भूमिका महत्वपूर्ण छ । त्यसैले प्रतिगामी शक्तिहरू अहिले शेर बहादुर देउवालाई दवाव दिएर प्रधानमन्त्री पदबाट राजीनामा दिन लगाउने, नेकपा (एमाले) लाई सरकारबाट हटाउने र यो सरकारलाई असफल तुल्याएर देशमा राजनीतिक अस्थिरता सिर्जना गर्ने अनेक षडयन्त्र गरिरहेका छन् । यस्तो स्थितिमा आफ्नो मिशन पूरा गर्न अधिकतम रूपमा प्रयत्न नै नगरीकन सरकारबाट हट्ने कुराले प्रतिगामी शक्तिहरूलाई मात्र फाइदा पुग्छ । त्यसैले हाम्रो पार्टी त्यतिकै सहजताका साथ सरकारबाट हट्नु हुंदैन । तसर्थ अहिले सरकारबाट भए गरेका सकारात्मक कार्यलाई आत्मसात् गर्दै कमीकमजोरीहरूलाई महशुस गर्नु पर्दछ । आगामी दिनमा कुनै पनि महत्वपूर्ण निर्णयमा पुग्नुभन्दा अगाडि पार्टीका निर्धारित निकाय र सरकारमा सहभागी राजनीतिक दलहरूको साझा संयन्त्रमा पर्याप्त छलफल चलाउनु पर्दछ र साझा सहमतिको न्यूनतम कार्यक्रममा उल्लेखित प्रजातन्त्र, शान्ति र अग्रगमनका पक्षमा दृढतापूर्वक उभिनु पर्दछ ।

**४. माओवादीहरू बारे :**

माओवादीहरूका पछिल्ला राजनीतिक विश्लेषण र निर्णयहरू झन् उग्र, अराजक र मनोगतवादी बन्दै गएका छन् । केही समय अघि मात्र सम्पन्न उनीहरूको केन्द्रीय कमिटीको बैठकले आफूहरू रणनीतिक सन्तुलनको अवस्थाबाट राजनीतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरेको, बदलिएको परिस्थितिमा साम्राज्यवाद विरूद्धको संघर्षलाई भारतीय विस्तारवादका विरूद्ध केन्द्रीत गर्ने, देशभित्र र बाहिर भारतीय आर्थिक केन्द्रहरूमाथि आक्रमण गर्ने र निर्णायक लडाईका लागि सुरूङ्ग युद्ध संचालन गर्ने जस्ता अतिवादी निर्णयहरू गरेको छ । त्यसैगरी उक्त बैठकले सत्तरी प्रतिशत भन्दा बढी भूभाग आफ्नो नियन्त्रणमा आएको, पुरानो सत्ता आफ्नो अस्तित्व रक्षाको अन्तिम अवस्थामा पुगेको, पुरानो सत्ताको कथित सैन्य शक्ति सदरमुकाम र राजधानीमा पनि रक्षात्मक बन्न बाध्य भएको, कुनै न कुनै विन्दुमा दक्षिण एशियामै जनक्रान्तिको लहर फैलिने र त्यस क्रममा नेपालमा मात्र होइन भारत समेत मुक्त हुने जस्ता अत्यन्त मनोगत र अतिरंजनापूर्ण निष्कर्षहरू निकालेको छ । माओवादीहरूका उपरोक्त कृयाकलाप र निष्कर्षहरूको विश्लेषण गर्ने हो भने उनीहरू तत्काल वार्तामा आउंछन् भनेर आशा गर्न सकिने धेरै ठाउँ छैन ।

यसका बावजूद राजनीतिक दल, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले समेत माओवादीहरूलाई वार्तामा आउन र संवादको माध्यमबाट समस्याको समाधान खोज्न बारम्बार आग्रह गरिरहेका छन् । तर माओवादीहरूले त्यसलाई कुनै महत्व दिएका छैनन् । उनीहरू अहिले पनि वार्ताका लागि अनुकूल वातावरण बनाउने भन्दा हत्या, हिंसा र मुठभेड चर्काउने दिशामै केन्द्रित भएर लागिरहेका छन् । उनीहरूले भर्खरै मात्र हाम्रो पार्टीको गोर्खा जिल्ला कमिटीका सदस्य कमरेड भोजराज भट्ट र धादिङ जिल्ला कमिटीका सदस्य खिन बहादुर थापा मगरको निर्ममतापूर्वक हत्या गरेका छन् । दैलेख जिल्ला कमिटीका सचिव लगायत दर्जनौं पार्टी कार्यकर्ता, शिक्षक र अन्य सर्वसाधारण जनतामाथि मृत्युदण्डको घोषणा गरेका छन् । उनीहरूले विभिन्न जिल्लामा हाम्रो पार्टीका कार्यकर्ताहरूमाथि अपहरण गरी वेपत्ता पार्ने, कुटपिट गरी अंगभंग तुल्याउने, गाउँ निष्काशन गर्ने, घर सम्पत्ति कब्जा गर्ने, आगजनी गर्ने जस्ता ज्यादतिहरू थोपरिरहेका छन् । त्यसैगरी उनीहरूले विभिन्न राजनीतिक पार्टीका कार्यकर्ता, शिक्षक, विद्यार्थी, पत्रकार, कर्मचारी, मानव अधिकारकर्मी, गैह्रसरकारी संस्थाका प्रतिनिधि र सर्वसाधारण नागरिकहरूलाई हत्या गर्ने, कुटपिट गर्ने, अंगभंग तुल्याउने, अपहरण गर्ने, सम्पत्ति लुट्ने, श्रम सजाय तोक्ने, आर्थिक दण्ड गर्ने, जवर्जस्ती चन्दा लिने, हिंडडुल गर्न रोक लगाउने जस्ता कृयाकलापहरू जारी

राखेका छन् । वारंवारको बन्द, नाकावन्दी र एम्बुसिङ्गबाट आम जनता आजित भइसकेका छन् । उनीहरूको धम्कीबाट त्रसित भएर स्थानीय निकायमा कार्यरत कर्मचारीहरूले सामुहिक राजीनामा दिने क्रम शुरू भएको छ । यसबाट हजारौं व्यक्तिहरूको रोजीरोटी गुम्ने, विकास निर्माणका कार्यहरू ठप्प हुने र जनताले नागरिकता, पासपोर्ट र अन्य अत्यावश्यकीय कार्यहरूमा समेत अनावश्यक झन्झट बेहोर्नु पर्ने स्थिति सिर्जना भएको छ । बालबालिका, बृद्ध-बृद्धा, असक्त विरामीहरू लगायत ठूलो संख्यामा विस्थापितहरू प्लास्टिकको भरमा विद्यालय प्रांगण र चौरमा बस्न बाध्य भएका छन् । हत्या, हिंसा र द्वन्द्वको सबभन्दा ठूलो मार शिक्षा क्षेत्रमा परेको छ । ग्रामिण क्षेत्रका अधिकांश विद्यालयहरूमा पठनपाठन नियमित हुनसकेको छैन । आतंकले त्रसित भएर विदेश पलायन हुनेहरूको संख्या पनि निरन्तर बृद्धि भइरहेको छ ।

केही समय यता आएर ग्रामिण क्षेत्रका जनता माओवादी ज्यादतिका विरूद्ध स्वस्फूर्त रूपले विद्रोहमा उत्रन थालेका छन् । दैलेखको दुल्लुमा घटेको घटना यसको ज्वलन्त उदाहरण हो । त्यस घटनालाई हामीले माओवादीहरूका गलत नीतिप्रति जनताको विद्रोहको रूपमा लिनुपर्छ । जनताको यस किसिमको विद्रोहलाई हामीले सकारात्मक रूपमा लिनुपर्छ । माओवादीहरूले पनि यस्ता घटनाहरूबाट शिक्षा लिएर आफ्ना गलत क्रियाकलापहरूमा सुधार ल्याउनु पर्दछ ।

माओवादीहरूका क्रियाकलापहरूलाई लिएर भारतीय लोकसभामा समेत आवाज उठ्न थालेको छ । त्यहाँका सांसदहरूले संसदमा प्रश्न उठाएर माओवादीहरूद्वारा आफ्नो राष्ट्रको सुरक्षामा खतरा उत्पन्न भएको जनाएका छन् । यसै सिलसिलामा भारतीय सीमा क्षेत्रमा तीस बटालियन (३० हजारको संख्यामा) 'विशेष सुरक्षा बल' तैनाथ गरिएको छ । यो संख्यालाई अझै विस्तार गरेर थप १६ बटालियन तैनाथ गरिने कुरा जनाइएको छ । त्यसैगरी चीनले पनि माओवादी सैन्य गतिविधिलाई ध्यानमा राखेर तिब्बती सीमामा आफ्नो सेना तैनाथ गरेको जनाएको छ । यसरी भारत र चीन जस्ता क्षेत्रीय शक्तिहरूले समेत माओवादी गतिविधिलाई आफ्नो सुरक्षासंग जोडेर हेर्न थालेको स्थितिमा हाम्रो मुलुकमा वाह्य हस्तक्षेपको खतरा अझै बढ्न गएको छ ।

परिस्थिति जतिसुकै जटिल र संकटपूर्ण भए पनि मुलुकको एउटा जिम्मेवार राजनीतिक शक्तिको हिसाबले हाम्रो पार्टीले माओवादी समस्यालाई वार्ता र संवादको माध्यमबाट शान्तिपूर्ण रूपले समाधान गर्न अधिकतम प्रयत्न गर्नै पर्दछ । हिंसा र प्रतिगमनका विरूद्ध शान्ति र प्रजातन्त्रको झण्डा उठाउँदै आम जनतालाई गोलबन्द गरेर अघि बढ्नु बाहेक अहिले हाम्रो सामु अर्को कुनै विकल्प छैन ।

**५. प्रतिगामी शक्तिहरूको अतिरिक्त सक्रियता**

प्रतिगामी शक्तिहरूले पुनः आफ्नो सक्रियता बढाउन थालेको देखेर हिजो पनि उनीहरू पछि हटेका थिएनन् भन्ने निष्कर्ष निकाल्नु तथ्यसंगत हुँदैन । हिजो उनीहरू आन्दोलनको दवावले बाध्य भएर एक कदम पछि हटेकै हुन् । तर अनुकूल मौका पाए भने तिनीहरू फेरि दुई कदम अघि बढ्न सक्छन् भन्ने कुरा हामीलाई हिजै पनि लागेको थियो । त्यसैले पार्टी केन्द्रीय कमिटीको अघिल्लो बैठकमा हामीले प्रतिगामी शक्तिहरूका षडयन्त्र र दाउपेचप्रति चनाखो रहनु पर्ने र प्रजातन्त्रको मार्गमा कुनै बाधा अवरोध तेर्स्याइयो भने त्यसका विरूद्ध जुझ्न मुलुकका सम्पूर्ण प्रजातन्त्रवादी शक्तिहरू एक हुनुपर्ने कुरामा जोड दिएका थियौं । माओवादी तत्काल वार्तामा नआउने र सरकारका काम कर्वाइहरू पनि प्रभावकारी नहुने स्थिति देखिंदै गएपछि त्यसबाट जनतामा उत्पन्न भएको असन्तुष्टीलाई आफ्नो हितमा प्रयोग गर्न सकिने विश्लेषणका साथ प्रतिगामी शक्तिहरू फेरि सक्रिय हुन थालेका छन् । इराकमा बाह्रजना नेपाली कामदारहरू मारिएको घटनालाई लिएर जनतालाई भड्काउन र आक्रोशित जमातलाई उपयोग गर्न खोज्नु, राजपरिषदले संविधानको दायराभन्दा बाहिरबाट अतिरिक्त सक्रियता देखाउनु, त्यसको स्थायी कमिटीका सदस्यहरूले राजनीतिक दलहरूमाथि लान्छना लगाउँदै सार्वजनिक अभिव्यक्ति दिनु एवं राजालाई सकृय हुन आह्वान गर्दै प्रतिगामी षडयन्त्रको निम्ति अनुकूल वातावरण निर्माण गर्न

खोज्नु आदि यसका संकेतहरू हुन्। यस्ता घटनाक्रमहरूले प्रजातन्त्रका विरूद्ध षडयन्त्रका नयाँ श्रृंखलाहरू तयार हुँदै छन् भन्ने कुरा पुष्टि गर्दछ। यस्तो स्थितिमा दरवार र राजनीतिक पार्टी एवं प्रजातान्त्रिक शक्तिहरूबीच विगत २६ महिनादेखि चर्कंदै आएको द्वन्द्व अझ तीव्र बन्ने छ र त्यसले मुलुकको विद्यमान संकट समाधान गर्ने कार्यमा गम्भीर अवरोध सिर्जना गर्नेछ। मुलुकलाई अग्रगामी परिवर्तनको दिशामा लैजानु पर्छ भनेर चारैतिरबाट आवाज उठिरहेको बेला २०४६ सालका उपलब्धिहरूलाई समेत निस्तेज पार्ने गरी देशलाई पछाडि फर्काउने दुष्प्रयास गर्नु भनेको ठूलो दुर्घटना निम्त्याउनु हो। २१ औं शताब्दीको चेतनाले लैस भएका नेपाली जनताले राजालाई 'अभिभावकीय भूमिका' दिने नाममा मुलुकलाई निरंकुशताको दिशातर्फ फर्काउने दुष्प्रयत्नलाई कहिल्यै स्वीकार गर्ने छैनन्। यस्तो स्थितिमा प्रजातन्त्रका विरूद्ध रचिने कुनै पनि षडयन्त्रका विरूद्ध लड्न चाहे सरकारभित्र रहेका हुन् या बाहिर सबै प्रजातन्त्रवादी शक्तिहरू एक भएर अघि बढ्नु पर्दछ।

**६. संगठनात्मक अवस्था**

एकातिर उग्रवामपंथी अतिवादीहरू र अर्कोतिर दक्षिणपंथी प्रतिकृयावादीहरूले तेर्स्याएका अनेक बाधा अवरोधहरूलाई चिर्दै हाम्रो पार्टीले आफ्ना संगठनात्मक गतिविधिहरू अघि बढाइरहेको छ। नुवाकोट र डोल्पा बाहेक  अन्य सबै जिल्लाहरूको ०५९ सालको संगठित सदस्यता नवीकरणको काम सम्पन्न भएको छ। २०६० सालको संगठित सदस्यता नवीकरण पनि हाल सम्म ९१ जिल्ला मध्ये ६० जिल्लाको सम्पन्न भैसकेको छ। जनकपुर, तल्लो सगरमाथा र भारत प्रवासका सबै जिल्लाका साथै पाँचथर, तेह्रथुम, मोरङ, रसुवा, नुवाकोट, ललितपुर, विद्यार्थी विशेष, दाङ, कालिकोट, डोल्पा, दार्चुला र बैतडी गरी ३१ जिल्लामा २०६० सालको संगठित सदस्यता नवीकरणको काम सम्पन्न हुन बाँकी छ। पार्टीको सातौं राष्ट्रिय महाधिवेशन यता हाल सम्म अवधि पुगेका ४१ जिल्लामा पार्टीका जिल्ला अधिवेशनहरू सम्पन्न भएका छन्। त्यस्तै विभिन्न प्रवास कमिटीका अधिवेशनहरू पनि सम्पन्न भएका छन्।

जनसंगठन तथा पेशागत संगठनका केन्द्र देखि जिल्ला तह सम्मका कमिटीहरू परिचालित छन् र कतिपय स्थानमा सो भन्दा तल पनि संचालित छन्। यस वीचमा उत्पीडित जातीय मुक्ति समाज, ट्रेड युनियन महासंघ र अनेरास्ववियूको राष्ट्रिय सम्मेलन सम्पन्न भएका छन्। अनेकिसंघको आयोजनामा मेची-महाकाली र राजधानीमा जनमार्च (पिपुल्स काराभान) सम्पन्न भएको छ। काठमाण्डौमा खाद्य सम्प्रभूताको बिषयमा केन्द्रीत भएर अन्तराष्ट्रिय स्तरको सम्मेलन सम्पन्न भएको छ। अरू जनसंगठनहरू पनि आफ्ना नियमित काममा जुटिरहेका छन्।

अनेक प्रतिकूलताका वावजुद पार्टीकाम तथा जनसंगठन र पेशागत संगठनहरूको संगठनात्मक जीवन चलायमान छ तर पार्टीको नियमित राजनीतिक तथा  संगठनात्मक कामका सामु वाह्य र आन्तरिक क्षेत्रबाट अनेक प्रतिकूलताहरू सिर्जना भएका छन्। हामीले जनआधारित, गतिशिल र सुदृढ संगठनको बलमा मात्र आफ्नो काँधमा आएको अभिभारा पूरा गर्न सक्नेछौं। त्यस निम्ति राजनीतिक तथा संगठनात्मक क्षेत्रमा देखापरेका निम्न समस्याहरू र तिनको समाधानका सम्बन्धमा ध्यान केन्द्रीत गर्नुपर्छ :

क) यतिबेला हाम्रो पार्टीका थुप्रै स्थानीय नेता र जिम्मेवार कार्यकर्ता माओवादीहरूको हिंसात्मक आक्रमणबाट आक्रान्त भएका छन्। कैयौं कार्यकर्ता तथा सदस्यहरू मारिएका र घाइते भएका छन्। कैयौंको सम्पत्ति लुटिएको छ र कैयौ विस्थापित भएका छन्। जसले गर्दा देशका कतिपय भौगोलिक क्षेत्रहरूमा पार्टी तथा पार्टी निकटका जनसंगठनहरूको पहुँच र सम्पर्क टुट्ने अवस्था देखा पर्देछ। पार्टी तथा जनसंगठनहरूका स्थानीय अधिवेशन तथा कमिटी बैठकहरू नियमित हुन सकिरहेका छैनन्। योजना निर्माण, बनेका योजनाहरूको कार्यान्वयन, कामको मूल्याँकन तथा निर्देशन, अनुगमन र रिपोर्टिङको काम नियमित र ब्यवस्थित हुन सकिरहेको छैन। हाम्रो पार्टी सरकारमा सामेल भएपछि हाम्रा विरूद्ध माओवादी आक्रमण अरू बढेर गएको छ। यसरी माओवादीको आक्रमणबाट कार्यकर्ताको

भौतिक जीवनको सुरक्षा गर्ने र माओवादीकै कारण पीडित र विस्थापित कार्यकर्तालाई सहयोग र संरक्षण गर्ने, उनीहरूलाई कार्यक्षेत्रमा टिकाउने र सबै तहको पार्टी कामलाई नियमित र प्रभावकारी बनाउने विषय पार्टीका सामु गंभीर चुनौतीको विषय बनेको छ ।

जनताबाट अलग रहेर पार्टीले कार्यकर्तालाई संरक्षण र सहयोग गर्न सक्तैन । तसर्थ हामी कुनै पनि अवस्थामा जनताबाट अलग हुन र कार्यक्षेत्र खाली गर्न सक्तैनौं । हामीले जागरूक र संगठित जनताको सहयोगमा कार्यकर्तालाई संरक्षण गर्ने नीति लिनु पर्दछ । हामी पार्टीका नीति र विचारका आधारमा हाम्रा विरोधीहरूसंग वैचारिक रूपमा मुकावला गर्दै जनताको माझमा जानु पर्दछ । प्रतिकूल भन्दा प्रतिकूल कार्यक्षेत्रमा पनि जनसरोकारका बिषयहरू लिएर जनताको माझमा जाने र जनताकै सहयोगमा टिक्ने तरिका अपनाउनु पर्छ र जनतासंगको पार्टीको सम्बन्धलाई नियमित र जीवन्त बनाईरहनु पर्छ । माओवादीको वैचारिक तथा भौतिक आक्रमणबाट गंभीर रूपमा प्रभावित भएको पार्टीपंक्ति तथा जनसमुदायलाई जोगाउन वैचारिक आक्रमणको वैचारिक प्रतिवाद र भौतिक आक्रमणको शान्तिपूर्ण जनप्रतिवादको तरिका अपनाउनु पर्छ । पीडित र विस्थापित पार्टी नेता एवं कार्यकर्ता संरक्षणको ठोस कार्ययोजना बनाई लागू गर्नुपर्छ । पार्टी सरकारमा रहेको वर्तमान सन्दर्भमा द्वन्द्व पिडित जनता तथा कार्यकर्ताहरूलाई सरकारका तर्फबाट ठोस र प्रभावकारी ढंगले राहत प्रदान गरिनु पर्दछ । त्यसैगरी पार्टीको स्वतन्त्र पहलमा संभव सीमासम्मको सहयोग र राहत प्रदान गर्न अग्रसर हुनु पर्दछ ।

ख) यतिबेला हाम्रो पार्टी सरकारमा सामेल भएको छ । तर अहिले पनि पार्टीका कतिपय जिम्मेवार कार्यकर्ताहरू राज्यको सुरक्षा निकायको अविवेकी क्रियाकलापको शिकार बनिरहेका छन् । हाम्रो पार्टीका जिम्मेवार कार्यकर्ताहरूलाई माओवादीको आरोपमा गिरफ्तार गर्ने, यातना दिने र थुन्ने क्रम जारी नै छ । माओवादीको उग्रवामपन्थी अराजकतावादका विरूद्ध वैचारिक संघर्षको मोर्चामा डटिरहेको हाम्रो पार्टीलाई समेत पनि माओवादी जस्तै ठान्ने र पूर्वाग्रहपूर्ण ब्यवहार गर्ने काम अहिले पनि भैरहेको छ ।

यसरी हामीले माओवादीको साथै राज्यशक्ति खासगरी राज्यका सुरक्षा निकायद्वारा सिर्जित बाधाहरूको समेत सामना गर्नुपर्ने अवस्था छ । सुरक्षा निकायद्वारा सिर्जित वाधा पन्छाउने सन्दर्भमा हामीले भिडन्तको या आत्मसमर्पणको नीति लिनु उचित हुँदैन । स्वतन्त्र राजनीतिक पार्टीको हैसियत राख्ने नेकपा (एमाले) सुरक्षा निकायको अधिनस्थ अंग वा मतियार हुन सक्तैन । सुरक्षा निकायबाट अनुचित काम वा ज्यादती भएको खण्डमा संवाद र शान्तिपूर्ण दवावको तरिकाबाट समस्या समाधान गर्नु पर्दछ । सरकारको तर्फबाट त्यस्ता क्रियाकलाप रोक्न सक्रिय रूपमा काम गरिनु पर्दछ ।

ग) गतिशील पार्टीमा नयाँ भर्तिको क्रम चलिरहन्छ र पार्टीको वरीपरी जनताको नयाँ-नयाँ पंक्ति गोलबन्द हुँदै गैरहेको हुन्छ । नयाँ प्रवेशको क्रम रोकियो भने पार्टीको भविष्य संकटमा पर्छ । तर अहिले हाम्रो पार्टीको विस्तार प्रक्रिया अवरूद्ध भएको छ । पार्टी र जनसंगठनहरूमा नयाँ सदस्यहरू भर्तिहुने क्रम मन्द भएको छ । पार्टीका संगठित र साधारण सदस्यहरूको नवीकरण प्रतिशत पनि घट्न थालेको छ ।

हामीले पार्टी र पार्टी निकटका जनसंगठनहरूमा नयाँ सदस्यहरूलाई भर्तिगर्ने बिषयलाई नियमित र महत्वपूर्ण कार्यसूचीका रूपमा ग्रहण गर्न जरूरी छ । यस कामका लागि ब्यवहारिक योजना बनाउन र तद्नुरूप पार्टी शक्ति परिचालित गर्न जरूरी छ ।

घ) जनसंगठनहरूको प्रभावकारी परिचालन बिना पार्टीको जनाधार विस्तार हुन सक्तैन र पार्टीमा कार्यकर्ता भर्तिको आधार तयार हुन पनि सक्तैन । यस निम्ति जनसंगठनहरूले आफ्नो वर्ग वा समुदायको वास्तविक नेताको हैसियत प्राप्त गर्न सक्नु पर्दछ । उनीहरू पार्टीको नीतिगत मागदर्शनमा मौलिक पहिचान र स्वतन्त्र पहलकदमीका साथ अघि बढ्न सक्नु पर्दछ । तर यतिबेला कतिपय जनसंगठनहरूको भूमिका यस अनुरूप प्रभावकारी हुन सकिरहेको छैन । जनसंगठनहरू पार्टीमा कार्यकर्ता भर्तिगर्ने श्रोत हुन सकिरहेका छैनन् र उनीहरूको पहलकदमी कमजोर बनेको छ ।

जनसंगठनहरूले सैद्धान्तिक र नीतिगत प्रश्नमा पार्टीमाथी निर्भर हुँदै कार्यकर्ता उत्पादन, संगठन निर्माण र परिचालन जस्ता बिषयहरूमा आत्मनिर्भर हुन जरूरी छ। सम्बन्धित वर्ग वा समुदायको वास्तविक नेताका रूपमा स्थापित हुन जरूरी छ। सम्बन्धित वर्ग वा समुदायका माग, मुद्दा वा सरोकारका विषयहरूलाई महत्वका साथ उठाउनु र आन्दोलन वा अभियानको बिषय बनाउन जरूरी छ। सम्बन्धित वर्ग वा समुदायको विश्वास जित्न र उनीहरूलाई आफ्नो झण्डाको वरीपरी गोलबन्द गर्न जरूरी छ। जनसंगठनहरूले पार्टीको हात खुट्टाको भूमिका निर्वाह गर्न र पार्टीमा कार्यकर्ता भर्तिगर्ने तथा जनाधार विस्तार गर्ने महत्वपूर्ण माध्यम बन्न जरूरी छ।

ङ) मुलुक अभूतपूर्व संकटमा छ र जनताले राष्ट्रिय सहमति चाहिरहेका छन्। तर हामीले भने आफ्नै पार्टीलाई समेत आवश्यक मात्रामा एकताबद्ध गर्न सकेका छैनौं। पार्टीमा सैद्धान्तिक, कार्यक्रम र नीतिको प्रश्नमा मतभेद छैन तर व्यवहार, परस्परको सम्बन्ध र भावनात्मक पक्षमा अझै पनि समस्या छन्। पार्टीभित्र विद्यमान स्वेच्छाचारिता र संकिर्णताका प्रवृतिहरूले पार्टी एकताका निम्ति बाधकको भूमिका निर्वाह गरेका छन्। यसले गर्दा पार्टीको कार्यक्षमतामा कटौती हुन पुगेको छ।

मुलुकको चुनौतीपूर्ण राष्ट्रिय परिस्थितिले हामीलाई पूर्ण रूपमा एकताबद्ध हुन निर्देशित गरिरहेको छ। पार्टीका हजारौं कार्यकर्ता तथा लाखौं लाख समर्थकहरूले पनि बलियो एकता चाहिरहेका छन्। पार्टीका सामु उपस्थित अभिभाराले पनि हामीसंग पार्टी एकताको माँग गरिरहेको छ। यस मानेमा हामीले आफूभित्र विद्यमान स्वेच्छाचारिता र संकिर्णताको समस्यालाई समाधान गर्न र पार्टीलाई विचारधारात्मक, संगठनात्मक र भावनात्मक दृष्टिले एकताबद्ध तुल्याउन जरूरी छ। पार्टीका औपचारिक विचार, निर्णय र विधिको आधारमा पार्टीको एकतालाई खँदिलो बनाउन जरूरी छ।

च) संकटपूर्ण आर्थिक अवस्थाले पनि पार्टी कामको प्रगतिमा बाधा सिर्जना गरिरहेको छ। पार्टी कार्यालय संचालन, कार्यकर्ताहरूको न्यूनतम खर्च, द्वन्द्व पीडित तथा समस्याग्रस्त कार्यकर्ताहरूलाई न्यूनतम सीमासम्मको मानवीय सहयोग आदि जस्ता कामहरू समेत आर्थिक अभावको कारणले सम्पादन हुन सकिरहेका छैनन्। एकातिर सदस्यता शुल्क र मासिक लेवी जस्ता नियमित श्रोतहरूको प्रभावकारी परिचालन हुन सकिरहेको छैन भने अर्कातिर विशेष सहयोग, आवधिक सहयोग वा अर्थोपार्जनका अन्य श्रोतहरूको पहिचान र परिचालन हुन सकिरहेको छैन। कार्यकर्ताको ठूलो हिस्सा नीजि तथा पारिवारिक समस्याबाट पीडित छ। उनीहरूलाई न्यूनतम मात्रामा पनि राहत वा सहयोग गर्न सकिएको छैन।

पार्टीमा उत्पन्न यो विकराल आर्थिक समस्याको समाधान नखोजी अघि बढ्न संभव छैन। तसर्थ हामीले सदस्यता शुल्क र लेविलाई नियमित बनाउनुको साथै आर्थिक श्रोत पहिचान गर्न, ती श्रोतहरूलाई परिचालन गर्न र आय आर्जनका बिशेष योजना बनाउन एवं तिनको कार्यान्वयन गर्न आवश्यक छ। यसका निम्ति केन्द्र र स्थानीय दुवै स्तरमा प्रयत्न हुन जरूरी छ।

**७. आगामी कार्यभार**

**प्रिय कमरेडहरू**

हाम्रो पार्टी अहिले बहुदलीय व्यवस्था पुनर्स्थापनापछिको सबैभन्दा कठिन घडीबाट गुज्रिरहेको छ। हाम्रा सामु अहिले निकै गम्भीर चुनौतीहरू देखापरेका छन्। तिनीहरूको सामना गर्दै प्रतिकूलतालाई अनुकूलतामा परिणत गर्नका निम्ति आगामी दिनमा हामीले निम्न कामहरू गर्दै अघि बढ्नु पर्छ :

१) **शान्तिको स्थापना र प्रजातन्त्रको रक्षा** : मुलुकमा लामो समयदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वले अझै पनि निकास पाउन सकेको छैन। यही द्वन्द्वका कारण उत्पन्न संकटले अहिले मुलुकको प्रजातन्त्र समेत खतरामा परेको छ। हामीले यो द्वन्द्वको आरम्भदेखि नै शान्ति र प्रजातन्त्रको अन्तर सम्बन्धलाई बुझेर यसको समाधानका लागि विभिन्न प्रस्तावहरू राख्दै आएका छौं। अहिले मुलुकमा विघटित संसदमा रहेका चार दलको संयुक्त सरकार गठन भएको छ। सरकारमा पार्टीको सहभागिताले शान्ति

स्थापना र प्रजातन्त्रको रक्षाका लागि अनुकूलता थप्न सक्नु पर्दछ । यस्तो स्थितिमा हामीले माओवादीसंग वार्ताका लागि सम्भव सबै उपायहरूको खोजी गर्ने, सम्वाद र सहमतिको माध्यमबाट द्वन्द्वको अन्त्य गर्ने र शान्तिपूर्ण वातावरण कायम गरी जनचाहना अनुरूप मुलुकमा संवैधानिक एवं राजनीतिक प्रकृयालाई सुचारू गराउने कामलाई महत्वका साथ ग्रहण गर्नु पर्दछ । मुलुकमा विद्यमान समस्याको समाधानका लागि पार्टीले अघि सारेका ९ सूत्रीय प्रस्ताव लगायतका नीति र विचारको पक्षमा अन्य राजनीतिक एवं सामाजिक शक्तिहरूलाई गोलबन्द  गर्न र त्यसकै आधारमा राष्ट्रिय सहमति कायम गर्न अधिकतम प्रयत्न गर्नु पर्दछ ।

२) **वैचारिक एवं राजनीतिक संघर्ष संचालन :** हाम्रो पार्टीका विरूद्ध अहिले उग्रवामपंथी र उग्रदक्षिणपंथी दुबै अतिवादीहरूबाट तीव्र वैचारिक र राजनीतिक आक्रमण भइरहेको छ । हाम्रो पार्टीलाई बदनाम गराएर जनतामा भ्रम सिर्जना गर्ने सुनियोजित प्रयत्न भइरहेको छ । यसको सशक्त रूपमा प्रतिवाद हुन जरूरी छ । यसका लागि हामीले “उग्रवामपंथी अतिवादका विरूद्ध वैचारिक संघर्ष गरौं र दक्षिणपंथी प्रतिकृयावादका विरूद्ध राजनीतिक संघर्ष गरौं” भन्ने नारालाई आगामी कामको प्रमुख आधार बनाएर अघि बढ्नु पर्दछ । हामीले एकातिर उग्रवामपंथी अतिवादीहरूले फैलाएका तमामखाले वैचारिक भडकाउहरूको जोडदार रूपमा खण्डन गर्दै हाम्रो पार्टीका कार्यदिशा, रणनीति र कार्यनीति स्पष्ट पार्ने काम गर्नु पर्दछ भने अर्कोतिर दक्षिणपंथी अतिवादीहरूले बहुदलीय व्यवस्था र राजनीतिक दलहरूको विरूद्ध फैलाएका भ्रमहरूलाई चिर्दै राजनीतिक प्रतिवादलाई अघि बढाउनु पर्दछ ।

पार्टीका कतिपय कमिटी र कार्यकर्ताहरूमा सिद्धान्त, कार्यक्रम, रणनीति र कार्यनीति तथा तात्कालिक कामहरूको बीचमा विद्यमान भिन्नताहरूलाई ठीक ढंगले बुझ्न नसक्ने समस्याहरू पनि प्रकट हुने गरेका छन् । कार्यनीतिले जहिले पनि रणनीतिक उद्देश्यको सेवा गर्दछ र गरिरहनु पर्दछ । तर कहिले काँही सतहबाट हेर्दा सही कार्यनीति पनि रणनीतिक उद्देश्यको विरोधमा पो छ कि भन्ने भान पर्न सक्छ । रणनीतिक अर्थमा ठिक ठानिएको निश्कर्ष खास अवस्थाको कार्यनीतिक सन्दर्भमा अघि सार्नु प्रत्युत्पादक पनि हुन सक्तछ । कार्यनीतिक उद्देश्यमा सीमित रहनु जति हानिकारक हुन्छ, रणनीतिक महत्वका माग वा मुद्धाहरूलाई परिस्थितिको अनुमति विपरीत कार्यनीतिक सन्दर्भमा अघिसार्दा पनि त्यत्तिकै हानी बेहोर्नु पर्ने अवस्था सिर्जना हुन सक्दछ ।

यसर्थ सडक आन्दोलनका क्रममा होस् वा सरकारमा रहेर भूमिका निर्वाह गर्दा होस् हामीले रणनीति र कार्यनीति बीचको भिन्नतालाई स्पष्टसंग ठम्याउन सक्नु पर्दछ । यी दुईलाई छ्यासमिस पार्ने वा एकको ठाउँमा अर्को मान्यतालाई अघिसार्ने गल्ति गर्नबाट जोगिन सक्नु पर्छ । पार्टी पंक्तिमा विद्यमान अस्पष्टतालाई ठीक ढंगले अन्त्य गर्न प्रशिक्षित गर्न जरूरी छ ।

३) **न्यूनतम साझा कार्यक्रमको कार्यान्वयन :** सरकारलाई विगत २० महिनासम्म संचालित आन्दोलनको परिणाम ठान्दै सरकारमा सामेल चार दलबीच कायम भएको सहमति अनुरूपको साझा न्यूनतम कार्यक्रममा प्रजातन्त्रको सुदृढीकरण, माओवादी क्रियाकलापबाट उत्पन्न समस्याको समाधान, जनताको सार्वभौमसत्ताको स्थापना, संविधानको क्रियाशीलता, जनतालाई राहत, निर्वाचनद्वारा जनप्रतिनिधिहरूलाई सत्ता हस्तान्तरण र आर्थिक-सामाजिक रूपान्तरणका लागि अग्रगामी कार्यक्रम प्रमुख कार्यभारको रूपमा उल्लेख गरिएको छ । साझा सहमतिका उपरोक्त कार्यक्रमहरू मुलुकको वर्तमान संकट समाधानका सन्दर्भमा अत्यन्त महत्वपूर्ण छन् । तिनलाई कार्यान्वयन गरिएको खण्डमा प्रतिगमनलाई समाप्त पार्न, माओवादीका कारण उत्पन्न समस्या समाधान गर्न र मुलुकलाई अग्रगामी दिशामा लैजान सहयोग पुग्ने कुरा निश्चित छ । वर्तमान संयुक्त सरकारको प्रमुख साझेदारको हैसियतले हाम्रो पार्टीले न्यूनतम साझा सहमतिको कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विशेष ध्यान दिनुपर्छ । यसका निम्ति सरकारमा सहभागी पार्टी प्रतिनिधिहरूले टेवुलबाट प्रभावकारी भूमिका निर्वाह

गर्न जरूरी छ भने पार्टीका तर्फबाट आम जनतालाई परिचालन गरेर आवश्यक जनमत र वातावरणको सिर्जना गर्नुपर्छ ।

४) **सरकारको काममा प्रभावकारिता** : २०४६ सालको जनआन्दोलनको सफलतापछि हामी अहिले पाँचौं पटक सरकारमा सहभागी भइरहेका छौं । विगतको तुलनामा अहिलेको परिस्थिति हाम्रो निम्ति निकै गम्भीर छ र सरकारमा सहभागिताको सन्दर्भ पनि फरक छ । त्यसैले यो सरकारका कार्यभारहरू पनि जटिल छन् । संसद नभएको र संविधान पनि संकटग्रस्त रहेको वर्तमान अवस्थामा गठन भएको वर्तमान सरकारले प्रभावकारी रूपमा काम गर्न सकेन भने त्यसको दोष हाम्रो पार्टीमाथि पनि आउने छ । त्यसैले सरकारको कामलाई प्रभावकारी बनाउन हाम्रो पार्टी गम्भीरतापूर्वक लाग्नु पर्दछ । तसर्थ हामीले कुनै पनि मूल्यमा शान्ति, प्रजातन्त्र र अग्रगमनको पक्षमा सरकारबाट प्रभावकारी भूमिका निर्वाह गर्नै पर्दछ । सरकारको भूमिका, खासगरी हाम्रो पार्टीका प्रतिनिधिहरूको भूमिकालाई सशक्त र प्रभावकारी बनाउनै पर्दछ ।

५) **शान्ति अभियान** : विगत ९ बर्षदेखि हिंसा र प्रतिहिंसाको दुश्चक्रमा पिसिंदै आएका नेपाली जनता मुलुकमा चाँडो भन्दा चाँडो शान्ति स्थापना होस् भन्ने चाहन्छन् । संवाद र सहमति बाहेक शान्ति स्थापनाको अर्को कुनै विकल्प छैन । यसका लागि द्वन्द्वरत दुवै पक्षको उत्तिकै तत्परता हुनु पर्दछ । तर अहिले खासगरी माओवादी तथा सरकार समेत दुबै पक्ष वार्ता र सम्वादका लागि गम्भीर छैनन् । त्यसैले द्वन्द्वरत दुबै पक्षमाथि वार्ताको टेबलमा ल्याएर शान्तिपूर्ण रूपले समस्याको समाधान खोज्न व्यापक जनदवाव सिर्जना गर्न जनमत निर्माण गर्नु जरूरी छ । इतिहासका हरेक कालखण्डमा जब राष्ट्रका सामु गम्भीर समस्याहरू पैदा हुन्छन्, हाम्रो पार्टीले आफ्नो विचार र पहलद्वारा तिनको समाधानमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । आज मुलुकमा शान्तिका लागि जनदवाव सिर्जना गर्नु पर्ने बेलामा पनि हाम्रो पार्टी यसको नेता बन्न सक्नुपर्छ । तसर्थ हाम्रो पार्टीले विभिन्न राजनीतिक दल, जनवर्गीय संगठनहरू, पेशागत संगठनहरू, सामाजिक र मानवाधिकारवादी संगठन र नागरिक समाजका प्रतिनिधिहरूको व्यापक सहभागितामा राष्ट्रव्यापी रूपमा शान्ति अभियान संचालन गर्नु पर्दछ ।

६) **प्रतिगमनको नयाँ प्रयत्नका विरूद्ध सजगता** : सरकारका कामहरू त्यति प्रभावकारी हुन नसकिरहेको र माओवादीहरू वार्तामा आउन आलटाल गरिरहेको स्थितिबाट फाइदा उठाउँदै अहिले मुलुकका प्रतिगामी शक्तिहरू प्रतिगमनको प्रयत्नलाई नयाँ स्तरबाट अघि बढाउने दुस्प्रयास गरिरहेका छन् । उनीहरू मुलुकमा अस्थिरता उत्पन्न गरी ‘धमिलो पानीमा माछा मार्ने’ दाउमा रहेका छन् । राज परिषदलाई अघि सारेर राजालाई ‘अभिभावकीय भूमिका’ दिनुपर्छ भन्ने तिनीहरूको माग यसको ठोस प्रमाण हो । नेपाली जनताले राजाको ‘अभिभावकीय’ भूमिकालाई ३० वर्षको निरंकुश पंचायती कालखण्डमै राम्ररी देखिसकेका छन् । यसर्थ उनीहरू अब कसैका मीठा शब्दावलीहरूमा लटपटिएर निरंकुशतन्त्रको जालमा फंस्ने छैनन् । प्रतिगामी शक्तिहरूले नयाँ स्तरबाट प्रतिगमनको प्रयत्नलाई अघि बढाउन थालेको वर्तमान स्थितिमा हाम्रा सामु जनतालाई सजग गराउने र आवश्यक पर्दा व्यापक जनपरिचालन गरेर संघर्षमा उत्रने जिम्मेवारी आएको छ ।

७) **संगठन सुदृढीकरण** : केही समय यता पार्टीलाई अनुशासित र पद्धतिसम्मत ढंगले संचालन गर्नको लागि समय समयमा केन्द्रीय कमिटीबाट गरिएका निर्णय एवं तय भएका आचार संहिता विपरीत पार्टी निर्णय एवं स्थापित मान्यताको उल्लंघन गर्दै लेख टिप्पणीहरू प्रकाशित गर्ने र सार्वजनिक अभिव्यक्ति दिने क्रियाकलापहरू देखिएका छन् । पार्टीको नेतृत्व तहमै रहेका कतिपय व्यक्तिहरू समेतमा देखापरेका यस्ता स्वछन्द र अराजक प्रवृत्तिहरूले पार्टी संगठनलाई आघात पुर्‍याउने तथा जनतामा भ्रम सिर्जना गरी पार्टीप्रतिको जनविश्वासमा समेत नकारात्मक प्रभाव पार्ने कुरामा हामी सबैले सचेत हुनैपर्छ । बदलिएको परिस्थिति अनुरूप हामीले पार्टीको राजनीतिक र संगठनात्मक कामलाई प्रभावकारी रूपमा अनुशासित किसिमले संचालन गर्नु पर्दछ ।

८)  **द्वन्द्व पीडितहरूको संरक्षण :** द्वन्द्व प्रभावित क्षेत्रमा पार्टीको राजनीतिक एवं संगठनात्मक काम गर्न बदलिएको परिस्थिति अनुरूप उपयुक्त कार्यशैली अपनाएर अघि बढ्नु पर्दछ । तर वर्तमान समयमा हामीले द्वन्द्व पीडित नेता, कार्यकर्ता र सर्वसाधारणको लागि सुरक्षा, राहत र पुनर्स्थापनको काम प्राथमिकताका साथ नगरी नहुने काम भएको छ । तसर्थ यसका लागि सरकारी एवं पार्टी स्तरमा ठोस कार्ययोजनाका साथ अघि बढ्नु पर्छ ।

९)  **राष्ट्रिय परिषदको बैठक :** हाम्रो पार्टीको राष्ट्रिय परिषदको बैठक सामान्यतया दुई बर्षमा बस्नुपर्छ । सातौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको दुई बर्ष पुग्नै लागेको छ । त्यसैले निकट भविष्यमा आयोजना गरिने राष्ट्रिय परिषदको चौथो बैठक सफल पार्न सिंगो पार्टी पंक्ति परिचालित हुनु जरूरी छ ।

**प्रिय कमरेडहरू,**

मुलुक अत्यन्त संकटपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । त्यसरी नै मुलुकको परिस्थितिले हाम्रो काँधमा अत्यन्त गह्रौं जिम्मेवारी सुम्पिएको छ । हामी यतिबेला सरकार र जनता बीचको कामलाई उचित तरिकाले समन्वय गर्दै मुलुकका समस्याहरूको समाधानका निम्ति अघि बढ्नु पर्ने अवस्थामा छौं । शान्ति, प्रजातन्त्र र अग्रगमनको पक्षमा हस्तक्षेपकारी र प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने अवस्थामा छौं । हामीले हाम्रो काँधमा आएको यो अभिभारा पूरा गर्न सक्यौं भने एकातिर मुलुकले सकारात्मक दिशा समाउने छ भने अर्कातिर पार्टीको भविष्य पनि उज्यालो हुनेछ । यसका निम्ति हामीले पार्टी भित्रको आन्तरिक एकतालाई सुदृढ तुल्याउन र पार्टीबाट अघि सारिएका नीति, विचार र निष्कर्षहरूलाई एकीकृत र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्नु पर्दछ । मुलुकमा विगतका गल्ती-कमी र अस्थिरताको पुनरावृत्ति हुन नदिई जनता माझ आशा एवं विश्वासको सिर्जना हुने गरी हाम्रा सम्पूर्ण प्रयासहरू अगाडि बढाउनु पर्छ । यसो गरिएमा हामी मुलुक र जनताका अपेक्षाहरू पूरा गर्न समर्थ हुनेछौं । आउनुहोस् एकताबद्ध भएर अघि बढौं र युगले सुम्पिएका हाम्रा अभिभारा पुरागर्न लागि परौं ।

हार्दिक अभिवादन सहित !

मंसिर २८, २०६१

माधव कुमार नेपाल
महासचिव
नेकपा (एमाले)

**विगतका अनुभवहरूको समिक्षा गरौं**

**पार्टीलाई राष्ट्रिय नेतृत्व केन्द्रका रूपमा उठाउन सम्पूर्ण शक्तिलाई एकताबद्ध बनाउदै अघि बढाऔं**

१

आजको कुरा गरिरहंदा हामीले हिजोका कुरालाई ध्यानमा नराखी हुँदैन । किनभने हिजो विनाको आज नै हुँदैन । नेपालको समकालिन राजनीतिक परिस्थितिलाई हेर्दा पनि त्यहि कुरा लागू हुन्छ । आज देश जुन हिसाबले संकटग्रस्त बनेको छ र झन् झन् गहिरो संकटमा फस्दै गैरहेको छ, त्यसको विश्लेषण गर्दा त्यस्को पृष्ठभूमीमा पुग्नै पर्छ । वास्तवमा नेपालको ऐतिहासिक, राजनीतिक विकास क्रममा सन् १९९० को परिवर्तन एउटा निकै ठूलो परिवर्तन हो । त्यसले नेपाली समाजमा महत्वपूर्ण नयाँ र प्रजातान्त्रिक मूल्य, मान्यता, दृष्टिकोण र परिपाटीलाई शुरूआत गरि दिएको थियो । ती मूल्य मान्यताहरूलाई स्थापित

गर्न, तिनीहरूलाई संस्थागत गर्न, पुराना र कालातित भैसकेका मूल्य, मान्यता र परिपाटीहरूलाई संवैधानिक रूपले नै विस्तापित गर्न, समग्र सामाीजक, आर्थिक विकासको प्रकृयालाई एउटा नयाँ उचाईबाट अघि बढाउन नेपाली समाजले नयाँ नेतृत्व चाहेको थियो । एउटा दूरदर्शि नेतृत्व, एउटा सक्षम दृढ र प्रतिवद्ध नेतृत्व, एउटा जनआकांक्षा र राष्ट्रिय आवश्यकतालाई बुझ्न र देख्न सक्ने नेतृत्व तथा बदलिंदो विश्व परिस्थितिलाई ध्यानमा राख्दै सिंगो राष्ट्रको राष्ट्रिय सामर्थ्यलाई माथि उठाएर लान सक्ने नेतृत्व युगले चाहेको थियो । त्यस्तो नेतृत्वको अभावले गर्दा देश र जनता एउटा अभूतपूर्व संभावनाको उचाईमा पुगेर पनि तिनीहरूलाई पक्रन सक्ने अवस्थामा रहेनन् । जब सन् १९९० को महत्वपूर्ण परिवर्तन भएको थियो, त्यसपछि देशको नेतृत्वले चार वटा आधारभूत र दूरगामी महत्वका कामहरू गर्नु पर्ने थियो । पहिलो, नयाँ प्रजातान्त्रिक संविधानको निर्माण गर्ने, दोश्रो विगतबाट विरासदका रूपमा प्राप्त राज्य संरचनामा बदलिएको परिस्थति अनुरूप पुनःसंरचना गर्ने । तेश्रो, समाजको सामाजिक आर्थिक संरचनामा आमूल सुधार र रूपान्तरण गर्ने र चौथो, देशको ठोस परिस्थितिमा उपलब्ध हुने सम्पूर्ण साधन श्रोतहरूको अधिकतम् रूपमा परिचालित गर्दै तत्कालिक र दिर्घकालिन राष्ट्रिय विकासका निम्ति नयाँ  दुरदृष्टि (भिजन) निर्माण गर्ने । शायद यि चारवटै कुरामा सफलतापूर्वक नेतृत्व दिएर मुलुकलाई  अघि बढाउन सकिएको भए अहिले सम्मका १४ वर्षमा नेपाली समाजको अनुहार बेग्लै हुने थियो, नेपाली जनताको जीवन स्तर बेग्लै हुने थियो र नेपाली जनता र राष्ट्रको सामर्थ्यका बारेमा विश्व जगतलाई पनि बेग्लै अनुभूति दिन सकिने थियो । तर हामीले बदलिएको परिस्थिति अनुरूपको नयाँ संविधान बनायौं, त्यो कतिपय कमि कमजोरीका बाबजूद नेपाली प्रजातन्त्रलाई निश्चित आकार तथा संस्थागत रूप दिने उदेश्यका खातिर एउटा महत्वपूर्ण कदम थियो । त्यसले राज्यलाई, यहाँ रहेको सामाजिक, आर्थिक ढाँचालाई र सिंगो समाजलाई सुधार र रूपान्तरण गर्नका निम्ति निक्कै फराकिलो ढंगले मार्गदर्शन गरेको थियो । अझ त्यसले राज्यका निर्देशक नीति र सिद्धान्तहरू पनि अघि सारेको थियो र परिवर्तनको बाटोमा आउन सक्ने बाधा अड्काउलाई समेत हटाउँदै संस्थागत रूपले अघि बढ्न सकिने संवैधानिक आधार समेत प्रदान गरेको थियो । तर त्यो आधारमा उभिएर गर्नै पर्ने अन्य तीनवटा आधारभूत महत्वका कामहरू गर्नका निम्ति युगले देश र जनताका सामु जस्तो प्रकारको नेतृत्वको माग गरेको थियो त्यसको आपुर्ति भने हुन सकेन । एउटा सक्षम, दृढ र समर्पित नेतृत्व विना ती कामहरू गर्न संभव थिएन । त्यस्तो नेतृत्व निर्माण हुनका लागि पनि गहन अध्ययनशीलताको खाँचो थियो, ठिक र बेठिकलाई छुट्याउन सक्ने विश्लेषण क्षमताको खाँचो थियो, जन आकांक्षा र राष्ट्रिय आवश्यकतालाई बुझ्न सक्ने खुबीको खाँचो थियो र मुलुकमा विद्यमान ज्ञान, शीप,कला र बुद्धिलाई तथा देशको बौद्धिक सम्पदालाई परिचालन गर्ने र त्यसलाई मार्गदर्शन गर्ने बौद्धिक धरातलको खाँचो थियो र त्यस  दिशामा सामूहिक प्रभावलाई अघि बढाउने नयाँ र प्रजातान्त्रिक अभ्यासको खाँचो थियो । हामीले आज दुखःका साथ भन्न बाध्य हुन परेको छ  कि यी दिब्य १४ वर्ष पछि पनि मुलुकले अझै त्यस प्रकारको नेतृत्व प्राप्त गर्न सकेको छैन । त्यस्तो नेतृत्व अन्तबाट होइन खुद प्रजातान्त्रिक आन्दोलनबाट नै बिकसित हुन सक्छ र हुनु पर्छ । जब सम्म नेपाली समाजमा त्यस्तो नयाँ नेतृत्व विकसित हुँदैन, तब सम्म मुलुकलाई आजको संकटबाट मुक्त गरेर अघि बढाउन संभव देखिँदैन ।

२

नेतृत्व भन्ने वित्तिकै मानिसहरू एउटा व्यक्तिलाई सम्झने गर्छन र व्यक्तिको योग्यता, क्षमता,विद्वता र चमत्कारिताका बारेमा सोच्न थाल्दछन । यो प्रजातान्त्रिक युग अनुरूपको चिन्तन

होइन । सामन्तवादी युगमा एउटा व्यक्तिलाई वीर मानेर त्यसका वरिपरि झुम्मिएर वा दबिएर अघि बढ्ने चलनको विकास भयो । त्यसको सबै भन्दा प्रष्ट अभिव्यक्ती राजतन्त्रको विकास हो । त्यसले समूहलाई र आमजनतालाई वास्ता गर्दैन, सामुहिक कार्य, टिम कार्य भन्ने कुराको महत्वलाई पनि देख्दैन । नेपाली समाज झण्डै दुई हजार वर्षदेखि यस प्रकारको चिन्तन, अवधारणा र अभ्यासबाट गुज्रिदै आएको छ । त्यसले समाजको राजनीतिक, सामाजिक र साँस्कृतिक सबै पक्ष नराम्ररी प्रभावित बन्दै आएको छ । त्यसको असर व्यक्तिमा र समुदायमा, मात्र होइन विभिन्न संघ संस्था र यहाँ सम्म की प्रजातन्त्रका निम्ति संघर्ष गर्दै आएका पार्टीहरूमा पनि उत्तिकै जबर्जस्त प्रभाव देखिन्छ । यद्यपी नेपालमा प्रजातान्त्रिक आन्दोलन शुरू भएको ६०।७० वर्ष पुग्न थाल्यो । तर अझै पनि सामन्ति चिन्तन र व्यवहारबाट नेपाली समाज र आमजनता ठूलो मात्रामा प्रभावित रहेका छन् । प्रजातान्त्रिक आन्दोलन, विभिन्न राजनीतिक पार्टीहरू र यहाँ सम्मकी कम्युनिष्ट आन्दोलन वा समाजवादी आन्दोलन पनि त्यस्ता कुराबाट प्रशस्त प्रभावित रहँदै आएको छ । हामीले सन् १९९० को राष्ट्रिय जनआन्दोलनबाट राजनीतिक वैचारिक क्षेत्रमा महत्वपूर्ण परिवर्तनको शुरूआत गऱ्यौं । नेपाली समाजलाई समग्र रूपमा प्रजातान्त्रिकरण गर्ने कार्यमा त्यो एउटा ठूलै शुरूआत मान्नु पर्छ । त्यसबेला भएको परिवर्तनले राजनीतिक क्षेत्रमा महत्वपूर्ण फड्को नै माऱ्यो । निर्दलिय व्यवस्थाका ठाउँमा बहुदलीय व्यवस्थाको स्थापना भयो । निरंकुश राजतन्त्रका ठाउँमा संवैधानिक राजतन्त्रको स्थापना भयो । एउटा व्यक्तिमा रहेको सार्वभौम सत्ता आमजनतामा हस्तान्तरण भयो । आमजनताले मौलिक र राजनीतिक हक अधिकारहरू प्राप्त गरे । स्वतन्त्र न्यायपालिकाको स्थापना भयो । जन निर्वाचित संसदको निर्माण भयो र स्थानीय देखि राष्ट्रिय तह सम्म जन निर्वाचित सरकार निर्माण गर्ने प्रकृयाको थालनी भयो । संक्षेपमा भन्दा नेपाली समाज र जनता एउटा बन्द र अन्धकार समाजलाई छोडेर एउटा खुल्ला र उज्यालो समाजमा आए । त्यो खुलापन र प्रजातान्त्रिक वातावरण नेपाली समाजलाई नयाँ स्तरबाट हेर्ने, बुझ्ने, विश्लेषण गर्ने र समाजलाई सामाजिक रूपले अर्थात् सबै पक्षमा प्रजातान्त्रिकरण गर्ने वृहद ऐतिहासिक कामका निम्ति एउटा पूर्वाधार वा पूर्बशर्त जस्तो मात्र थियो । हामीले आर्थिक क्षेत्रमा समाजलाई प्रजातान्त्रिकरण गर्न धेरै कदम चाल्न जरूरी थियो । धनी र गरिब विचको गहिरिंदो खाडललाई पुर्न उत्पादन सम्बन्धमा समेत व्यापक सुधार गर्नु पर्ने आवश्यकता थियो । रोजगारी,शिक्षा, स्वास्थ्य र न्युनतम् सेवाका निम्ति धेरै काम गर्नु पर्ने थियो र सामजिक आर्थिक विकासमा आम श्रमजीवि जनतालाई सहभागी नबनाई, त्यस प्रकृयाबाट प्राप्त हुने फलहरूमा उनीहरूको हिस्सेदारी नबढाई र नेपाली समाज तथा जनता भित्रै रहेको बिविधापूर्ण साधानश्रोतहरूको परिचालन नगरी समाजको विकास र प्रजातान्त्रिकरण संभवै थिएन । त्यसरी ने हामीले सामाजिक क्षेत्रमा शताब्दीयौं देखि रहेका भेदभाव र उत्पीडनहरूलाई समाप्त पार्न चाल्नु पर्ने धेरै कदमहरू थिए । समाजलाई सामाजिक, साँस्कृतिक, जाति, भाषा, धर्मका क्षेत्रमा पनि प्रजातान्त्रिकरण गर्नु पर्ने जरूरत थियो । सर्बोपरि रूपमा विगतबाट प्राप्त राज्य प्रणालीका सबै अंगहरू र त्यसका संरचनामा समेत प्रजातान्त्रिकरण गर्नु पर्ने आवश्यकता थियो । खुद लामो समयदेखि सर्वशक्तिमान रहेको र देशको राज्यसत्ताको केन्द्रविन्दु रही आएको राजतन्त्र, राजपरिवार र दरबारको व्यवस्थापन र संचालनमा पनि परिवर्तनको जरूरत थियो । सर्ब शक्तिमान राजतन्त्र र संवैधानिक राजतन्त्रका बीच आधारभूत रूपले नै भिन्नता थियो । त्यो भिन्नतालाई सैद्धान्तिक, नीतिगत, संवैधानिक, संस्थागत र व्यवहारिक रूपले सपुष्ट पार्न र परिवर्तित अवस्थाका उच्च मूल्य, महत्व र मान्यतालाई स्थापित गर्न पनि गर्न पर्ने धेरै काम थिए । यी कुनै पनि कामहरू यथोचित रूपले हुन सकेनन् । १२ वर्षमा मुलुकले जस्तो नेतृत्व पायो, त्यसबाट उपरोक्त कामहरू हुन सकेनन् । कुनै पनि कालखण्डमा, कुनैपनि देशमा, समाजमा वा संस्थामा नेतृत्वको भूमिका निर्णायक हुन्छ । चाहे बाटो देखाउने सवालमा होस्, चाहे परिचालन गर्ने कुरामा होस् चाहे आफ्ना कार्यहरूले श्रृजना गरिरहेका परिणामहरूलाई देख्ने कुरामा होस् नेतृत्वको भूमिका जहिले पनि अहं हुन्छ । त्यो

दूरदर्शितापूर्ण छ, योग्य तथा क्षमतावान छ र सामुहिक नेतृत्वको महत्वलाई राम्ररी बुझ्न पनि सक्छ भने राष्ट्र वा समाजले तीव्र रफ्तारमा प्रगति गर्दछ, द्वन्द्वहरू व्यवस्थित र रूपान्तरित हुँदै जान्छन् र त्यसले समाजमा मानसिक र भौतिक दुवै प्रकारका नयाँ मूल्यहरू र परिपाटीहरू श्रृजना गर्दै जान्छ। जनताको जीवनस्तर पनि उठ्दै जान्छ। एउटा संस्थाको जीबनमा पनि त्यहि कुरा लागु हुन्छ। नेतृत्व सहि, प्रजातान्त्रिक र गतिशील छ भने त्यस भित्रका विवादहरू सुल्झिँदै जान्छन, वैचारिक प्रगति अघि बढ्छ, संगठनात्मक प्रगतिमा व्यापकता आउन थाल्छ, विशाल जनशक्तिको धनी बन्दै जान्छ र संस्थाको समग्र भूमिका बढ्दै जान्छ। तर, जब यसका विपरित लक्षणहरू देखा पर्न थाल्छन्, स्वाभाविक रूपले त्यसले नेतृत्वको संकट देखाउन थाल्छ। त्यसको असक्षमता प्रकट हुन थाल्छ र एक पछि अर्को समस्याहरू सिंग र जुरो देखाएर सतहमा आउन थाल्छन्। आज हाम्रो देशमा चौतर्फि रूपमा त्यही भैरहेको छ।

३

विगत १४ वर्षलाई फर्केर सिंहशैलीमा मात्र अवलोकन गऱ्यौं भने पनि हामी आजका समस्याहरूको जड कारणमा पुग्न सक्छौं। अहिले नेपालमा राजनीतिक शक्तिका हिसाबले तीन किसिमका शक्तिहरू राजनीतिक नेतृत्वको क्षेत्रमा ऐतिहासिक रूपले नै प्रतिस्पर्धा गरिरहेका छन्। ती हुन - पहिलो, पूँजीवादी प्रजातान्त्रिक शक्ति, दोश्रो समाजवादी प्रजातान्त्रि शक्ति र तेश्रो हो सामन्ती निरंकुशतावादी शक्ति। तीनीहरू मध्ये पूँजीवादी प्रजातन्त्रवादी शक्तिलाई मूलतः नेपाली कांग्रेसले प्रतिनिधित्व गरिरहेको छ। सन् १९९० को परिवर्तनको प्रकृयामा त्यसले समाजवादी प्रजातान्त्रिक शक्तिसँग समेत सयुक्त भएर सामन्ति निरंकुशतावादी शक्तिका विरूद्ध संयुक्त संघर्ष गऱ्यो। त्यो संघर्षमा उसले महत्वपूर्ण सकारात्मक भूमिका खेल्यो। पूँजीवादी र समाजवादी दुवै खाले प्रजातान्त्रिक शक्तिहरू संयुक्त भएर अघि बढेको हुनाले सामन्ति निरंकुशतावादीहरू एउटा सहमतिमा आउन बाध्य भए र देशमा सन् १९९० को महत्वपूर्ण परिवर्तन भयो। तर त्यो परिवर्तन पछि भएको पहिलो आम निर्वाचनबाट जब त्यसले संसदमा बहुमत प्राप्त गरेर मुलुकलाई नेतृत्व गर्ने जिम्मा पायो, तब भने त्यसले आफ्ना दायित्वहरू मूल रूपले विर्सन पुग्यो। त्यसले उपरोक्त परिवर्तन पछि नेपाली समाजलाई सुधार र रूपान्तरण गर्नका निम्ति थाल्नु पर्ने जुन ऐतिहासिक कार्यभारहरू थिए, तिनीहरूको वास्ता सम्म पनि गरेन। राज्य संरचनामा कुनै सुधार भएन, सामाजिक आर्थिक संरचनामा परिवर्तन भएन र देशमा विद्यमान जाति, भाषा, संस्कृति र धर्मका जनताका हक अधिकारको कुनै सुनुवाई मात्र पनि भएन। बरू उल्टो पंचायतकालदेखि हुर्कंदै, मौलाउँदै आएको भ्रष्टाचारको रोगले कांग्रेसीहरूलाई समेत ग्रस्त पार्दै लग्यो। संस्थागत रूपले भ्रष्टाचार मौलाउँदै गयो। गरिबी झन् ब्यापक रूपले गहिरियो। रोजगारी बढ्न सकेन। कृषि र उद्योगमा कुनै गुणात्मक प्रगति हुन सकेन। नेपाली कंग्रेस पूँजीवादी प्रजातन्त्रका न्यूनतम सिद्धान्त र व्यवहारबाट पनि पछि हट्यो। त्यसले दस्तावेजमा भन्ने गरेको प्रजातान्त्रिक समाजवाद त कहिलेकाँही आडम्बरका निम्ति पुज्ने गरिएको “खोपाको देउता” जस्तै बन्न पुग्यो। नेपाली जनताले त्यस पार्टीलाई एक पटक मात्र होइन दोहोऱ्याई दोहोर्याई मौका दिए। तर त्यसले इतिहासको जुन कालखण्डमा राष्ट्रको नेतृत्व गर्ने मौका पायो। त्यस कालखण्डमा जनता र राष्ट्रले गरेको अपेक्षा त्यसले पूर्ति गर्न सकेन। ऐन मौकामा भूमिका खेल्न नसक्ने पार्टीले समाजलाई अघि बढाउन सकदैन। किनभने नेपाली कांग्रेस आफै भित्र पनि प्रजातान्त्रलाई अभ्यास गर्न सकिरहेको थिएन। त्यसमा एउटा व्यक्ति हरेक प्रकारले हाबी हुने प्रणालीलाई जारी राखिएको थियो। त्यस्तो नेतृत्वले पार्टी भित्रै रहेका अशल र श्रृजनशील शक्तिको भावना र चाहनालाई समेट्न सकेन, स्वयं त्यस

पार्टीका आम कार्यकर्ताको चाहनालाई त्यसले प्रतिविम्बित गर्न सकेन र त्यसले आफ्ना मतदाताहरू समक्ष गरेका बाचा कबोलहरू त केही प्रतिशत मात्र पनि पुरा गर्न सकेन । यसरी त्यो पार्टी भित्र आफै प्रजातान्त्रिक परिपाटी स्थापित हुन सकेन र त्यसले राष्ट्रलाई अगुवाइ गर्ने प्रजातान्त्रिक पद्धतिलाइ अनुसरण गर्न सकेन । त्यसले आम जनताका चाहनालाई बुझ्ने प्रयत्न गरेन, देशको आवश्यकतालाई बुझ्न सकेन, खुद राज्य संरचनामा रहेका अशल राष्ट्र सेवकहरूका सुझाव र सल्लाहलाई आत्मसात गर्न सकेन र दाताहरूले दिएका सुझावहरूलाई पनि सुन्ने काम गरेन । निर्वाचनबाट आएको सरकार भएपनि त्यसको नेतृत्व प्रणाली प्रजातान्त्रिक देखिन सकेन । त्यसले न प्रतिपक्षसँग प्रजातान्त्रिक सम्बन्ध कायम गर्न सक्यो, न दरबारसँगको सम्बन्धलाई मर्यादित ढंगले संचालन र बिकास गर्न नै सक्यो । यहाँ सम्म कि विदेश सम्बन्धका क्षेत्रमा पनि त्यसले सन्तुलन राख्न र राष्ट्रिय हितको रक्षा तथा प्रवर्धन गर्न सकेन। त्यसले राष्ट्र र जनतालाई, प्रजातन्त्र र संविधानलाई तथा राष्ट्रको चातुर्दिक विकासलाई केन्द्रविन्दुमा राखेर काम गर्न सकेन। त्यसैले नेपाली कांग्रेस असफल हुँदै गयो। त्यसले आफु जति असफल हुँदै गयो उत्ति नै गह्रौं भारी नेपाली जनता, राष्ट्र र प्रजातान्त्रिक तथा देशभक्त शक्तिहरूका काँधमा थोपर्दै पनि गयो । हुँदा हुँदै त्यो यति विघ्न आत्मकेन्द्रित र सत्ता लोलुप बन्दै गयो कि त्यो गिरिजा र देउवा गुटमा विभाजित हुन पुग्यो । देउवा गुटले त झन् आफै सत्ताबाट बाहिर जानु पर्ला भन्ने डरका बीचमा अत्यन्त प्रतिकूल स्थितिमा प्रतिनीधि सभाको विघटन समेत गर्न पुग्यो । परिणाम स्वरूप मुलुकमा त्यसले गंभीर संवैधानिक संकटको बाटो समेत तयार पारिदियो । नेपाली कांग्रेसका अर्थात् पूँजीवादी प्रजातान्त्रिक पार्टीहरूका यस्ता विचार र कामहरूले देशमा वर्गीय अन्तर्विरोध देखि अन्य अनेकौं सामाजिक अन्तर्विरोधहरूलाई चर्काइ दियो । संसद भित्र र बाहिर जहाँतहिं अन्तर्विरोध र द्वन्द्व प्रकट भए । ती कुराहरूले देशमा एकातिर उग्रवामपन्थी शक्तिहरूलाई पन्पिन र अर्कोतिर सामन्ती निरंकुशतावादी शक्तिहरूलाई षडयन्त्र गर्नका लागि वस्तुगत आधार प्रदान गरिदियो । यी दुई प्रवृत्तिलाई रोक्न र नियन्त्रण गर्न सक्ने बौद्धिक, सैद्धान्तिक चेतना र त्यस अनुरूपका कार्य गर्ने शक्ति त नेपाली कांग्रेसमा शुरू देखि नै देखिएको थिएन । तर देश र जनताका निम्ति सुधार र परिवर्तनका न्यूनतम कामहरू पनि नगरेर त्यसले उपरोक्त दुई प्रवृत्तिहरूलाई पन्पिने र चलखेल गर्ने मौका प्रदान गर्‍यो । यो पूँजीवादी प्रजातन्त्रवादी शक्तिले नेपाली जनता र राष्ट्रलाई नेतृत्व गर्न नसकेको र नसक्ने कुराको अत्यन्त कटु दृश्टान्त हो । आज देशले भोग्नु परिरहेको संकटको एउटा निर्णायक कारण पनि यही हो ।

४

वास्तवमा देशमा करिब अढाइसय वर्ष देखि जुन परम्परागत नेतृत्व चल्दै आएको थियो, त्यसले बदलिंदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा देश र जनतालाई अगुवाई गर्न नसकेको हुनाले नै सन् १९९० को राष्ट्रव्यापी जनआन्दोलन भएको थियो । त्यस आन्दोलनको सफलताको परिणाम स्वरूप देशमा दुई प्रतिस्पर्धी नेतृत्वदायी शक्तिहरू प्रकट भए । त्यस मध्ये पूँजीवादी प्रजातन्त्रको संवाहक शक्ति नेपाली कंग्रेस थियो जो उपरोक्त ढंगले नराम्ररी असफल भयो । तर त्यही आन्दोलनले मुलुकको राजनीतिक परिस्थितिमा नेपाली कांग्रेसँग जन्म कालदेखि नै प्रतिस्पर्धी रहेको समाजवादी प्रजातान्त्रिक शक्तिका रूपमा कम्युनिष्ट पार्टीलाई अझ सशक्त रूपले सामु ल्याएको थियो । त्यस शक्तिको मुख्य प्रतिनीधिका रूपमा नेकपा(एमाले) रहेको थियो। नेकपा (एमाले) सहित अन्य सबै कम्युनिष्ट समुहहरू मूलत समाजवादी प्रजातान्त्रिक शक्तिका प्रतिनीधिहरू नै थिए । यो शक्ति सन् १९९० को जनआन्दोलन र परिवर्तनका निम्ति संघर्ष भूमीमा रहेको निर्णायक शक्ति थियो । त्यो शक्ति नभएको भए त्यसबेलाको परिवर्तनको परिकल्पना पनि गर्न सकिंदैन थियो । यो शक्ति त्यसबेला देखि मात्र होइन सन् १९४९ देखि

नै देशमा प्रजातन्त्र, राष्ट्रियता, जनजीविका, सामाजिक न्याय, शान्ति र प्रगतिका निम्ति अनवरत संघर्ष गर्दै आइरहेको थियो र छ। सन् १९९० को परिवर्तनले ल्याएका नयाँ मूल्य र मान्यताहरूलाई रक्षा गर्ने र प्रवर्धन गर्ने काममा यो शक्ति शुरू देखि नै सकृय रूपले जुट्यो।। अन्तरिम सरकारमा सहभागिता दिन होस्, नयाँ संविधान निर्माण गर्नमा होस् वा नयाँ बुहदलिय व्यवस्थालाई व्यवस्थित गर्नमा होस्,समाजवादी प्रजातान्त्रिक शक्ति दृढतापूर्वक लाग्दै आयो। यस भित्र पनि अनेक धारा उपधाराहरू थिए। तर मुख्य प्रवाहका रूपमा नेकपा (एमाले) थियो। त्यसका काँधमा देशको कम्युनिष्ट आन्दोलन स्वयंलाई अध्यावधिक गर्ने, मुलुकको प्रजातान्त्रिकरणको प्रकृयासँग त्यसलाई घनिष्ठ रूपले जोड्ने, कम्युनिष्टहरू माझको सिद्धान्तनिष्ठ एकताको प्रकृयालाई अझ विस्तार गर्ने, आन्दोलन भित्र देखा परिरहेका गलत प्रवृत्तिहरूको शुरूबाटै गहन रूपले खण्डन आलोचना गर्ने, समाजवादी प्रजातान्त्रिक शक्तिहरूलाई एकत्र पार्ने, पूँजीवादी प्रजातान्त्रिक शक्तिमा देखा परिरहेका गल्ती र कमजोरीहरूको भण्डाफोर गर्ने, बुहदलीय व्यवस्थालाई सुदृढ गर्ने प्रश्नमा संभव हुने बुँदाहरूमा मिलेर काम गर्ने, बहुदलिय व्यवस्थाका विरूद्ध सामन्ति निरंकुशतावादी शक्तिहरूबाट हुन सक्ने संभावित षडयन्त्र र कामहरूको संयुक्त रूपले प्रतिकार गर्ने र समाजलाई आमूल परिवर्तनको दिशामा अघि बढाउन इन्जीनको रूपमा काम गर्ने अत्यन्त गहन दायित्व थियो।

पार्टीले उपरोक्त दायित्वलाई पाँचौं महाधिवेशन अघि र पछिको सेरोफेरो सम्म ससाना कमजोरीहरूका बाबजुद विल्कूल प्रभावकारी ढंगले र सफलता पूर्वक निर्वाह गर्दै आएको थियो। आफ्ना दायित्वहरू निर्वाह गर्ने क्रममा पार्टीको वैचारिक, राजनीतिक र सैद्धान्तिक परिस्कारका साथै पार्टी विस्तारको कार्य पनि तीव्र रूपले भै रहेको थियो। क. मदन भण्डारीको अगुवाईमा पार्टीले पाँचौं महाधिवेशनबाट आफ्नो समाजवादी प्रजातन्त्र तर्फको दिर्घयात्रालाई सहज बनाउने प्रकृयामा पार्टीका कार्यक्रम, कार्यनीति र कार्यदिशालाई पनि परिष्कार गरेको थियो। जनताको बहुदलीय जनवादको विकास त्यही प्रकृयाको ज्वलन्त उपज हो। वहाँको अगुवाई रहेको नेकपा(एमाले)को नेतृत्वमा समाजवादी प्रजातन्त्रका शक्तिहरू प्रभावकारी ढंगले अघि बढिरहेका थिए। पूँजीवादी प्रजातन्त्रका शक्तिहरूको असफलता र स्वार्थि कृयाकलापले जनता र राष्ट्रको ध्यान समाजवादी प्रजातन्त्रका शक्तिहरूतिर तीव्र रूपले केन्द्रित हुँदै गैरहेको थियो। त्यही अवस्थामा तत्कालिन महासचिव क. मदन भण्डारी र संगठन विभागका प्रमुख क. जीवराज आश्रितको दास ढुंगामा अत्यन्त रहस्यमय ढंगले हत्या भयो। त्यसले पार्टी र आन्दोलनलाई ठूलो क्षति पुऱ्यायो। तथापी ने.क.पा. (एमाले)ले त्यस क्षतिलाई शुरूमा राम्ररी नै व्यवस्थापन गर्दै अघि बढ्यो। त्यसबेला पार्टीसँग कुनै नीतिगत र सिद्धान्तगत समस्या थिएनन्। महाअधिबेशनका निर्णयहरूका आधारमा सिंगो पार्टी एकतावद्ध भएर शोकलाई शक्तिमा परिणत गर्दै अघि बढ्यो। त्यसको केही समयपछि नै सम्पन्न दोश्रो आम निर्वाचनमा पार्टीले राम्रो सफलता पनि प्राप्त गऱ्यो र संसदमा देशको सबै भन्दा ठूलो पार्टीका रूपमा प्रकट भयो। प्रतिनीधि सभामा प्रकट भएको सबै भन्दा ठूलो दल कै हैसियतमा संविधान बमोजिम पार्टीले अल्पमतको एकल सरकार बनायो। यो नेपालको समाजवादी प्रजातान्त्रिक आन्दोलन (कम्युनिष्ट आन्दोलन)को इतिहासमा एउटा महत्वपूर्ण ऐतिहासिक उपलब्धी थियो र त्यो देश र जनताको सेवा गर्ने पार्टीका निम्ति अभूतपूर्व अवसर पनि थियो।

त्यो उपलब्धी नेपालको समाजवादी प्रजातान्त्रिक आन्दोलनका निम्ति तत्कालिक रूपमा मात्र होइन दिर्घकालिन हिसाबले पनि गहन थियो। त्यस घटनाक्रमको राम्रो सार संकलनको जरूरी थियो र त्यसको सठिक तर गहन व्याख्याको जरूरी थियो। त्यो सरकाको चरित्र, त्यसका कार्यभारहरू, त्यसअघि देशमा बनेको कांग्रेस पार्टीको सरकारसँग त्यसको भिन्नता, त्यसका ऐतिहासिक र संवैधानिक सीमानाहरू,

त्यसबेला देशमा विद्यमान राजनीतिक शक्तिहरूको सन्तुलनको अवस्था, त्यसलाई संचालन र सम्पादन गर्ने कार्यनीति, त्यस सरकार मार्फत देश र जनतालाई अधिकतम सेवा पुऱ्याउनका निम्ति अन्य संसदीय शक्तिहरूबाट लिन सकिने सहयोग, त्यस्ता सहयोग र सहकार्यहरूको सीमा र समग्रमा त्यस सरकारलाई हेर्ने क्रान्तिकारी मार्क्सबादी दृष्टिकोणका बारेमा विशद व्याख्या र सैद्धान्तिक कामको जरूरत थियो । ती कामहरूलाई हामीले राम्ररी गर्न सकेनौं । त्यति मात्र होइन अल्पमतको सरकार भएको अवस्थामा त्यस्तो सरकार संचलनको विधि, पार्टी र सरकार बीचको सम्बन्ध तथा सरकार र अन्य संसदीय दलहरू बीचको सम्बन्ध जस्ता महत्वपूर्ण पक्षहरूका बारेमा नेतृत्व ब्यबस्थापन मै कतिपय समस्या रहेको हुनाले सामुहिक रूपले गहन छलफल हुने र सामुहिक निष्कर्षका आधारमा अघि बढने काम पनि यथोचित रूपमा हुन सकेनन् ।

फलस्वरूप हामीले विगत १४ वर्षको कालखण्डमा ९ महिनाका निम्ति एउटा तुलनात्मक रूपले लोकप्रिय सरकारको संचालन त गऱ्यौं । त्यसका मातहत आफ्नो गाउँ आफै बनाउ, नौसका कार्यक्रम, बृद्ध भत्ता जस्ता केही लोकप्रिय सुधारका काम पनि गऱ्यौ । देशको राष्ट्रिय स्वतन्त्रतालाई सुदृढ गर्ने परिप्रेक्ष्यमा भारतसँग भएको सन् १९५० को सन्धिलाई पुनराबलोकन गरी नयाँ सन्धि गर्ने कुरा पनि उठायौं । तर त्यही बेला देखि पार्टी भित्र कार्यशैली, कार्यपद्धति र कार्यनीतिका कतिपय क्षेत्रमा गल्ती र कमजोरी प्रकट हुन थाले । सैद्धान्तिक र वैचारिक क्षेत्रमा कतिपय भ्रमहरू जम्मा हुन थाले । तिनीहरूको यथोचित बिश्लेषण र समाधान हुन सकेन । हामीहरू आफ्ना अनुभवहरूको समिक्षा गर्दै अघि बढ्न सकेनौं । पार्टी भित्र विचारधारात्मक स्पष्टता र भावनात्मक एकताका क्षेत्रमा समस्याहरू देखिन थाले । ती कुराहरूलाई समाधान गर्न बैचारिक रूपले जुन प्राथमिकता दिनु पर्दथ्यो त्यो हुन सकेन । एमालेको सरकार ढल्यो, फेरि केहि समय भित्रैमा पार्टीको समेत समर्थनमा भारतसँग महाकाली सन्धि भयो , पछि गएर त्यसैमा हामी भित्रैबाट विवाद खडा भयो र छैठौं महाधिवशेन पूर्व घडिमा पुग्दा नेकपा (एमाले) माथि देखि तल सम्म दुई ठूला समूहका रूपमा मानसिक रूपले विभाजित हुन पुग्यो । जुन प्रकारका पश्नहरू माथि आधारित भएर त्यो विभाजन देखा परेको थियो, वास्तवमा त्यो सैद्धान्तिक विभाजन थिएन । त्यो पार्टी भित्र विभिन्न पक्षमा रहेका असन्तुष्टि र आपसी विरोधहरूले समेत जन्माएको अन्तरद्वन्द थियो । त्यो अन्तरद्वन्द व्यवस्थापन र रूपान्तरण गर्नै नसकिने विल्कूलै थिएन । तर त्यस्ता अन्तरर्विरोधहरूलाई समाधान गर्न पार्टी भित्र जुन दृष्टिकोण, अडान, तरीका र पद्धति अपनाउनु पर्ने हुन्छ र अपनाउन सकिन्थ्यो, ती कुरा यथोचित रूपमा नगरिनुको कारणले छैठौं महाधिवेशनमा ठूलो मतामतको स्थिति प्रकट भयो र अझै अघि बढेर २०५६ फागुन २१ गते देशको सबै भन्दा ठूलो पार्टी नेकपा (एमाले) विभाजित हुन पुग्यो । त्यो बिभाजनलाई त्यतिबेला खाली आपसि भिडन्तमा भएको एक वा अर्काको हार वा जीतका रूपमा मात्र हेरियो । तर त्यो बिभाजन नेपाली कम्युनिष्ट आन्दोलन वा समाजवादी प्रजातान्त्रिक आन्दोलनका निम्ति सबैभन्दा दुखद् घटना थियो। त्यसले कम्युनिष्ट आन्दोलनका सामु मात्र होइन, ०४६ सालका उपलब्धीका सामु र बहुदलीय प्रजातन्त्रकै सामु समेत खतराको घण्टी बजाएको थियो । तर त्यसलाई त्यस दृष्टिकोण र धरातलबाट त्यतिबेला हेर्ने, बुझ्ने र सतर्कता अपनाउने काम हुन सकेन ।

५

वास्तवमा त्यतिबेला नेपाली जनता नेपाली कंग्रेसको भ्रष्ट शासनबाट अत्यन्त आक्रोसित बनिरहेका थिए । त्यस माथि पनि एमालेको नौ महिने सरकार ढालेर कांग्रेसले राप्रपा र सद्भावनासँग मिलेर बनाएको संयुक्त सरकारले प्रजातन्त्रको नाउँमा जुन ताण्डब नृत्य नाच्दै जस्ता विकृति र विसंगतिहरूलाई शुरदेखि नै भित्र्याएर स्वयं संसदको प्रतिष्ठालाई जुन ढंगले गिराउने काम गरे त्यसले गर्दा नेपाली जनता अत्यन्त  ब्यग्रताकासाथ विकल्पको खोजी गरिरहेका थिए। त्यसैले एमाले

सरकारबाट गिरेपछि पनि नेपाली जनताको आकर्षण विराट रूपमा एमालेतिर नै केन्द्रित बनिरहेको थियो । त्यसकुरालाई जनकपुरमा भएको राष्ट्रिय परिषदको दोस्रो बैठकताका उर्लेको जनसमुन्द्रले देखाएको थियो । त्यसैले जनता बिकल्पका निम्ति तेश्रो महानिर्वाचनको घडि कहिले आउँछ भनेर प्रतिक्षा गरिरहेका थिए । उनीहरू कांग्रेसी शासनलाई तोडेर समाजवादी प्रजातान्त्रिक शक्ति नेकपा (एमाले)को सरकार बनाउन चाहन्थे । राष्ट्रव्यापी रूपमा त्यस प्रकारको वातावरण बन्दै गएको थियो । यथार्थमा यदि छैठौं महाधिवेशन पछि पार्टी एकतावद्ध रहन सकेको भए, आफुभित्रका अन्तरद्वन्दहरूलाई मार्क्सवादी सिद्धान्तको प्रकाशमा वैज्ञानिक ढंगले समाधान गर्न सकेको भए र निर्वाचनमा पार्टी एकतावद्ध भएर सहभागी भएको भए नेकपा (एमाले)लाई प्रचण्ड बहुमत ल्याएर विजय प्राप्त गर्न दुनियाँको कुनै शक्तिले रोक्न सक्ने थिएन । देशमा नेकपा (एमाले)को बहुमतको सरकार अनिवार्य रूपले बन्ने थियो । त्यस्तो भएको भए देशमा प्रथमतः नेपाली कांग्रेसको कुशासनबाट नेपाली जनताले मुक्ति पाउने थिए, उनीहरूमा नयाँ उत्साह आउने थियो र कांग्रेसले खडा गरेका विकृतिहरूलाई बढार्दै विभिन्न क्षेत्रमा सुधार र रूपान्तरणको कार्य अघि बढ्ने थियो । जनताले राहत महशुस गर्ने थिए र राष्ट्रिय विकास र परिवर्तनले एउटा प्रष्ट बाटो लिएर अघि बढ्न सक्ने थियो । दोश्रो, यसरी देशलाई नयाँ नेतृत्व दिनुका साथै मुलुकमा राजनीतिक स्थिरता स्थापना हुने थियो । त्यसले देशलाई दिगो र चौतर्फि विकासको बाटोमा अग्रसर पार्न सक्ने थियो । परिणाम स्वरूप मुलुकले अन्तर्राष्ट्रिय सहयोगमा पनि वृद्धि गर्न सक्ने थियो । तेश्रो, त्यसरी राष्ट्रिय विकासको प्रकृया अघि बढ्न थाले पछि र आम जनताका समस्याहरू सम्बोधन हुन थालेपछि माओवादीहरूको उग्र वामपन्थी भड्काउले जनतालाई प्रभावित पार्न सक्ने थिएन । माओवादीहरूको अहिले जुन अवस्था देखिएको छ, र उनीहरूले मुलुकलाई जुन संकटमा पुऱ्याएका छन्, त्यो संभव नै हुने थिएन । त्यसलाई बेग्लै राजनीतिक पहलबाट हल गर्न सकिने थियो । चौंथो, त्यस प्रकारको सरकार देशमा बनेको भए सामन्ति निरंकुशतावादी शक्तिहरूले पनि आगोमा घिउ थप्ने र प्रजातन्त्रका विरूद्ध षडयन्त्र गर्ने मौका पाउने थिएनन् । त्यस्तो सरकारले सबैलाई सचेत पारेर एउटा सन्तुलन मिलाएर अघि बढाउन सक्ने थियो । पाँचौं, त्यस्तो सरकार बनेको भए स्वयं नेपाली कंग्रेसले पनि पुनर्विचार गर्ने मौका पाउंथ्यो । प्रमुख प्रतिपक्षमा रहेर धेरै कुरा सिक्ने र आफ्ना गलत धारणाहरू सच्याउने मौका पाउंथ्यो । त्यसले आफुलाई सवल प्रतिपक्ष बनाउन मेहनत गर्ने थियो । त्यसको असर एमालेमा पनि पर्ने थियो र त्यसले आफ्नो गुणस्तर झन उन्नत पार्न बाध्य हुनु पर्ने थियो । त्यसबाट संसदको गुणस्तर पनि उन्नत हुने थियो र नेपाली प्रजातन्त्र अपेक्षाकृत स्थिरताकासाथ अघि बढन सक्ने थियो । वास्तवमा मुलुक यसरी आफ्नो स्वाभाविक गतिमा अघि बढ्न सक्ने थियो ।

त्यस्तो सम्भावनालाई त्यतिबेला हामीले देख्न र पक्रन सकेनौं, हाम्रो पार्टीले नै सकेन र नेकपा (एमाले)ले सकेन । पार्टी नेतृत्वमा रहेका कमरेडहरू बीच अनावश्यक प्रतिस्पर्धा देखा पऱ्यो । एकले अर्कोलाई पछारेर बलियो बन्ने धुन सवार भयो । एउटाले अर्को पक्षलाई संसदीय निर्वाचनमा बहुमत ल्याउन दिएन र अर्कोले फुटेर जाने पक्षलाई एउटा पनि सिट विजय गर्न दिएन । त्यसलाई दुबै पक्षले आआफ्नो बिजय भएको ठान्ने स्थिति बन्यो । यथार्थमा ती आपसी पूर्वाग्रह, विरोध, दंभ र घमण्डका लक्षण मात्र थिए । ती कसैका पनि महान् विजय थिएनन् । तिनीहरू प्रकारान्तरले हामी सबैको र बास्तवमा भन्ने हो भने पार्टीको पराजयका द्योतक थिए । यसरी त्यो विभाजनले पार्टीलाई एउटा महान अवसरबाट बंचित पारि दियो । उता एमाले र माले विभाजन पछिको निर्वाचनबाट तालुमा आलु फलाउन पुगेको कांग्रेसको शासन विगतमा भन्दा कुनै पनि मानेमा फरक भएन । मुलुकमा अस्थिरता झन् बढ्यो । कांग्रसले जनताका कुरा झन् सुनेन । त्यो आपसि सत्ता स्वार्थका निम्ति झन् निर्लिप्त भएर लाग्न थाल्यो । तीन बर्ष नपुग्दै कांग्रसले तीनवटा प्रधानमंत्रि फेऱ्यो । त्यसले जनताको झन् ठूलो हिस्सालाई निराश र क्रुद्ध बनाईदियो । परिणाम स्वरूप जनताको एउटा महत्वपूर्ण हिस्सा भड्कियो । त्यसबाट माओवादीहरूले पनि ठूलो फाइदा उठाए । हुंदा हुँदै माओवादी समस्या विकराल अवस्थामा

पुग्यो र मुलुक राजनीतिक संकटको अत्यन्त गहिरो खाडलमा धसिन पुग्यो। यसरी समाजवादी प्रजान्त्रिक शक्तिहरूबाट पनि ऐन मौकामा देशलाई विकल्प दिने काम हुन सकेन। उपरोक्त कुरा त्यसकालखण्डमा हाम्रो पार्टीबाट भएको दुरगामी दुष्परिणाम दिने खालको ठूलो गल्ती हो । हाम्रो जस्तो क्रान्तिकारी पार्टीबाट आखिर त्यस्ता गल्ति किन हुन पुगे । हामी ती घटनाक्रमको मुल्यांकन कसरी गर्छौ र त्यसबाट कस्तो पाठ सिक्छौ आज नेपाली जनता बडो गंभीर भएर हाम्रो पार्टी तिर हेरिरहेका छन् । हामीले समयोचित जवाफ दिन सक्नु पर्दछ ।

६

यसरी देशको प्रजातान्त्रिक आन्दोलनका दुई प्रमुख शक्तिहरूले मुलुकलाई अपेक्षित नेतृत्व दिन सकेनन् । त्यसले उग्र वामपन्थी माओवादी शक्तिलाई आफ्ना कृयाकलाप विस्तार गर्ने राम्रो मौका मिल्यो । उनीहरूले साँच्चै नै यो अस्थिरता र उथलपुथलको अवधिमा आफ्नो राजनीतिक र सैनिक शक्तिलाई वृद्धि गरे । नेपाल प्रहरी माथि विभिन्न स्थानमा संयुक्त प्रहार गरे । ग्रामिण क्षेत्रमा दर्जनौं चौकिहरू ध्वस्त पारे । उनीहरूले विकासका पूर्वाधारहरू ध्वस्त पारे । स्वास्थ्य चौकी, स्कूलहरू, गाविस भवनहरू र दूरसंचारका टावरहरू एकपछि अर्को ध्वस्त पारे । विकासका पूर्वाधारहरू ध्वस्त पारे र विकास निर्माणका कार्यहरू ठप्प पारिदिए । उनीहरूले शुरूमा अन्य कुराका अलावा दरबारको पनि समर्थन प्राप्त गरेका थिए । बहुदलीय व्यवस्थालाई मन नपराउनेहरू जति सबैले माओवादीलाई सघाएका थिए । दरबार हत्याकाण्ड हुनु भन्दा अघिसम्म स्वयं राजा र माओवादी बीचमा माओवादीहरूकै शब्दमा भन्दा “कार्यगत एकता” थियो । संभवतः दरबार हत्याकाण्ड पछि उनीहरूको सम्बन्ध सम्पर्क बदलियो । त्यसपछि उनीहरूको सम्पर्क सम्बन्ध भारततिर बढ्दै गयो । यसरी माओवादीहरू एउटा शक्तिका रूपमा देखा परे । सरकारले चाहेर पनि उनीहरूलाई दबाउन सकेन । दबाउने नाउमा जुन प्रकारका तरिकाहरू अपनाए त्यसले स्थितिलाई झन् चर्को मात्र बनाउदै लग्यो । बास्तवमा कांग्रेस सरकारसँग बिद्रोहलाई हेर्ने र ब्यबस्थापन गर्ने योग्यता र क्षमता नै नभएको देखियो । त्यस्तो नभएकै कारणले बरू उनीहरू माओवादी कार्ड खेलेर एउटाले अर्कोलाई सत्ताबाट पल्टाउने दाउपेच गर्न थाले । त्यसले माओवादीहरूलाई झन् हित पुर्‍यायो । अझै अघि बढेर वार्ता प्रकृयालाई पनि दाउपेचका रूपमा प्रयोग गर्न थालियो । देउबा सरकारले पहिलो चोटी गरेको बार्ता त्यहि दाउपेचको उपज मात्र थियो । राज्य र सरकारका तर्फबाट भएका त्यस्ता एकपछि अर्का लापरवाहीको घोडामा चढेर माओवादीहरू आफुलाई देशको नयाँ क्रान्तिकारी नेतृत्वदायी शक्तिका रूपमा अघि सार्न थाले । आफुसँग समानान्तर सरकार र सेना भएको दावी गर्न थाले । उनीहरूले एमाले लगायत विभिन्न पार्टीका सयौं कार्यकर्ताहरूलाई “सुराकी” गरेको बहानामा नृशस हत्या गरे । व्यक्ति हत्या, लूटपाट, अपहरण, कुटपीट र जोर जबर्जस्तीको श्रोत माओवादी समेत बन्न पुगे । उनीहरूले नेपालमा जस्तो क्रान्तिको सपना देखिरहेका छन्, त्यसमा उनीहरू सफल हुने त कुनै परिकल्पना नै गर्ने ठाउँ छैन । तर उनीहरूले लामो समय सम्म समस्या खडा गर्ने आधार चाहिं तयार पारेका छन् । उनीहरूले निरन्तरको हत्या र हिंसाको बाटोमा लाग्नुको साटो इमान्दारीकासाथ वार्तामा आउने हो, शान्तिपूर्ण ढंगले अघि बढ्न चाहने हो र एउटा सम्मानपूर्ण राजनीतिक निकासको खोजी गर्ने हो भने उनीहरूले देशको सकारात्मक प्रगति र रूपान्तरणका निम्ति योगदान गर्न सक्ने सम्भावना अहिले पनि देखिन्छ । तर उनीहरू जुन बाटोमा हिंडिरहेका छन्, त्यही बाटोमा लागिरहने हो भने निम्नपूँजीवादी चिन्तनको धरातलबाट उठेको माओबादी शक्ति एउटा सामाजिक फाशिष्टवादी शक्तिका रूपमा त्वरित हुनेछ र अन्त्यतः देशलाई र सामाजिक क्रान्तिलाई ठूलै नोक्सानी गरेर आफुले आफ्नै विध्वंस गरेर समाप्त हुनेछ । त्यसैले माओवादी शक्ति भनेको समाजवादी प्रजातान्त्रिक आन्दोलनभित्र प्रकट भएको निम्न पूँजीवादी उग्र वामपन्थी प्रवृत्तिको बाहक मात्र हो । त्यसले आफू भित्र रहेको निम्न पूँजीवादी उग्रवामपन्थी प्रबृत्तिलाई सच्याउन सकेको

खण्डमा आफुलाई समाजवादी प्रजातान्त्रिक आन्दोलन अर्थात् कम्युनिष्ट आन्दोलनको मूल प्रवाहमा समाहित पनि गर्न सक्छ । तर नसकेमा सामाजिक फासिष्टवादको विकृत रूप लिंदै आफुलाई अधपतन गराउन पनि सक्छ । यो नेपाली कम्युनिष्ट तथा प्रजातान्त्रिक आन्दोलनको इतिहासमा प्रकट भएको एउटा अस्थायी परिघटना नै हो । त्यस्ता परिघटनाहरू कहिले कांही अलिक लामो अवधि रहन सक्छन् तर उनीहरूले विजय प्राप्ती गर्न भने सम्भव हुँदैन । त्यसले आफ्ना असफलताका लक्षणहरू आफै प्रकट गर्दै गैरहेको पनि छ । वास्तविक क्रान्तिकारी मार्क्सवादीहरूका तर्फबाट शुरू देखि नै सशक्त रूपले सैद्धान्तिक, वैचारिक खण्डन, आलोचना हुन सकेको भए र बैचारिक रूपान्तरणको कामलाई प्राथमिकताकासाथ अघि बढाउन सकेको भए मात्र पनि उग्रवामपन्थी भड्काउले यति ठूलो प्रभाव पार्न सक्ने थिएन । यसरी देशलाई नयाँ र क्रान्तिकारी नेतृत्व दिन तम्सिएको माओवादी शक्ति आफै असफलता तिर उन्मुख देखिन्छ । र त्यसले आफ्ना कृयाकलापद्वारा आफुलाई "विध्वंसको शक्ति" का रूपमा प्रमाणित गर्दै लगेको छ ।

७

यसरी विगत १४ वर्षमा दुई दुई पटक बहुमत ल्याएर पनि प्रजातान्त्रिक ढंगले शासन संचालन गर्न कांग्रेस असफल हुनु, कांग्रेसको यस्तो शर्मनाक असफलता रहेको अवस्थामा आफुलाई एकतावद्ध र सबल विकल्पका रूपमा प्रस्तुत गर्न एमाले असफल हुनु, जनतामा अन्यौल र दिशाहिनता व्याप्त रहेको हुनु, माओवादी हिंसा र आतंकले जनमानस आतंकग्रस्त बनेको हुनु, स्वयं सत्तारूढ दल गुटबन्दीको निस्कनै नसक्ने घनचक्करमा फसेको हुनु, त्यही घनचक्करबाट सत्ता हत्याउने स्वार्थका निम्ति नेपाली कांग्रस भित्र चर्किएको टक्करका कारण प्रतिनिधीसभा विघटन  हुन पुग्नु, घोषणा गरि सकिएको आम निर्वाचन तोकिएको समयमा हुन नसक्ने देखिनु, त्यसबाट संविधानको कार्यान्वयनमा बाधा अड्काउ पैदा हुनु, धारा १२७ प्रयोग गरेर निर्वाचन सार्न स्वयं पार्टीहरू समेत पहल गर्ने अवस्थामा पुगेको हुनु र देउबाद्वारा निर्बाचन सार्न शिफारिश समेत हुन पुग्नुलाई सामन्ती निरंकुशतावादी शक्तिले प्रजातन्त्रका विरूद्ध षडयन्त्र गर्ने एउटा सुवर्ण मौकाका रूपमा लिए । उनीहरूले त्यसलाई हत्तरपत्त पक्रिए, औसरवाट फाइदा उठाउँदै षडयन्त्रका तानावाना कसे र राजालाई संविधान र प्रजातन्त्रका विरूद्ध उभिन प्रेरित गरे । वास्तवमा राजाका सामु पनि त्यो ठूलो परिक्षाको घडी थियो । त्यसबेला पनि राजाका सामु दुईवटै बाटाहरू थिए । पहिलो,. त्यस अप्ठेरो घडीबाट मुलुकलाई पार लगाउन सबैसँग विचार विमर्श, समझदारी र एकता कायम गरेर सकारात्मक दिशामा अघि बढ्ने वा दोस्रो, अवसरको फाइदा उठाएर शक्ति हत्याउन नकारात्मक बाटोमा लाग्ने । आखिर सामन्ति निरंकुशतावादी शक्तिहरूले राजालाई दोश्रो बाटो हिडन प्रेरित गरे । राजाबाट पनि त्यही बाटो रोज्ने काम भयो । १८ असोज ०५९ मा श्री ५ ज्ञानेन्द्रबाट भएको शाही घोषणा त्यही प्रयत्नको परिचायक हो । उनीहरूले संविधान मातहत बस्छु भनि सकेका राजालाई पुनः सकृय बन्न उत्प्रेरित गरे । श्री ५ ज्ञानेन्द्रबाट पनि संविधानको भावना विपरित गएर जननिर्वाचित सरकारलाई बर्खास्त गर्ने काम भयो, प्रधानमन्त्रीको शिफारिसलाई लत्याउने काम भयो, राजनीतिक पार्टीहरूको सुझावलाई बेवास्ता गर्ने काम भयो, आफुसँग हुँदै नभएको राजकीय सत्ताको प्रयोग गर्ने काम भयो, नेपाली जनतालाई स्वयं संविधान मार्फत सुम्पिसकेको सार्वभौमसत्ता पुनः आफुले लिएं भन्ने असंवैधानिक घोषणा गर्ने काम भयो, कार्यकारिणी अधिकार आफ्नो हातमा लिने काम भयो र नयाँ सरकार बनाउने विधि सम्मत प्रकृया छोडेर आफ्नो स्वेच्छाका आधारमा प्रधानमन्त्री र मन्त्रीहरू समेत नियुक्ती गर्ने अप्रजातान्त्रिक विधिलाई अवलम्बन गर्ने काम भयो । त्यसैले यो प्रतिगमनकारी घटनाका रूपमा सामु आयो । यसको विरोध हुनु  एकदम अनिवार्य थियो ।

त्यतिबेला सामन्ति निरंकुशतावादी शक्तिहरूले के सोचेका थिए भने सबै पार्टीहरू प्रति जनता वाक्क दिक्क भैसकेका छन्, बहुदलीय प्रजातन्त्र प्रति अघाई सकेका छन् र राजतन्त्र प्रति व्यापक

रूपले मोह बढेको छ। यदि राजाले कदम चाल्ने हो भने देश भरि बत्ति बालेर स्वागत गरिनेछ र बहुदलवादीहरूको चुरीफुरी पनि समाप्त हुनेछ आदि आदि। तर देशको परिस्थिति आलिशान भवन र महलहरू अनि पाँचतारे होटेलमा बसेर मस्ति मार्दै सामन्ति निरंकुशतावादको संकिर्ण चश्माबाट हेरेको जस्तो मात्र थिएन। जनता सचेत थिए, उनीहरू संगठित पनि थिए। देशको समग्र स्थिति प्रतिगमनका पक्षमा होइन अग्रगमनका पक्षमा थियो। अन्तर्राष्ट्रिय परिस्थिति पनि प्रतिगमनका पक्षमा थिएन। मुलुकमा राजनीतिक पार्टी र जनसंगठनहरू मात्र होइन नागरिक समाज पनि जागरूक बन्दै गएको थियो। अझ राज्यको चौंथो अंगका रूपमा स्वतन्त्र प्रेस धेरै बलियो बनिसकेको थियो। त्यस माथि राजतंत्रका समेत बिरूद्ध माओवादीहरूको विद्रोह चलि रहेको थियो। त्यस्तो अवस्थामा प्रतिगमनका कुनै पनि कार्यवाहीहरू नेपाली जनताका निम्ति सैह्य थिएनन्। स्वाभाविक रूपमा क्रमिक रूपले जनविरोध अघि बढ्यो र सात महिना पछि गएर मात्र किन नहोस पाँच पार्टीहरूको विरोध आन्दोलन एउटा श्रृखला कै रूपमा विकसित भयो। बास्तवमा त्यो बिरोध पनि त्यसबेलै देखि अघि बढाउनु पर्दथ्यो। त्यस्तो किन हुन सकेन भन्ने अर्को मुल्याकनको बिषय छदैछ। तर राजाको शाही घोषणाले मुलुकलाई कतै नयाँ दिशा दिने होइन झन ठूलो अन्तरद्वन्द्व र अन्तर संघर्षतिर मात्र धकेल्ने काम गर्‍यो। संवैधानिक शक्तिहरूका बीच झन् चर्को द्वन्द्व विकसित भयो। शान्तिको विपरित अशान्ति र तनाव झन विस्तृत बन्यो। राजाको कदमले जन समर्थन पाउने र बत्ति बालेर स्वागत पाउने जुन अपेक्षा गरिएको थियो, त्यसका विपरित विरोध र प्रतिरोध बढ्दै गयो। आम जनतामा राजा र राजाका कदम प्रति राष्ट्रव्यापी रूपमा नै असन्तोस विरोध र आक्रोस झन् गहिरिंदै गयो। देशका सडक गल्ली, पान पसल, गाउँ टोल र परिवार परिवारमा राजाप्रति असन्तोष र विरोध बढ्दै गएको देखियो। राजाले संविधान विपरित बनाएका सरकारहरू र मन्त्रीहरू इतिहासकै असक्षम, भ्रष्ट र अयोग्य सावित हुन पुगे। सर्वदलिय सरकार बनाउने कुरा उनीहरूका निम्ति नाकमा झुण्डाउने बुलाकी जस्तो बनेको थियो र शान्ति मागी खाने कमण्डलु जस्तै भएको थियो। राजाको प्रत्यक्ष शासन शुरू भएपछि देश जनप्रतिनीधि विहिन बन्न पुग्यो। प्रतिनिधी सभा छैन, स्थानीय निकाय पनि छैनन्। अनि राष्ट्रिय सभालाई समेत निस्कृय बनाईदै लगियो। जनताका प्रतिनिधीहरूले छलफल गर्न नपाई.कर लगाउने प्रणाली हुर्किंदै गयो र मुलुकलाई द्रब्यशाहको युगतिर धकेल्न खोजियो। मुलुकमा विकास निर्माण ठप्प भयो। आर्थिक कृयाकलापहरू दिनप्रतिदिन घट्दै गयो। आफ्नै देशका जनताले नागरिकता पाएका छैनन् तर भुटानी शरणार्थीलाई नागरिकता दिने राष्ट्रिय हित विपरितका कदमहरू चालिंए। जनता र राष्ट्रमा असुरक्षाको स्थिति अभूतपूर्व रूपमा बढ्यो। पछिल्ला अबधिमा आएर राजाका यी निरीह सरकारहरूले प्रायः सबै जिल्लाबाट इलाका प्रहरी कार्यालयहरू समेत उठाए। राज्यको उपस्थिति सदरमुकाम भन्दा बाहिर रहेन। राजाको पछिल्लो सरकार त झन् राजधानी र जिल्ला सदरमुकामबाट पनि खुम्चिंदै गैरहेको थियो। राजाले आफ्नो नारायणहिटी दरबारको सुरक्षाका निम्ति मात्र ६३ करोड बजेट खर्च गर्नु पर्‍यो र नेपालको राजतन्त्र विश्व भै सबभन्दा महंगो बनाईयो। त्यस्तो राजतन्त्रले देशलाई कति दिन्छ र उस्ले कति लिन्छ, मानिसहरू हिसाब किताब गर्न थाले। यसरी राजाको एक वर्ष प्रत्यक्ष शासन विगत १२ वर्षको वेथितिपूर्ण अवस्था भन्दा धेरै नै कष्टकर बन्दै गयो। राजनीतिक पार्टीहरूलाई अलग राखेर माओवादीहरूसँग शान्ति स्थापना गर्ने सपना पनि दिवा स्वप्न बन्न पुग्यो । उनीहरूलाई फेरि "आतंककारी" घोषित गरेर हत्या र मारकाटलाई ब्यापक रूपले वृद्धि गरियो। त्यसले गर्दा समग्रतामा हेर्दा मुलुक नै ब्रेक फेल भएको गाडी ओरालो बाटोमा झरे झैं हुन थाल्यो। तब मुलुकलाई दुर्घटना हुनबाट कसरी बचाउने ? यो प्रश्न अत्यन्त गंम्भिर बन्न पुग्यो। यो परंपरागत नेतृत्वको घोर असफलताको द्योतक थियो। राजाले कमसेकम संवैधानिक शक्तिहरू एकतावद्ध हुने र राजनीतिक पार्टीहरूलाई पहल गरेर अघि बढ्न सक्ने वातावरण श्रृजना गरेको भए यो विगत वर्षमा मात्र पनि मुलुकले सकारात्मक कदमहरू चाल्न सक्थ्यो। माओवादीहरूसँगको वार्ता प्रकृया बेग्लै ढंगले अघि बढ्न

सक्थ्यो र राजनीतिक समाधानतिर मुलुकले अग्रगामी पाइलाहरू चाली सक्थ्यो । आखिर राजाले देउबाको नेतृत्वमा भएपनि संयुक्त सरकार बनाउन बध्य भएका छन् ।आम्रो पार्टी समेत सहभागी भएको उक्त सरकार स्वयंको समिक्षा गर्नै जरूरी भएको छ । त्यसको अलग्गै मुल्यांकन गर्नु पर्छ ।

८

यसरी विगत १४ वर्षको दौरानमा भएका अनेकौं प्रयोग र परिक्षणहरूले के सावित गरेको छन् भने समकालिन नेपाल ऐतिहासिक रूपले नै गम्भीर प्रकारको नेतृत्व संकटबाट गुज्रिदैछ । त्यस प्रकृयामा सबैले आफ्नो क्षमतालाई खुलासा गर्दैछन् । प्रथमतः नेपाली जनता र राष्ट्रलाई अब परम्परागत राजतन्त्रले अगुवाई गर्न सक्दैन । अगुवाई गर्नका निम्ति त्यो संस्थासँग पूर्वाधार पनि छैन र प्रजातन्त्रको युगमा अब त्यस्तो संभव नै छैन । संविधान मातहत राख्न नचाहने हो भने अब राजतन्त्रले आफ्नो आयुलाई आफै सिमित पार्नु अनिवार्य हुन्छ । अबको युगमा जसकसैले पनि जनतालाई सर्वशक्तिमान, सार्वभौम र इतिहासका निर्णयक शक्तिका रूपमा लिनै पर्छ । उनीहरूलाई अधिकतम अधिकार सुम्पनै पर्छ । नसुम्पिए आजको युगका जनताले अधिकार भन्ने कुरा खोसेर लिन्छ । यो कुरालाई बुझ्ने सन्दर्भमा स्वर्गीय राजा विरेन्द्रलाई  प्रसंशा गर्नै पर्छ । तर अहिले “रचनात्मक बन्ने” नाउँमा सकृय बन्ने र आफ्नो हातमा शक्ति लिने  जुन प्रयास वर्तमान राजाबाट हुँदैछ वा राजालाई गराईदैछ त्यो प्रयास टिक्नेवाला छैन । त्यो प्रयास जनभावना विपरित हुन्छ, प्रजातान्त्रिक प्रकृया र मूल्य मान्यता विपरित हुन्छ, संविधान विपरित हुन्छ, राष्ट्रको आवश्यकता विपरित हुन्छ र आजको युगको गतिकै विरूद्ध हुन्छ । त्यसैले त्यो कुरा टिक्दैन । राजाले अब सामन्ति निरंकुशतावादीहरूको षडयन्त्र र चंगुलबाट बाहिर निस्कनु पर्छ, अझ उचाई र फराकिलो क्षितिजबाट विश्व संसारलाई हेर्नुपर्छ र राजतन्त्रलाई प्रजातन्त्र, राष्ट्रियता, जनजीविका, सामाजिक न्याय र शान्तिका पक्षमा उभ्याउनु नै राम्रो हुन्छ । अन्यथा समयको प्रबाह जुन गतिले अघि बढ्दै गैरहेको छ, इतिहासले आफ्ना निर्दयी फैसला गर्नै पर्ने हुन्छ । किनभने राजाले एउटा राष्ट्रलाई नेतृत्व गर्ने युग नै समाप्त भैसकेको छ, त्यस्मा बल नगर्नु नै बेश हो । **“जनतालाई अधिकतम अधिकार राजालाई उच्चतम सम्मान” अहिले राजा र जनता तथा राजतन्त्र र प्रजातन्त्र बीचको समस्या समाधानको अन्तिम आधार हो ।** यो आधारलाई नगुमाउन सक्नुमा नै नेपालका राजाको उच्चतम बुद्धिमानी ठहर्ने छ । त्यसो भयो भने नेपाली राजतन्त्र पनि एउटा साधन श्रोतका रूपमा रूपान्तरित हुनेछ र त्यसलाई राष्ट्रको हितमा प्रयोग गर्ने क्रममा त्यसले सम्मान पनि पाइरहनेछ । जहाँ सम्म नेपाली कांग्रेसको कुरा छ त्यसले विगत १४ वर्षमा जुन गम्भीर गल्ती र कमजोरी गरेको छ, त्यस बारेमा उसले गहिरो गरी अध्ययन गर्न सक्नु पर्छ । कमसेकम पूँजीवादी प्रजातन्त्रको धरातलमा मात्र राख्न पनि त्यसले आफुलाई धेरै कुरामा सुधार गर्नु पर्नेछ । त्यसका निम्ति नेपाली कांग्रेसले आफ्नो विगतको सिंहावलोकन गर्नु पर्छ, आफ्ना सबल र निर्बल पक्षलाई छुट्याउन सक्नु पर्छ, आफुले गरेका गल्तिहरूलाई देख्न सक्नु पर्छ र तिनीहरूलाई सच्याउदै एमाले लगायत अन्य प्रजातान्त्रिक प्रगतिशील शक्ति र व्यक्तिहरूसँग प्रजातन्त्रलाई सुदृढ गर्नका निम्ति मिलेर अघि बढ्न सक्नु पर्दछ । तर विगत १४ वर्षको अवधिमा यो पार्टी असफल सिद्ध भैसकेको छ । त्यो सँग राष्ट्रलाई अगुवाई गर्ने दुरदृष्टि, योजना, नीति, कार्यक्रम र तिनीहरूलाई कार्यान्वयन गर्ने क्षमता छैन भन्ने कुरा त्यसैले प्रमाणित गरेको छ । अहिले त्यो पार्टी जसरी व्यक्ति केन्द्रित भएर चल्दैछ, जस्ता दृष्टिकोण र कार्यशैली लिएर चल्दैछ, त्यसमा सुधार आएन भने विभाजन त भएकै छ, त्यो अझै तल गिर्नेछ र त्यसलाई कसैले रोक्न सक्ने छैन । नेपाली कांग्रेसले राष्ट्रका निम्ति खेल्ने भूमिका न्युनिकृत हुँदै जानेछ । त्यो अवस्थाले नेपाली कांग्रेस भित्र अहिले कल्पना गर्न नसकिएको स्थिति जन्माईदिन सक्छ । खैर यो हामीले भन्दा पनि खुद कांग्रेसले नै सोच्ने कुरा हो ।

जहाँ सम्म हाम्रो पार्टीको कुरा छ यसले विभिन्न काल खण्डमा गरेका गल्ती र कमजोरीहरूलाई हटाएर अघि बढेको खण्डमा यो अहिले पनि विराट संभावना भएको पार्टी हो । यो राष्ट्रब्यापी रूपमा फैलिएको छ । पार्टी संगठन र सदस्यहरूको विशाल पंक्ति छ । पार्टी पंक्तिमा गहिरो अनुशासनको भावना छ, जनता र राष्ट्रको इमान्दारीपूर्वक सेवा गर्ने चाहना छ । हाम्रो पार्टी सबै वर्ग, तह र जातिका जनताका बीचमा पुगेको छ र त्यो राष्ट्रिय एकताको सुत्रधारक बन्ने क्षमता राख्छ । त्यसमा लामो समय सम्म संघर्षमा खारिएर आएका नेता कार्यकर्ताहरूको पंक्ति पनि छ । नेपाली समाजको विकास प्रकृया, त्यसको वर्तमान अवस्था र त्यसको भाबी विकासका आवश्यकता र संभावनालाई केलाउन सक्ने राजनीतिक, बौद्धिक र प्राज्ञिक क्षमता भएको जनशक्ति पनि त्यससँग रहेको छ । यसले पहिले विभाजित भएर कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलन तथा देश र राष्ट्रकै निम्ति एउटा ठूलो ऐतिहासिक अवसरलाई गुमाएको भए पनि अहिले आएर पार्टीलाई पुनः एकिकृत गरेको छ । अहिले पनि आम जनता र राष्ट्रले राजनीतिक पार्टीहरू तिर हेर्दा एमाले प्रति आशावादी भएर हेरिरहेका छन् । नेपालको वर्तमान इतिहास र समाजले अपेक्षा गरिरहेको नेतृत्व प्रदान गर्ने योग्यता, क्षमता, दृष्टि र कला नेकपा (एमाले) भित्र छ । तर हामीहरू आफै जुन ढंगले अघि बढ्दैछौं र जुन कुराको अभाव पार्टी पंक्तिले महशुस गर्दै आएरहेको छ ती कुराहरूलाई सच्याएर अघि बढ्न सकेनौं भने हामी पनि आफुलाई क्षितिज वारिको तुवाँलो भित्र रूमल्लिने खतराबाट बचाउन सक्दैनौं । यस सम्बन्धमा हामीले अत्यन्त गम्भिर भएर अघि बढ्न सक्नु पर्छ । हाम्रा सामु उज्यालो भविश्य छ भनेरमात्र पुग्दैन । त्यो भविष्य प्राप्त गर्न सक्ने दृष्टि, नीति, कार्यनीति, कार्ययोजना र कार्यान्वयन क्षमता पनि चाहिन्छ । तब मात्र हामीहरू क्रमशः अंधकारबाट उज्यालो तिर जान सक्छौं ।

## ९

यस्तो अवस्थामा हाम्रो पार्टीले प्रथमतः मुलुक गम्भिर नेतृत्व संकटमा परेको छ भन्ने कुरालाई देख्न सक्नु पर्छ र राष्ट्रलाई नेतृत्व प्रदान गर्न आफैले अग्रसर भएर अघि बढनु पर्छ भन्ने कुरालाइ बुझ्नु पर्छ । त्यसका निम्ति सन् १९९० को परिवर्तन देखि यताका १४ बर्षमा हामीले प्राप्त गरेका अनुभवहरूको राम्रो मुल्यांकण गर्न सक्नु पर्छ । बास्तवमा त्यो परिबर्तन कसरी प्राप्त भएको थियो ? त्यसको महत्व के थियो ? त्यस परिवर्तनले मुलुकका सामु कस्ता सम्भावनाहरू ल्याएको थियो ? ती सम्भावनाहरूलाई पक्रने कार्यमा अन्य शक्तिहरूले कस्तो भूमिका खेले ? हामीले कस्तो भूमिका खेल्यौं ? कस्तो भूमिका खेल्नु पर्दथ्यो र हामी परिवर्तनका बाहक शक्तिहरूबाट युगले कस्तो अपेक्षा राखेको थियो ? भन्ने जस्ता प्रश्नहरूको बारेमा हामीले नै सबै भन्दा गम्भिर भएर सोच्नु पर्छ र नेपाली इतिहासको ऐतिहासिक प्रवाहलाई अघि बढाउन खेल्नु पर्ने आफ्नो युगिन भूमिकाका बारेमा सबै भन्दा बढी सचेत भएर देख्न सक्नु पर्छ । समाजवादी प्रजातान्त्रिक शक्तिहरू इतिहासका वा समकालिन नेपालका सबैभन्दा अगुवा र प्रगतिशील शक्तिहरू हुन् । उनीहरूले यो भयो वा यो भएन भन्दै अरू शक्तिका सामु गएर गुनासो गर्न मिल्दैन, बरू युगको माग र आवश्यकता अनुरूप हामीले अन्य शक्तिहरूबाट यो वा त्यो काम गराउन सक्नु पर्छ र समाजलाई सधैं अग्रगतितिर ठेल्न ईन्जिनको भूमिका खेल्न सक्नु पर्छ । एक पटक प्राप्त भएका उपलब्धीहरूका वरिपरि घुम्नु वा तिब्रगतिले घुम्नु मात्र इतिहासको अगुवा शक्तिको भूमिका हुँदैन । त्यसलाई थप उपलब्धीहरूद्वारा बलियो, अटल र दिगो बनाउँदै लाने कार्यमा कति योगदान गर्न सकियो, त्यसबाट नै उसको क्षमता र योगदानको नाप गर्न सकिन्छ । हामी समाजवादी प्रजातान्त्रिक (कम्युनिष्ट) शक्तिले विगत १४ वर्षको अवधिमा कस्तो भूमिका खेल्यौ त्यसको समिक्षा गर्ने घडी यहि हो । आज देश किन यस्तो खतरनाक संकटबाट गुज्रिरहेको छ ? हामीले कुन ठाउँमा ठूलो गल्ती गर्न पुग्यौं ? त्यसलाई राम्ररी ठम्याउन सक्नु पर्छ । हामीले अरूका गल्तीलाई पनि देख्नुपर्छ । तर सबभन्दा पहिले आफ्ना गल्ती चाहीं के भए ? तिनीहरूलाई देख्न सक्नु पर्छ, तिनीहरूलाई हटाउन

सक्नुपर्छ र युगलाई नेतृत्व गर्नका निम्ति आवश्यक पर्ने नयां गुण आफुले हासिल गर्न सक्नु पर्छ। एउटा कान्तिकारी पार्टीले आफ्नै बिगतका अनुभवहरूको मुल्यांकण गर्ने कममा नै त्यस्तो गुण र उर्जा प्राप्त गर्न सकछ। त्यसरी अघि बढ्न नसक्ने वा गल्तिगर्ने वा इतिहासको अग्रयात्राका सामू बाधक बन्ने तत्वहरू पछि छोडिन सक्छन्, इतिहासका रथद्वारा किचिन सक्छन् र इतिहास कै बस्तु बन्न सक्छन्। तर युगलाइृ प्रतिनिधित्व गर्ने प्रगतिशील र क्रान्तिकारी शक्तिले अरूलाई दोष दिएर उम्किन सकिन्न। त्यसको अर्थ अरूका गल्तीहरूलाई नजरअन्दाज गर्नु पर्छ भन्ने कुरा होइन। उनीहरूका गल्तीहरू जुन बेलामा भए त्यहिबेला नै कठोर आलोचना गर्ने, भण्डाफोर गर्ने र नाङ्गेभार पार्ने काम गर्नु पर्दछ। उनीहरूका गल्तीबाट समेत हामीले सिक्न सक्नु पर्दछ र आफ्नै गल्तीलाई सबभन्दा राम्ररी देख्न सक्नु पर्छ। यहांनेर लेनिनको एउटा उक्तिलाई उल्लेख गर्नु उपयुक्त हुन्छ। वहां भन्नु हुन्छ–" **एउटा राजनीतिक पार्टीले आफ्नै गल्तिहरू प्रति कस्तो दृष्टिकोण राख्छ भन्ने कुरा नै त्यो सबभन्दा महत्वपूर्ण र सुनिश्चित आधार हो जस्बाट त्यो पार्टी कतिको ईमान्दार छ र त्यसले आफ्नो बर्ग र श्रमजीबी जनता प्रतिको दायित्वलाई ब्यबहारमा कसरि पुरा गर्छ भन्ने कुरालाई जांच्न सकिन्छ।** "(संकलित रचना अंग्रेजी ग्रन्थ ३१, १९७७, पृष्ठ ५७) हामीले यतिबेला लेनिनको उपरोक्त भनाईलाई बडो गंभिरताकासाथ अध्ययन गर्नु पर्छ। हामी निश्चित दिर्घकालिन र अल्पकालिन लक्ष्य प्राप्त गर्नका निम्ति अघि बढिरहेका कान्तिकारी सहयात्रिहरू हौं। ती लक्षमा पुग्न हामीलाई मार्गदर्शन गर्ने हाम्रा सिद्धान्त, नीति र कार्यक्रमहरू छन्। हामी सधैं तिनीहरूको कार्यान्वयनमा लाग्दै आइरहेका छौं र हुन्छौं। नेपाली समाजको वास्तविकतामा र यहाँको ठोस ब्यवहारिक कृयाकलापमा हामी हाम्रा सिद्धान्त र नीतिहरूलाई लागु गरिरहेका हुन्छौं, तिनै वास्तविकता र व्यवहारद्वारा हाम्रा सिद्धान्त र नीतिहरूको परिमार्जन, परिस्कार र विकास पनि गरिरहेका हुन्छौं। त्यस क्रममा नै हाम्रा सामु उपलब्धी र कम्जोरी दुबै प्राप्त भै रहेका हुन्छन्। तर हामी अघि बढीरहेको प्रकृयालाई फर्केर हेर्दैनौ, त्यसमा प्राप्त भएका अनुभवहरूको अध्ययन गर्दैनौं, त्यसको विश्लेषण गर्दैनौ, त्यस प्रकृयाका सकारात्मक र नकारात्मक पक्षलाई छुट्याउँदैनौ र तिनीहरूको समिक्षा गर्दैनौं भने हामी कुइराको काग जस्तै बन्छौं। हामी उडि पनि रहेका हुन्छौं तर हाम्रो कुनै निश्चित गन्तब्य हुँदैन। विगत १४ वर्षको हाम्रो यात्रा भण्डै यस्तै भएको छ। हामीले उपलब्धिहरू पनि थुप्रै प्राप्त गरेका छौं र गम्भिर गल्ती पनि गरेका छौं। तर तिनीहरूको सठिक समिक्षा भएको छैन। तिनीहरूको सामान्यीकरण गरिएको छैन। हामीसंग कुनै घटना श्रृखलाको पनि मुल्यांकण दस्ताबेज तयार हुन सकेको छैन। त्यसकारण अहिले बिगतका अनुभवहरूको कुरा गर्नु पऱ्यो भने हाम्रो पार्टी भित्र प्रत्येक नेताहरूको व्याख्या भिन्न भिन्न हुन सक्छ। अभ्र आफ्नो हितलाई केन्द्रविन्दुमा राखेर हेर्ने खतरा पनि छ। त्यस्तो भयो भने त्यही घटनालाई एउटाले उपलब्धी देख्ने र अर्कोले नोक्सानी देख्ने स्थिति पनि बन्न सक्छ। आज नेपाली समाजमा त्यतीकै नेतृत्व संकट आएको छैन। कम्युनिष्ट पार्टी मात्र पनि यति बलियो, ब्यापक र लोकप्रिय भएको मुलुक विश्वमा पाउनु गाहारो छ। जनताको त्यत्रो बिशाल समर्थन छ। तर पनि यो मुलुकमा नेतृत्व संकट कसरी आयो ? यो सांच्चि नै गंभिर कुरा हो। सामन्ति निरंकुशतावादी शक्तिहरूले त्यति सजिलै संवैधानिक प्रजातान्त्रिक प्रकृयालाई प्रतिगमनतिर घुमाउन कसरी सके ? एउटा निर्वाचित सरकारलाई सजिलै बिघटन गर्ने अवस्था कसरि आयो ? त्यस अवस्थामा बिभिन्न पार्टीहरूले के भूमिका खेले र हाम्रो भूमिका कस्तो रह्यो ? हामीले पार्टीलाई सुदृढ पार्ने शीलशीलामा सन् १९९० को परिवर्तनपछि हाम्रा दिर्घकालिन लक्ष्य र तत्कालिन लक्ष्यकाबीच हामी आफैं कत्तिको तालमेल राखेर अघि बढन सकेका छौं ? बिगत १२ बर्षमा ठूलो संख्यामा पार्टी भित्र आएका नयाँपार्टी सदस्यहरूलाई वैचारिक रूपले रूपान्तरण गर्ने काम कतिको गहिरो पार्दै ल्याएका छौं ? पार्टीको आन्तरिक जीवन र त्यसका बाह्र्य सम्बन्ध संचालनका नीति, सिद्धान्त र प्रकृयाहरूबाट सिंगो पार्टीलाई रूपान्तरण गर्ने काम कतिको गरेका छौं ? पार्टी प्रति आमजनतामा आफ्नो सरकार गिर्दा पनि हिजो आकर्षणको जुन लहर देखा परेको थियो, अहिले त्यो आकर्षणमा किन

मन्दता आइरहेको छ ? एउटा ऐतिहासिक अवसर सामु आएको बेलामा आखिर पार्टीमा ठूलो विभाजन किन प्रकट भयो ? त्यो हाम्रो पार्टीका एक वा अर्का नेताहरूमा रहेको लहड र आकांक्षा मात्र थियो कि त्यसका पछाडी पार्टी भित्र र बाहिर रहेका निश्चित वस्तुगत र मनोगत कारणहरू पनि थिए ? ती घटनाक्रमहरूबाट हामीले अहिले सम्म पनि कुनै ठोस शिक्षा ग्रहण गर्‍यौं की गरेनौं ? हाम्रो पार्टीको सामाजिक आधार कसरि बिकास गर्दैछ र पार्टीमा अहिले बिभिन्न वर्गबाट आएका सदस्यहरूको अनुपात कस्तो रहेको छ ? हाम्रो नीति र दृष्टिकोण अनुरूप पार्टी श्रमजीवी वर्गमा केन्द्रित छ कि छैन ? हामी पार्टीको समग्र सैद्धान्तिक स्तर उठाउन कति योजनावद्ध र समस्या केन्द्रित ढंगले.अघि बढिरहेका छौं । प्रतिकृयावादीहरूले फैलाईरहेका राजनीतिक भ्रमहरूको तुवाँलो हटाउन हामी उनीहरूको राजनीतिक भण्डाफोर गर्ने काम कतिको गहिरो पार्दैछौं ? देशमा उग्रवामपन्थी भड्काउले विचार, सिद्धान्त, कार्यनीति, नीति, कार्यशैली, क्रान्ति, परिवर्तन र वर्गसंघर्ष जस्ता असंख्य सवालहरूमा सैद्धान्तिक भ्रमको शीतलहर नै सृजना गरेको छ । त्यसबाट समग्र कम्युनिष्ट आन्दोलन प्रभावित छ । हामीले तिनीहरूको बिशद खण्डन गर्ने र उग्रवामपन्थी शीतलहरबाट आम जनता र क्रान्तिकारीहरूलाई मुक्त पार्ने काम कतिको गहिरो गरी गरिरहेका छौं ? यी सबै कुराको समिक्षा हुनु जरूरी छ । यसरी हामीले विगत १२-१४ वर्षमा वैचारिक, राजनीतिक, सैद्धान्तिक र संगठनात्मक क्षेत्रमा गरेका कामहरू, पार्टी भित्रै प्रकट हुने मतभेदहरूको परिचालनका क्षेत्रमा गरेका कामहरू, औसरबाद बिरोधी संघर्षका क्षेत्रमा गरेका कामहरू, वर्गसंघर्ष संचालनका क्षेत्रमा गरेका कामहरू, संसदीय संघर्षका क्षेत्रमा भएका कामहरू, स्थानीय निकाय संचालनका क्षेत्रमा भएका कामहरू, आम जनतासँगको सम्बन्ध संचालनका क्षेत्रमा भएका कामहरू, राज्यसत्ता र सरकारलाई हेर्ने र संचालन गर्ने क्षेत्रमा भएका कामहरू, पछिल्लो पटक देउबा सरकार बने पछि निर्धारित लक्षतिर अघि बढन सकियो कि सकिएन भन्ने सम्बन्धमा र पार्टीलाई एउटा सुदृढ, सक्षम, परिपक्व र गतिशील विकल्प शक्तिका रूपमा विकास गर्ने अहं दायित्व सम्पादनका क्षेत्रमा भएका कामहरूको निश्पक्ष समिक्षाको जरूरत छ । ती कुराहरूको गहन समिक्षाले मात्र हामीले सन् १९९० देखि यता खासगरी विगत १४ वर्षमा नेपाली समाजलाई आधारभूत परिवर्तनको दिशामा अघि बढाउने सम्बन्धमा विभिन्न क्षेत्रमा समाजवादी प्रजातान्त्रिक शक्तिहरूले अर्थात नेकपा (एमाले)ले प्राप्त गरेका उपलब्धीहरूको श्रृखला हाम्रा सामु प्रकट हुनेछ र हामीले गरेका गल्ती तथा कमजोरीहरूको पनि श्रृखला हाम्रा सामु प्रकट हुनेछ । त्यस्तो समिक्षाले मात्र हाम्रो पार्टीको समग्र चित्र प्रष्ट पार्नेछ र मुलुकमा आजको नेतृत्व संकट पैदा हुनमा हामी भित्र र बाहिर रहेका कारणहरूलाइ पनि प्रष्ट पार्न सक्छ र हिजो हामीले के गर्न सक्थ्यौ र अब हामीले के गर्नु पर्छ भन्ने कुरालाई पनि छर्लङ्ग पार्नेछ ।

आज नेपाली समाज जुन भयङ्कर संकटको चक्रब्यूहमा फसेको छ । त्यसबाट मुक्त पार्ने ऐतिहासिक कामको अगुवाई अरू कसैले गर्न सक्ने देखिंदैन । नेकपा (एमाले) नै त्यो शक्ति हो, त्यसले नै यो ऐतिहासिक दीयित्व आफ्नो काँधमा लिन सक्छ र लिनु पर्छ । त्यसका निम्ति हर कुरामा आफुले पहल गर्न र स्वतन्त्रता पूर्वक अगुवा भएर अघि बढ्न सक्नु पर्छ । हामीले बिगतमा संचालन गरेको प्रतिगमन विरोधी आन्दोलनमा पनि जुन सफलता प्रदर्शन गर्न सक्नु पर्दथ्यो, त्यो हुन सकेन । त्यसका पछाडी के कारण थिए ? किन जनताको ठूलो मास सहभागि हुन सकिरहेको थिएन ? हाम्रो पार्टीलाई किन कतिपय मानिसहरू गिरिजा कांग्रेसको पुच्छर भएको आरोप लगाई रहेका थिए ? यी सबै कुराहरूमा हामीले आवधिक समिक्षा पनि गर्नु पर्दथ्यो । त्यसले पार्टीलाई भ्रमहरू दूर गर्न वा गल्ती सच्याउन र नयां उर्जा प्राप्त गर्न मद्दत गर्दथ्यो । तर त्यस्तो हुन सकेन । त्यसैले आजको अवस्थामा विगत १४ वर्षका अनुभवहरूको समिक्षा गर्न अग्रसरता लिनु पर्छ, त्यसका निम्ति पार्टीका सबै नेता र कार्यकर्ताहरू समेतले एकतावद्ध भएर अघि बढ्नु पर्छ, कुनै आग्रह वा पूर्वाग्रह नराखी खुल्ला दृष्टिकोणका साथ समिक्षा गर्नु पर्छ र पार्टीलाई नयां उर्जाका साथ आजको भन्दा बढी प्रभावकारी नेतृत्व दिन सक्ने अवस्थामा उठाउनु पर्छ । हामीले खाली पार्टीको आकारलाइ मात्र हेरेर पुग्दैन । सबैभन्दा महत्वपुर्ण कुरा

भनेको त्यसको गुणस्तर नै हो। यस सम्बन्धमा मार्क्सले भन्नु भएको छ- “ सफलताको एउटा महत्वपूर्ण तत्व संख्या अवश्य हो तर त्यो ज्ञानबाट निर्देशित र एकताबद्ध छ भने मात्र वजनकासाथ काम गर्न सक्छ ।”(तीन ग्रन्थे संकलित रचना ग्रन्थ दुई प्रगतिशील प्रकाशन मस्को पृष्ठ १७) हामीले पार्टीलाइ क्रान्तिकारी ज्ञान र भावनात्मक एकतामा बांध्नका निम्ति अनुभवहरूको राम्ररी सार खिच्न सक्नु पर्छ। त्यसबाट पार्टीले नयाँ उर्जा प्राप्त गर्न सक्छ र पार्टीको गुणस्तर माथि उठाउने आधार फराकिलो बन्न सक्छ। पार्टी आफै बढी सकृय र गतिशील बन्छ, पार्टी मातहतका सबै शक्तिहरूको परिचालन बढी प्रभावकारी बन्छ। पार्टीलाई बैचारिक र संगठनात्मक रूपले बलियो बनाए पछि मात्र हामी आफ्नो स्वतन्त्रतालाई कायम राख्दै अन्य सहयोगी वा मित्र शक्तीहरूसँगको सम्बन्धलाई पनि बढी उद्देश्यमुलक र नीतिनिष्ठ ढंगले अघि बढाउन सक्छौ र दुई अतिबादका बिरूद्ध दृढ संघर्ष गर्दै राष्ट्रिय सहमति र एकताको परिधिलाइ पनि फराकिलो बनाउन सक्छौ। यसरी अघि बढेको खण्डमा मात्र हामीहरू आजको जटिल परिस्थितिलाई चिर्दै पार्टीलाई राष्ट्रिय नेतृत्वकेन्द्रका रूपमा उठाउन सक्छौ,मुलुकलाई अन्य संकटहरूका साथै नेतृत्व संकटबाट पनि मुक्त गर्न सक्छौं र बदलिंदो विश्व परिस्थितिले खडा गरेका चुनौतीहरूको सफलता पूर्वक सामना गर्दै देश र जनतालाई उज्यालो भविश्यतिर अघि बढाउन सक्छौं। यस कुरालाई बर्तमान अवस्थामा हाम्रो पार्टीका सम्पूर्ण नेता र कार्यकर्ताहरूले गम्भिरता पूर्वक लिएर अघि बढ्नु पर्छ।

११ कार्तिक २०६०

**नेपालमा गरिबी र त्यसको न्यूनीकरण**

डा.गोबिन्दबहादुर थापा

**गरिबीका दश झाँकीहरू**

बिश्व बैंकको त्जभ ध्यचमि म्भखभयिऊभलत च्भउयचत,ज्ञढढण अनुसार निम्न दश अबस्थाले गरिबीलाई झल्काउँछ।

१. गरिब त्यो हो जस्को जीबिकोपार्जनको कुनै स्थायी श्रोत हुदैन,
२. गरिब त्यो हो जस्ले सधैं असुरक्षा र अनिश्चितता महशुश गरी रहन्छ,
३. गरिब त्यो हो जो हरेक दिन आउँदो दिनसंग डराउँछ,
४. गरिब त्यो हो जो हर पल बाँच्नको लागि संघर्ष गर्दछ र दीर्घकालीन कुनै योजना हुदैन,
५. गरिबी भनेको कुनै पूँजी र आशा बिना क्षण क्षणको लागि बाँच्नु हो,
६. गरिबी भनेको लाजमर्दो, आक्रोस र निराशाले भरिएको अबस्था हो,
७. गरिबी भनेको अत्यन्त सीमित बिकल्पमा बाँच्नु पर्ने र आफुमा आई पर्ने कुरामा आफ्नो कुनै नियन्त्रण नहुने अबस्था हो,
८. गरिबी भनेको भ्रष्टाचार, साधन र पूँजीको अभाब तथा सूचना र सीपको अभाबको कारणले उपलब्ध अबसरहरूबाट लाभ लिन नसक्ने अबस्था हो,
९. गरिबी भनेको आत्म बिश्वासको सख्त अभाब भएको अबस्था हो,
१०. गरिबी भनेको दिनको १८ घण्टा परिश्रम गर्दा पनि परिबार पाल्न नसक्ने अबस्था हो।

**नेपालमा गरिबीको स्थिति**

नेपालमा पहिलो पटक आर्थिक वर्ष २०३३/३४ मा गरिएको सर्वेक्षण अनुसार त्यस बखत नेपालमा ३३ प्रतिशत जनता गरिबीको रेखामुनि थिए। आर्थिक वर्ष २०४१/४२ मा गरिएको अर्को सर्वेक्षणले नेपालमा ४१.२ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको देखायो। आर्थिक वर्ष २०५२/५३ मा भएको सबैभन्दा पछिल्लो सर्वेक्षण अनुसार त्यतिखेर नेपालमा ४२ प्रतिशत जनता गरिबीको रेखामुनि

रहेका थिए । त्यसपछि नेपालमा गरिबी मापनसम्बन्धी अर्को सर्वेक्षण गरिएको छैन । त्यसैले नेपालमा गरिबीसम्बन्धी जति पनि व्याख्या, विश्लेषण र त्यसलाइ घटाउने लक्ष्य र कार्यक्रमहरू बनाइएका छन् ती सबै त्यही आर्थिक वर्ष २०५२/५३ मा भएको सर्वेक्षणको नतिजाकै आधारमा गर्ने गरिएको छ ।

त्यो सर्वेक्षणले दैनिक न्यूनतम औसत २,१२४ क्यालोरी खाद्यपदार्थका लागि र केही अरू गैरखाद्य आवश्यकता पूर्ति गर्न समेतका लागि प्रतिव्यक्ति आय रू ४,४०४ प्रतिवर्ष हुनुपर्ने अनुमान गरेको थियो ।

सो सर्वेक्षण अनुसार नेपालमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या जुन ४२ प्रतिशत भनी देखाइएको छ, त्यसलाई पोभर्टि ईन्सिडेन्स भनिन्छ। यो निकाल्ने प्रणालीलाई हेड काउण्ट प्रणाली भनिन्छ । त्यसैगरी नेपालमा गरिबीको विषमता भनी जुन १२.१ प्रतिशत देखाइएको छ, त्यसलाई पोभर्टि ग्याप भनिन्छ । गरिबीको गहनताले अति गरिबीको अवस्थालाई बताउँछ । गरिबीको विषमताले गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको आय कति कम छ र कतिले बढ्ाउनु पर्दछ भन्ने देखाउँछ । यी तीनवटै गरिबीको मापनलाई आयमूलक गरिबी भनिन्छ ।

पछिल्लो सर्वेक्षण अनुसार आर्थिक वर्ष २०५२/५३ मा नेपालमा ४२ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका, गरिबीको विषमता १२.१ प्रतिशत रहेको र गरिबीको गहनता ५.० प्रतिशत रहेको देखिन्छ । क्षेत्रगत आधारमा सबैभन्दा बढी गरिबी हिमाली क्षेत्रमा (५६ प्रतिशत) रहेको देखिन्छ । समग्र ग्रामीण क्षेत्रमा यस्तो जनसङ्ख्याको अनुपात ४४ प्रतिशत र शहरी क्षेत्रमा २३ प्रतिशत रहेको देखिन्छ । काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा ४ प्रतिशत जनता मात्र गरिबीको रेखामुनि रहेको देखिन्छ भने मध्यपश्चिम र सुदूरपश्चिमको पहाडी र हिमाली क्षेत्रमा ७२ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको देखिन्छ । त्यसैगरी मध्य पहाड र हिमाली क्षेत्रको ग्रामीण क्षेत्रमा ६७ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको देखिन्छ । जिल्लागत आधारमा सबैभन्दा कम गरिबीको रेखामुनिका जनता झापा जिल्लामा रहेको देखिन्छ भने सबैभन्दा बढी गरिब जाजरकोट जिल्लामा रहेको देखिन्छ ।

आयमूलक गरिबीको प्रकृति ग्रामीणमुखी भएको र ग्रामीण क्षेत्रमा जीवन निर्वाहको प्रमुख श्रोत कृषि भएको हुँदा गरिबी निवारणको निमित्त ग्रामीण क्षेत्रको कृषि व्यवसायको सुधार सर्वाधिक महत्वको विषय बनेको छ । ग्रामीण क्षेत्रमा गरिबसँग कम उत्पादन हुने कमसल खालको खेतीयोग्य जमिन पनि सीमित मात्रामा उपलब्ध हुने, निर्वाहमुखी खेती प्रणाली र कम आयस्तरको कारणले उत्पादन बढाउन लगानी गर्ने क्षमताको कमी हुने हुनाले त्यस क्षेत्रमा गरिबी केन्द्रित भएको छ । तल्लो बर्गका घर परिवारसँग औसतमा १ हेक्टरभन्दा कम जमिन छ र त्यो पनि अत्यन्त कमसल जमिन छ । त्यसमा पनि तल्लो २५ प्रतिशत घरपरिवारले खेती गरेको जमिनमध्ये ३७ प्रतिशत मात्र खेत छ भने उपल्लो २५ प्रतिशतले खेती गरेको जमिनमा ५४ प्रतिशत खेत छ । नेपालमा उपल्लो १० प्रतिशत घरपरिवारले गर्ने उपभोग तल्लो ५० प्रतिशतले गर्ने उपभोगभन्दा बढी छ ।

जात-जातीको आधारमा दलितहरू र तराईमा थारू र पहाडमा तामाङ जनजातीहरू बढी गरीब भएको पाइएको छ । लिङ्गका आधारमा पुरूषभन्दा महिला निकै बढी गरीब भएको पाइएको छ ।

आठौ योजनाकालसम्म जनताको आय वृद्धि गर्न भनी बिभिन्न किसिमका अनेकौं कार्यक्रहरू संचालन गरिएतापनि अध्ययनहरूमा गरिबीको स्थिति चर्कदैं गएको पाइएकोले नवौं योजनामा गरिबी न्यूनीकरणलाई योजनाको प्रमुख उद्देश्य बनाइयो । नवौं योजनाले पहिलो पटक गरिबी न्यूनीकरणका सम्बन्धमा दीर्घकालीन लक्ष्य राख्यो । त्यस अनुसार गरिबीको रेखा मुनि रहेको जनशंख्या नवौं योजनाको सुरूमा ४२ प्रतिशत, नवौं योजनाको अन्त्य (२०५८/५९) मा ३२ प्रतिशत, दशौं योजनाको अन्त्य (२०६३/६४) मा २३ प्रतिशत, एघारौं योजनाको अन्त्य (२०६८/६९) मा १५ प्रतिशत र बाह्रौं योजनाको अन्त्य (२०७३/७४) मा १० प्रतिशतमा झार्ने लक्ष राखिएको थियो ।

तर नवौं योजनाको अन्त्यमा गरिबीको रेखामुनि रहेका जनताको अनुपात ४२ प्रतिशत बाट ३२ प्रतिशतको सट्टा ३८ प्रतिशतमा मात्र झर्न सकेको अनुमान गरिएको छ। तर यो उपलब्धिको मापन देशव्यापी सर्वेक्षण अध्ययनको आधारमा नगरी साङ्खिकीय आधारमा एकमुष्ट रूपमा मात्र गरिएकोले यो अनुपात जुन ४ प्रतिशत बिन्दुले घटेको भनिएको छ त्यो कुन कुन भौगोलिक क्षेत्र र समुदायमा कति घट्यो भनेर भन्न सकिने स्थिति छैन। यसरी गरिबी न्यूनीकरणको लक्ष्य नवौं योजनामा आंशिक मात्रामा मात्र हासिल हुन सकेकोले दशौं योजनामा पनि गरिबी न्यूनीकरणलाई नै योजनाको प्रमुख उद्देश्य राखिएको छ। यस योजनाको अन्त्यसम्ममा गरिबीको रेखामुनिको जनसङ्ख्याको अनुपात ३८ प्रतिशतबाट योजना अवधिमा आर्थिक वृद्धिदर ६.२ प्रतिशत कायम हुन सकेमा ३० प्रतिशतमा झर्ने र ४.३ प्रतिशत कायम रहेमा ३३ प्रतिशतमा झर्ने अनुमान गरिएको छ।

विश्व बैंकद्वारा मे १९९९ मा सार्वजनिक गरिएको ***"नेपाल: पोभर्टि याट द टर्न अफ दी टवेण्टी फस्ट सेन्चुरी"*** शीर्षकको प्रतिवेदन अनुसार नेपालमा सन् १९७६ देखि १९९५/९६ सम्म अर्थात् दुई दशकको अवधिमा गरिबी घटेको कुनै प्रमाण भेटिंदैन। वास्तवमा आर्थिक वर्ष १९८५/८६ देखि १९९५/९६ सम्मको अवधिमा नेपालमा गरिबी बढेको छ। उक्त प्रतिबेदन अनुसार गरिबीको रेखामुनिका जनताको अनुपात यथावत् रहेको अवस्थामा जनसङ्ख्या वृद्धि दरसँगसँगै गरीबहरूको सङ्ख्या पनि बढ्दै जान्छ। यस आधारमा सन् १९७६ मा नेपालमा गरिबीको रेखामुनिको जनसङ्ख्या ५७ लाख रहेकोमा सन् १९९६ मा ९२ लाख पुगेको अनुमान गरिएको छ।

**नेपालमा गरिबी व्यापक हुनाका कारणहरू**

दशौं योजनाले नेपालमा गरिबी व्यापक मात्रामा रहनुमा निम्न कारणहरू रहेको देखाएको छः

१. आर्थिक वृद्धिदर न्यून हुनु (विगत ३ दशकको अवधिमा नेपालको आर्थिक वृद्धिदर औसतमा ४ प्रतिशत मात्र रह्यो भने जनसङ्ख्या वृद्धिदर वार्षिक २.५ प्रतिशत रह्या)।

२. नेपालको कुल जनसङ्ख्याको ७८ प्रतिशत भन्दा बढी जनता कृषिमा आधारित छन्। कृषि परम्परागत र निर्वाहमुखी छ। उत्पादकत्व अत्यन्त न्यून छ। नेपालको कृषि मनसुनमा निर्भर छ। त्यसैले कृषि उत्पादनमा ठूलो उतार-चढाव भई रहन्छ। त्यस अतिरिक्त ७० प्रतिशत किसानको जमिन एक हेक्टरभन्दा कम छ। त्यसैले कृषिमा आधारित जनसङ्ख्या गरीब छ।

३. गैरकृषि क्षेत्रको विस्तार भएको छ। तर यो विस्तार शहरी क्षेत्रमा मात्र केन्द्रित छ। त्यसैले गैरकृषि क्षेत्रको विस्तारले शहरी क्षेत्रको गरिबी घटाएतापनि ग्रामीण क्षेत्रको गरिबी बिल्कुलै घटाउन सकेको छैन।

४. नेपालमा मानव विकास सूचकाङ्क अत्यन्त न्यूनस्तरमा छ। त्यसैले उनीहरूको उत्पादन र आय आर्जन क्षमता अत्यन्त कमजोर छ। त्यसैले गरिबी व्याप्त छ।

५. सरकारी खर्चको व्यवस्थापन अव्यवस्थित र चुहावट बढी भएकोले सरकारी लगानीबाट गरिबी घट्न सकेको छैन।

६. गरिबी घटाउने कार्यमा सरकारको भूमिका अत्यन्त अपर्याप्त रहेको छ। राजनीतिक अस्थिरता, शान्तिसुरक्षाको थप समस्या आदि कारणले सरकारको ध्यान र साधन पूर्ण रूपमा गरिबी न्यूनीकरणतर्फ केन्द्रित हुन पाइरहेको छैन।

७. गरिबी न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू प्रभावहीन हुनुबाट पनि नेपालमा गरिबी व्यापक भएको छ।

८. बि.सं.२०५८ सालको जनगणना अनुसार नेपालमा सक्रिय जनशक्ति १ करोड ४ लाख ८२ हजार छ। प्रत्येक बर्ष श्रम बजारमा ३ लाख श्रमशक्ति थपिने गरेको छ। नवौं योजनाको अन्त्यसम्ममा कुल ९९ लाख ५९ हजार सक्रिय जनशक्तिले रोजगारी पाई रहेको थिए। यस अनुसार नेपालमा ५ प्रतिशत जनता पूर्ण बेरोजगार छन् भने ३२.३ प्रतिशत अर्धबेरोजगार छन्। यसलाई समेत समाबेश गर्दा

नेपालमा बेरोजगारी १७.४ प्रतिशत रहेको अनुमान गरिएको छ । यसले पनि नेपालमा गरिबीको अनुपात निरन्तर बढाएको छ ।

**गरिबी घटाउने रणनीति र कार्यक्रम**

दशौं योजनाले गरिबी घटाउनको निमित्त तल उल्लेखित नीति र तदनुरूपका कार्यक्रमहरू निर्धारण गरेको छः

१. उच्च, फराकिलो र दिगो आर्थिक बृद्धि दर हासिल गर्नेः यस्को लागि कृषि, सहकारी, बन तथा भूसंरक्षण, भूमिसुधार, कृषि तथा ग्रामीण कर्जा आदि क्षेत्रहरूमा जोड दिने ।

२. सामाजिक क्षेत्र बिकासः यस अन्तर्गत शिक्षा, स्वास्थ्य, पिउने पानी, महिला, बाल बालिका तथा समाज कल्याणमा जोड दिने ।

३. गरिबी केन्द्रित क्षेत्रमा लक्षित कार्यक्रमहरू संचालन गर्नेः यस अन्तर्गत दलित तथा उपेक्षित समुदाय, आदिबासी, जनजाती आदि जाती तथा समुदायहरूको उत्थानमा बिशेष जोड दिने ।

४. सुशासनः बिकेन्द्रिकरण, मुल्यांकन, बिकास प्रशासन र मानब अधिकारको बिकासमा जोड दिने ।

यसरी फराकिलो र उच्च आर्थिक बृद्धि दर हासिल गर्नु गरिबी निबारणको निमित्त अति उपयुक्त उपाय निश्चित रूपमा हो । तर फराकिलो र उच्च आर्थिक बृद्धि दर बढी मात्रामा चाहनाको अभिब्यक्ति हो । ब्यबहारिक दृष्टिले यो सफल प्रमाणित रणनीति होईन । किनभने उच्च आर्थिक बृद्धि दर हासिल गर्नको निमित्त आबश्यक हुने लगानीको प्रकृति, लगानी गर्ने आयोजना र कार्यक्रम बेग्लै खाल्का हुन्छन् जुन फराकिलो (ब्रोड बेस्ड) नहुन सक्दछन् । आर्थिक बृद्धि दरलाई ब्रोड बेस्ड पार्ने बेग्लै खालको लगानी नीति र आयोजना तथा कार्यक्रमहरू हुन्छन् जसबाट आर्थिक बृद्धि दर उच्च नहुन सक्दछ । त्यसैले आई.एम.एफ. र बिश्व बैंकले "प्रो पुअर ग्रोथ" भन्ने गरेतापनि ब्यबहारमा त्यो कुरा सम्भब सिद्ध भएको पाईएको छैन । त्यसैले आई.एम.एफ. र बिश्व बैंकको यो अवधारणा पनि चाहनाको अभिब्यक्ति (विसफुल थिङ्किङ) मात्र हो ।

**पी.आर.एस.पी तथा पी.आर.जी.एफ**

नेपालले दशौं योजनामा प्रस्तुत गरेको गरिबी न्यूनीकरण कार्यक्रमलाई आईएमएफ र बिश्व बैंकको ऋण सहायताको निमित्त गरिबी न्यूनीकरण रणनीति पत्र (पी.आर.एस.पी) मा रूपान्तरित गरी त्यस्को आधारमा बिश्व बैंकबाट गरिबी न्यूनीकरण तथा आर्थिक बृद्धि सुबिधा (पी.आर.जी.एफ.) अन्तर्गत करिब रू. ५ अर्ब बराबरको ऋण प्राप्त गरी सकेको छ । यसरी नेपालले गरिबी न्यूनीकरणको निमित्त तयार गरेको रणनीतिलाई आई.एम.एफ. र बिश्व बैंकले अनुमोदन गरेका छन् । तर त्यो ऋण गरिबी न्यूनीकरण कार्यक्रमको लागि दिईएको भनिएतापनि ऋणको निमित्त राखिएका शर्तहरू भने नेपाली अर्थतन्त्रलाई अरू खुला र उदार बनाउने प्रकृतिका छन् । बर्तमान परिस्थितिमा उपरोक्त रणनीति पत्रमा उल्लेखित गरिबी न्यूनीकरणका कार्यक्रमहरू नेपालमा कार्यान्वयन् हुन सक्दैनन् भन्ने कुरा आई.एम.एफ. र बिश्व बैंकलाई थाह नभएको होईन । बिश्व बैंकबाट प्राप्त उक्त ऋण रकम सरकारले खर्च गर्न नसकेर खातामा बचतको रूपमा त्यसै राखी रहनुबाट यस कुराको पुष्टि हुन्छ । तर त्यसो हुंदा हुंदै पनि बिश्व बैंकले पी.आर.जी.एफ. अन्तर्गत नेपाललाई त्यत्रो ऋण दिनमा जुन आतुरता देखायो त्यसबाट यो ऋणको उद्देश्य नेपालमा गरिबी न्यूनीकरण होओस् भन्ने भन्दा पनि यो ऋणको आधारमा नेपालमा हालसम्म उदारीकरण अन्तर्गत गर्न नसकिएका गम्भिर प्रकृतिका उदारीकरण कार्यक्रमहरू सम्पन्न गर्न सकियोस् भन्ने हो भन्ने कुरा प्रमाणित हुन्छ ।

**कथा**

**सदस्यता शुल्क**

**वाङ् य्वान च्येन**

महिनैपिच्छे पार्टी सदस्यता शुल्क बुझाउँदा र हाम्रा टोली नेताले शुल्क मेरो नाउँमा दर्ता गरेको देख्दा मलाई सधैं एकनासको अनुभव हुन्छ, म आफ्नो हृदयमा एक किसिमको ज्योति बलेको अनुभव गर्छु र मेरो मनमा १९३४ को शरद ऋतुका घटनाहरूको सम्झना एकदम आलो हुनथाल्छ ।

त्यो साल हाम्रो निम्ति फुकिएन, क्वाङतुङ र कियाङ्सी यी तीन प्रान्तहरू बीचको सिमानामा अति कठीन संघर्षको थालनी हुने साल थियो । हाम्रो लाल सेनाका प्रमुख फौजहरूको एक भाग त्यस ठाउँबाट हिंडेर अगुवा रक्षा दलमा सामेल भइसकेको थियो । यो अगुवा रक्षक दल जापानको अतिक्रमणको प्रतिरोध गर्न उत्तरतिर लम्किरहेको थियो । लालसेनाको बाँकी फौज लामो लम्काईमा केन्द्रीय लालसेनासित सामेल हुन अप्रिल महिनामा त्यहाँबाट गइसकेको थियो । बैरीको कब्जामा रहेको इलाकाको पछिल्लो भागमा संघर्ष चालू राख्न त्यहाँ रहेको हाम्रो सानो पल्टनमाथि एक उन्मत्त “घेराउ र सखाप” अभियानको सिलसिलामा क्वोमिन्ताङ डाँकाहरूले धावा बोले । अटूट संघर्ष चलाउन आफ्नो दलबललाई जोगाउनको लागि पहाडतिर लाग्न हामीलाई करै लाग्यो ।

तर पहाडमा बसेर पनि हाम्रो पल्टनले स्थानीय भूमिगत संघर्षहरूमा नेतृत्व गर्ने काम गरी नै रह्यो । हाम्रो पल्टनका राजनीतिक प्रशिक्षक बेई छिए काउन्टी पार्टी समितिका सचिव थिए । कैयन् गुप्त संचार माध्यमहरूमार्फत् स्थानीय भूमिगत पार्टी संगठनहरूसित सम्पर्क कायम राख्दै र संघर्षलाई अघिल्तिर डोऱ्याउँदै हामीले लुकिछिपी बैरीहरूमाथि धावाहरू बोल्यौं । हामीलाई सखाप पार्न नसकिने भयो भन्ने कुरा बुझेर बैरीहरूले “गाउँघरलाई मिलाउने र तिनका बासिन्दाहरूलाई सार्ने” भन्ने कदमको सहारा लिए । यो एउटा त्यस्तो कदम थियो जसको सहाराले तिनले पहाड र बेसीका गाउँहरूमा बसोबास गर्ने जनसमूहलाई, समतल फाँटका ठूलठूला बस्तीहरूमा सार्न बाध्य गराए । वास्तवमा यो एउटा कायरतापूर्ण योजना थियो । यो कदमले हामीलाई जनसमूहबाट अलग्यायो र स्थानीय संगठनहरूलाई भताभुङ्ग पाऱ्यो । चालू राख्न हामीले पुनर्गठित हुनुपऱ्यो ।

हामी पहाडमा हट्नुभन्दा अघि म हामीतर्फको गुप्तचर भएको थिएँ । त्यसबेला म हामीलाई सखाप पार्ने बैरीहरूको माझमा कैंयन् दिनसम्म घुमफिर गर्नेगर्थें । जनताका दैला-दैलामा जाँदा तिनले मलाई खुशीसाथ गाँस र बास दिन्छन् भन्ने कुरामा म सधैं नै ढुक्क हुन्थें । यसरी हामी कहिलेकाहीँ मौका छोपेर एक्कासी बैरीका थाप्लामा भालु मुक्का बर्साउँथ्यौं वा उसका सुरक्षा सेनाहरूको एक डफ्फालाई नै सखाप पार्थ्यौं । तर त्यहाँबाट मानिसहरू अन्त सरेपछि अब जीवनमा यस्तो रोमाञ्चकारी किसिमको कुनै चीज रहेन । कैंयन् दिनको संघर्षमार्फत् मितेरी गाँठो कसिएका मानिसहरू बेगर बस्नुपर्दा हामीलाई जति नरमाइलो लाग्थ्यो गाँस-बासको चाँजो मिलाउँदा आइलाग्ने सारा-गारा भोग्नुपर्दा भने हामीलाई त्यति नरमाइलो लाग्दैनथ्यो । हामीलाई आफूभित्र मनग्गे तागत भएझैं लाग्थ्यो तर त्यो तागत प्रयोग गर्ने मौका भने हात लाग्दैनथ्यो ।

स्थिति निकै असल हुन लागेको बेलामा कामरेड वेई छिएले मलाई डाकी पठाए र पहाडी इलाका बाहिरका स्थानीय पार्टी संगठनहरूसित सम्पर्क राखेर सम्पर्क सूत्रको काम गर्न अह्राए ।

यो काममा खटिन पाउँदा म दिलैदेखि खुशी भएँ । खसोखास कुरा के भने यो काम मेरो यसअघिको गुप्तचरको कामसित ठ्याक्कै मिल्दो खालको चाहिँ थिएन । अब मैले बडो गोप्यरूपले, ‘गाउँ-घरलाई मिलाउने’ अभियानले गर्दा टुट्न गएको भूमिगत पार्टी संगठनहरूको सूत्र पहिल्याउनुपर्थ्यो र भविष्यमा गरिने कारबाहीहरूको तालमेल गराउने हेतुले विभिन्न गाउँहरूका काउन्टी पार्टी समिति र पार्टी शाखा संगठनहरूका छापामार दलहरूलाई एकसूत्रमा बाँध्ने कामको चाँजोपाँजो मिलाउनुपर्थ्यो । मलाई खटाइएको ठाउँको नाउँ आठ कुनै खाल्डो थियो । यो एउटा ठूलो गाउँ थियो र यो हालै तीन चार गाउँका बासिन्दाहरूलाई जबर्जस्ती सारिएका बस्तीहरूदेखि उति टाढा पर्दैनथ्यो । मैले एउटी आइमाईसित सम्पर्क राख्नुपर्ने भएको थियो । उनको उमेर त्यस्तै पच्चीस-छब्बीस वर्ष हुँदो हो । उनको नाउँ व्हाङसिन थियो । उनी १९३१ मा पार्टीमा भर्ती भएकी थिइन् । १९३२ मा लालसेनाले नयाँ

सदस्यहरू भर्ती गरेको बेलामा आफ्नै रहरले रोजेको लोग्नेलाई लालसेनामा भर्ती हुनदिने पहिला आइमाईहरूमध्ये उनी पनि एकजना थिइन् । उनका लोग्ने लामो लम्काईमा अध्यक्ष माओको पछि लागे अनि उनीचाहिँ पाँच वर्ष पनि नपुगेकी आफ्नी सानी छोरीसँग त्यहाँ बसिन् । 'गाउँघरलाई मिलाउने' अभियानमा उनको सिंगो गाउँलाई पूरापूरी ध्वस्त पारे अनि त्यसैले गर्दा उनलाई अरू मानिसहरूसँग आठ कुने खाल्डोमा आएर बस्न करै लाग्यो । उनीले पार्टी क्रियाकलापहरूलाई संगठित तुल्याउने काममा सक्रिय रूपले भाग लिइरहेको र उनी बफादार र विश्वास गर्न लायककी भएको कुरा हामीलाई थाहा थियो । त्यसैले काउन्टी पार्टी समितिले मलाई पछिपछिका भूमिगत क्रियाकलापहरूसम्बन्धी निर्देशनहरूसाथ उनकहाँ खटाएको थियो ।

यी सारा कुरा मैले हाम्रा राजनैतिक प्रशिक्षक कामरेड वेई छिएबाट थाहा पाएँ । आठ कुने खाल्डोका छेउछाउको ठाउँ के कस्तो होला भन्ने विषयमा मेरो मनमा धमिलो चित्रमात्र थियो अनि पहिले त्यहाँ काम गरेको बेलामा कामरेड व्हाङसिनसित मेरो पटक्कै भेटघाट भएको थिएन । उनलाई चिन्न मलाई गाह्रो नपरोस् भनेर कामरेड वेई छिएले उनको कानको लोतीमा कालो कोठी छ भन्ने कुरा मलाई बताउनुभएको थियो ।

अनि यसरी मैले मेरो पोको-पन्तुरो तयार पारें, बर्दी फुकालेर सादा लुगा लगाएँ र अन्धकारको घुम्टो ओढेर म पहाडबाट हिंडे ।

आठ कुनै खाल्डो त्यहाँबाट पाँच कोषभन्दा टाढा पर्थ्यो । बाटो अलि लामो भएको र मैले अझ घुमाउरो बाटो हिंड्नुपरेकाले राती अबेर मात्रै म त्यहाँ पुगें । पहिले यो गाउँ आधार इलाकाभित्र परेको थियो । म त्यहाँ जाँदा त्यति ठूलो ठाउँमा मानिसहरू दिउँसोको बालीनालीको काम सिध्याएपछि सभाहरू गर्नमा, रात्री पाठशालाहरू लेखपढ गर्नमा व्यस्त हुन्थे । ढोल र मजुराहरूको तालमा गीतहरू गुन्जिन्थे । त्यो मानिसले चिताएजस्तै बडो सजीव दृश्य हुन्थ्यो । तर अहिले भने त्यहाँ फिटिक्क कुनै हलचल थिएन, एउटासम्म पनि बत्ती बलेको थिएन । अन्धमुष्टी अँध्यारोमा त्यो ठाउँ चिहानघारी जस्तै थियो । त्यहाँ सुनिने एकमात्र आवाज कुनै बैरीको चौकीदारको मुखबाट निस्केको संकेत शब्द सोधाईको चिच्याहट मात्र थियो सके तिनीहरू आफ्नो 'मिलाउने' नीतिद्वारा हाम्रा आधार इलाकाका मानिसहरूलाई साँच्चि नै दबायौं भन्ठानिरहेका थिए होलान् । तैपनि बाहिरबाट यसो हेर्दा निर्जीव जस्तो लाग्ने यस गाउँमा जताततै अझै पनि आगाका झिल्काहरू दबिएर रहेका थिए । ढिलो वा चाँडो ती झिल्काहरूबाट ज्वाला निस्केर आगाका लप्का फिंजिने कुरा पक्कापक्की थियो ।

हाम्रा राजनैतिक प्रशिक्षकको निर्देशनअनुसार म गाउँको पूर्वी कुनादेखि लिएर छाप्राहरू गन्दै सुटुक्क सत्रौं छाप्रोमा पुगें र खुट्टाका पन्जा टेकेर त्यो छाप्रोको ढोकामा उभिएँ । राति यति अबेर पनि बत्ती बलिरहनु कति अचम्मको कुरा । सारै नजिक आएपछि मानिसले त्यो बत्ती देख्न नसकून् भन्ने हेतुले छेकिएको थियो । भित्र कोही गुन्गुनाउँदै थियो । त्यो मसिलो गुनगुन आइमाईको आवाजमा आइरहेको थियो । त्यो भाका सुन्दा त्यो गीत हाम्रो लालसेनाले मानिसहरूलाई भर्ती गरेको बेलामा नामी भएको गीतको भाका हो भन्ने कुरा ठम्याउन मलाई बेर लागेन ।

गएका मेरा प्यारा खसम लालसेनासाथैमा,
पहिला हुनु हे मेरा खसम धावाको बेलैमा ।
क्रान्तिको लागि गएछ भने हे खसम तिम्रो ज्यान,
काँधैमा लिई लम्कुला अघि त्यो तिम्रो असल काम ।

गएका मेरा हे प्यारा खसम लालसेना साथैमा,
साँचेर राखे बिदाइ मेरो दिलको काखैमा ।
लालसेनासँग छौ भनी खसम सम्झेर ल्याउँदा

रमाउँछ यो दिल बारी र खेतमा काम गर्दै कल्पिंदा ।
मैले यो गीत सुनेको निकै भइसकेको थियो । यस्ता बेलामा अहिले यो गीत सुन्दा मेरो दिलको घाउमा मलम लगाएजस्तै भयो । त्यो बेला मेरो मनमा यस्तो भावना जागेर आयो: मानिसहरूका हृदय अझै पनि लाल छन्, उनीहरू अझै पनि लालसेनालाई सम्झिरहेका छन् र तिनले जतिसुकै दुःखसास्ती व्यहोर्नुपरेको भएपनि तिनको मनको द्यौरालीमा अझै पनि क्रान्तिको ध्वजा माथिमाथि फहराएर दिनहरूको सम्झना नै सबैभन्दा ताजा छ । सके त्यो गीत गाउने कमरेड व्हाङ सिन नै पो हुन् कि । होइन भने तिनले लामो लम्काईमा गएको आफ्नो खसमलाई सम्झेझैं गरी किन घरीघरी बिसाउँदै गीत गाएकी होलिन् ? मलाई लालसेना र आफ्नो खसमलाई सम्झिरहेकी एउटी लालसेनाकी जहानको विचारको सिलसिलालाई बिथोल्न मन लागेको थिएन । तर मलाई त्यसो गर्न करै लाग्यो किनभने रातको यो प्रहर मेरो कामको लागि अति अनमोलको थियो । त्यसकारण म छिटो ढोकाको एकातिर आड लिएर उभिएँ अनि पहिले नै मिलाएको संकेत अनुसार मैले ढोका ढक्ढक्याएँ ।
घरमा तत्काल सुनसान छायो । मैले संकेत फेरि दोहोऱ्याएँ । त्यसपछि मैले पाइलाको आवाज सुनें अनि मलाई भित्र डाक्न ढोका खुल्यो ।
तर मैले ठेलो नाघेको मात्र के थिएँ म झसंग भएँ । त्यो सानो घरमा तीनजना मानिस पो रहेछन्-दुईटी आइमाई र एकजना बूढा । उनीहरू बन्दाकोपीको ठूलो डालो वरिपरि झुरूम्म बसेर आँखा पटक्कै नउठाइकन कोपीको पात टिप्न ब्यस्त रहेछन् । तिनले मेरो एकरत्ति वास्ता नगरेझैं लाग्यो, मानौं म त्यहाँ आएको कुराको समेत पनि तिनलाई चेत भएन । म अलमल्ल परें । ह्वाङसिन ती दुईमा कुनचाहिँ होलिन् ? यस्तो थितिमा फिटिक्क सानो बिराम भयो कि मेरो जीवन नै भूस हुन्थ्यो । त्यतिमात्र कहाँ र, यसबाट हाम्रो सिंगो संगठनलाई हानी नोक्सानी हुनजान्थ्यो । एक क्षणपछि मलाई यसो केही भनिहेर्नुपऱ्यो भन्ने लाग्यो । “अहो, म त बाटो बिराएर पो यहाँ आएँ कि कसो ?”
मेरो यो भनाइले बडो चमत्कारको काम गऱ्यो । ती सबैले मुन्टो उठाएर मलाई हेरे । मैले बिजुलीको चालले सबै जनालाई पुलुक्क हेरे अनि भूइँमा बसेकी आइमाईको कानको लोतीमा कालो कोठी देखें । हर्कले गद्‌गद् हुँदै मैले उनलाई नाम काडेर बोलाइहालें । ‘बहिनी व्हाङ, हैन तिमी त मलाई चिन्नै छाड्यौ कि कसो ? मैले तिम्रो खसम, लु भाइको अर्को चिठ्ठी ल्याएको छु ।’ यति कुरा पनि ठ्याम्मै मिल्यो, किनभने क्वोमिन्ताङको सेतो आतंक फैलिएदेखि यता उनले सधैं नै आफ्नो खसम अन्त कतै एउटा धूप ब्यापारीको पसलमा काममा लागेको कुरा बताएकी रहिछन् ।
उनी साधारण गृहिणीमात्र थिइनन्-उनमा स्थिति केलाउन सक्ने मनग्गे चेत थियो । उनले पुरानो साथीलाई झैं मलाई स्वागत गर्दै झरिला आँखाले हेरिन् अनि मलाई बसाउन एउटा टुल तानिन् । त्यसपछि कोठामा भएका अरू दुईजनासँग उनले भनिन्, “तपाईंहरूले अलिकति कोपी लिएर जानु भए जाति होला । अचार बनाउने नून आएपछि बाँडचूँड गरौंला ।”
एक एक अँगालो बन्दाकोपी लिएर चुपचाप जान लाग्दा तिनले सुखद् मुस्कानसाथ मलाई हेरे ।
सके राम्ररी यताउति चियो-टहल गर्न होला, उनी पनि उनीहरूका पछिपछि बाहिर गइन् । म पुरानो जनपक्षीय गुप्तचर थिएँ, त्यसैले गुप्तचरका आँखाले मैले त्यो मौका छोपेर लालसेनाको लडाकूकी जहानको घर यसो सर्लक्क जाँचे । उनी हाम्रो पार्टीको भूमिगत संगठनकी सदस्य थिइन् । त्यो छाप्रो बाँसका टाटीले बनेको थियो र त्यस बाहिर माटाको लिउन लगाएको थियो । एउटा भित्तामा एउटी सानी केटी परालको नलको थुप्रोमा झुत्रो सिरक ओढेर मस्तसँग निदाएकी थिई । उसले अटुट-अटुट सास फेर्दा उसका नाकका पोरा सुस्तरी चलिरहेका थिए । यो केटी पक्का पनि व्हाङ सिनको छोरी होली । कोठाको एक कुनामा एउटा भात पकाउने मोसो लागेको माटाको भाँडो थियो । मैले मास्तिर यसो पुलुक्क हेर्दा छानोमुनि केही झुत्रा सरसामानहरू र कैंयन् मुठा उखुका लाँक्रा थन्क्याइएका थिए … ।

त्यो आइमाई फर्केर आउँदा मैले यसरी सारा कुरामा आँखा लगाइसकेको थिएँ । भित्र पसेपछि उनले ढोका लगाइन् र टुकीलाई अझ राम्ररी ओझेल पारिन् । त्यसपछि मेरो अगाडि बसेर उनले भनिन्, “भर्खरै जाने ती दुईजना पनि हाम्रै मानिस हुन् ! हालैमात्र तिनसँग मेरो सम्पर्क भयो ।” सके केही समयअघि नै म आउने कुरा उनले सोचकी हुँदीहुन्, किनभने कुनाको एउटा दुलो देखाउँदै उनले भनिन्, “फेरि फेरि यहाँ आउँदा त्यो दुलोबाट राम्ररी चियाएर हेर्नुहोला । त्यसो भएमा आपत् विपत् पर्दैन ।” यस्तो स्थितिमा के कसरी काम गर्नुपर्छ भन्ने कुरा उनलाई खुलस्त थाहा थियो ।
उनको उमेर हाम्रा राजनैतिक प्रशिक्षकले बताएको भन्दा पनि तीसको खुट्किलो टेकेजस्तो लाग्थ्यो । पछाडि कोरेर गाँठो पारेको उनको कपाल निकै छोटो देखिन्थ्यो । त्यो देख्दा उनी “कपाल काटेर लालसेनामा भर्ती भएकी” पो हुन् कि भन्ने भान पर्थ्यो । उनको अनुहार निकै दुब्लो थियो तर उनका एक जोडा चम्किला, झरिला आँखामा दया, सौम्यता र सतर्कताको भाव झल्किन्थ्यो । आवेगको बशमा परेकी हुनाले उनका आँखा रसिला देखिए । तर उनले छिट्टै नै लुगाको एक छेउले आँखा पुछिन् ।
निकै बेरपछि बल्ल उनको बोली फुट्यो । “पार्टीबाट अलग्याइँदा मन कति साह्रो रून्छ त्यो कुरा तपाईंलाई थाहा छैन, कामरेड, म त धागो छिनेको चंगा जस्ती भएकी थिएँ । जीवन निरस भएको थियो । आफ्नो वरिपरि विपद परेका मानिसहरूलाई देख्दा लालसेनामाथि विपद आइलाग्दा मैले संघर्ष गर्दै जानुपर्छ भन्ने कुरा त मलाई साँच्चि नै थाहा थियो । तर समस्या के थियो भने कसरी गर्ने ? तर अब मेरो पार्टी समितिसित फेरि सम्पर्क भएपछि भने सब कुरा ठीकठाक भइहाल्यो । म ज्यूँदी छउन्जेल, तपाईंहरू जूँदा छउन्जेल, हामीले जसरी पनि यहाँ फेरि लालझण्डा फहराउनैपर्छ ।”
उनको मन रमाउने एउटा समाचार उनलाई सुनाउन मलाई अह्राएको थियो । म पहाडबाट हिंड्दा हाम्रा राजनैतिक प्रशिक्षकले मलाई निर्देशन दिएका थिए । अनि यो कुरा कसरी भन्नुपर्ला भनेर मैले एकाएक शब्द तयार पारेको थिएँ । तर मैले त्यो कुरा भनिरहनु पर्ला जस्तो लागेन किनभने उनी आफैंले यस्तो दृढ चरित्र देखाइसकेकी थिइनन्, संघर्ष चालु राख्नुपर्ने खाँचो उनले आफैं बुझेकी थिइन्, उनले आपत् विपतबाट विचलित नहुन अठोट गरेकी थिइन् । म योभन्दा बढी कुरा के नै पो भन्न सक्थें र ? म आउनाको कारण भने उनलाई ठाडै सुनाउने मैले अठोट गरें ।
तर मैले त उनलाई काउन्टी पार्टी समितिको निर्देशन पो सुनाउनुपरेको थियो । उनले एकछिन सोचेर भनिन्, “हेर्नोस् न, तपाईंलाई भेट्न पाएपछि मैले त खुशीले सारा कुरा बिर्सेछु, पहिले म तपाईंलाई यसो केही खाने कुरा टक्र्याउँ है ।” अनि उनले माटाको भाँडाको बिर्को उघारिन् र मसिनो पारेर काटेको बन्दाकोपी र सखरखण्ड भरेका दुइटा रोटी निकालिन् । उनले एउटा घैलाबाट एउटा नून हालेको गाजर झिकिन् । यी परिकारहरू मेरो अगाडि राखिदिंदै उनले भनिन् “गाउँहरू एकै ठाउँ जम्मा पारेदेखि यता हामी पहाडदेखि धेरै टाढा भएका छौं र क्वोमिन्ताङ पिसाचहरूले हाम्रो चियोचर्चो गरेका छन् । त्यसैले हामीले तपाईंहरूलाई यता खानासाना पठाउन सकेका छैनौं । तपाईंहरूले बडो कष्ट काट्नुपरेको होला । तपाईंलाई म मिठोमसिनो खान्की टक्र्याउन सक्दिनँ, मैले तपाईंलाई टक्र्याउन सक्ने जम्मा चीज यही नै हो ...”
रातभरिको हिंडाइले गर्दा म भोकले हिरिक्क हुन आँटेको थिएँ, अनि मैले नून चाख्न नपाएको कति धेरै समय भएको थियो भने गाजरको अचार देख्नासाथै मेरो जीब्रो रसायो । त्यसैले अरू कुरा नगरी म खान थालिहालें । अचार बनाउन पुग्दो नून नभएकाले गर्दा गाजरको स्वाद अलिकति नुनिलो थियो । तैपनि मेरो लागि त्यो काइदाको खान्की थियो । अनि नूनको स्वाद पाउनासाथै नूनको डरलाग्दो खाँचो परेको ठाउँमा उता पहाडमा बस्ने मेरा कामरेडहरूका स्याप्प सुकेका अनुहारहरूको मलाई सम्झना भइहाल्यो । मैले खाँदाखाँदै उनलाई पछिपछिका पार्टीका भूमिगत कारबाहीहरूको हाम्रा राजनैतिक प्रशिक्षकले पठाएका निर्देशनहरू सुनाएँ । निर्देशनमा कैयन् कुरा परेका थिए, जस्तो कि बैरीका गतिविधिबारे जानकारी पठाउनु, जमिन्दारहरूबाट गरिने कुत उठाउने काम र जग्गाजमीन हडप्ने कामको विरूद्ध

प्रतिरोध चलाउनु, यसो गर्दा आइलाग्ने अप्ठेराहरू र तिनलाई सुल्भाउने तरिकाहरू आदि आदि । उनले सकार सूचक ढंगले मुन्टो हल्लाउँदै सुनिन्, बेलाबेला प्रश्नहरू सोधिन् । मैले कुरा टुंग्याएपछि उनले भनिन्, "राजनैतिक प्रशिक्षक वेईले भन्नुभएका कुरा सही हुन् । तर स्थितिलाई राम्ररी केलाउन मलाई बानी भइसकेको छ । १९२९ मा पहिलो पटक संघर्षमा लागेपछि मैले यी कुराको चेत पाएकी हुँ, अनि "घेराउ अभियानहरू" को विरूद्ध हामीले जे जति संघर्ष गऱ्यौं त्यसबाट पनि मैले यी कुराको चेत पाएकी छु। त्यसकारण मलाई म अहिले पनि यो काम गर्न सक्छु भन्ने लाग्छ ।" सबै अप्ठेराहरू, जिम्मेदारीहरू पूरा गर्ने बाचा बाँधेको बेला उनको स्वर दरिलो र आत्मविश्वासले भरिपूर्ण थियो ।

भाले बास्न थाल्दा पनि हामी त्यहाँको परिस्थितिबारे कुरा गरिरहेका थियौं । यो मेरो पहिलो भेट भएको हुनाले मैले अब अलमल नगरिकन बिहानीपखको कुहिरोभित्र लुक्दै सुइँत्त पहाड फर्किनुपर्थ्यो । म ढोकातिर जानलाग्दा उनले मलाई रोकिन् । उनले आफ्नो ज्योकटको भित्री गोजीबाट ज्यादै खजमजिएको र पुरानो पार्टी सदस्यता कार्डसँगै एउटा पोको झिकिन् । तर उनको सदस्यता कार्डमा भएका घन र हँसिया र काउन्टी पार्टीको छापचाहिँ अझै चहकिला राता देखिन्थे । सदस्यता कार्डभित्र चाँदीका दुई डलर थिए । मलाई दिनुभन्दा अघि उनले तिनलाई आफ्नो हातमा तौलिन् । "यी डलर नानीका बाले सेनासँग जानुभन्दा अघि मलाई दिएका हुन्, कामरेड छेङ । गाउँहरूलाई एक ठाउँमा घुलमिल पारेदेखिका यतिका महिनामा मैले सदस्यता शुल्क तिरेकी छैन । बिन्ती छ, यो रकम प्रशिक्षकलाई दिनुहोला । सानै भए पनि यो रकम पार्टीको लागि केही कामलाग्दो होला ।"

तर मैले त्यो रकम कसरी लिने ? पहिलो कुरा त मलाई त्यस खालको काम गर्न निर्देशन नै दिइएको थिएन, अनि दोस्रो कुरा, सानो बालक भएकी, लोग्ने घर बाहिर भएकी, खास किसिमको आयस्ता नभएकी र अझ त्यसमाथि यस्तो गाह्रो स्थितिमा राजनैतिक काम गर्न तयार भएकी आइमाईसित कम्तीमा पनि केही न केही पैसा त आफ्नो हातमा हुनैपर्थ्यो । त्यसैले मैले भनें, "उपल्लो तहका कामरेडहरूले मलाई सदस्यता शुल्क उठाउने विषयमा केही पनि भनेका छैनन्, यसैले यो पैसा तपाईं आफूसितै राख्नोस् ।"

एकछिन सोचविचार गरेर उनले जवाफ दिइन्, "उसोभए भैगो त लौ । यस्तो अवस्थामा अलि व्यावहारिक खालको काम गर्न सके झन् राम्रो होला ।"

त्यसपछि उनले नगदको साटो जिनिसको रूपमा पार्टी सदस्यता शुल्क तिर्ने कुरा सोचिन् । उनले साँच्ची नै थिति सुहाउँदिलो काम गरिन् । उनको यो विचारबाट अब के कुरो उठ्ला भन्ने कुरा कसैले पनि सोच्न सकेको थिएन...

पन्ध्र बीस दिनपछि "गाउँहरूलाई घुलमिल गराउँदै" पनि जनताले भूमिगत गतिविधि चलाइरहेछन् भन्ने कुरा बैरीहरूका कानका परिहाल्यो, अनि केही गाउँमा त्यहाँका केही धरमरे मानिसहरूलाई हतियार बनाएर पार्टी संगठनलाई हानी नोक्सानी गराउन उनीहरू सफल भए । अब मैले आठ कुने खाल्डोमा नौलो निर्देशनहरू पुऱ्याउनुपर्ने भयो ।

कामरेड व्हाङ् सिनको छाप्रोमा पुगेपछि मैले उनले पहिले अराएझैं भित्ताको दुलोबाट यसो चियाएर हेरें । मैले के देखें भने उनी टुकीको उज्यालोमा बन्दाकोपी, गाँजर, सिमीको नून हालेको तरकारीहरूका थुप्रो छुट्याउँदै, तिनलाई एउटा ठूलो डोकामा हाल्दै र साथसाथै नानीहरूलाई थुम्थुम्याउँदै रहिछन् ।

"नचलाऊ मेरी नानी ! तिम्रो आमाले यो बेच्ने मन गरेको छ । यिनलाई बेचेर आमाका हातमा पैसा नपरून्जेलसम्म तिमी पर्ख । अनि आमाले तिमीलाई तीलको रोटी किन्दिनेछ, तिमीले जे भन्यो त्यही किन्दिने छ । लौ न मेरी नानी यो नछोऊ, नछोऊ ।"

उमेरदार मानिसहरूले झैं दु:खकष्ट खप्न नसक्ने हुनाले त्यो सानी केटी उसकी आमाभन्दा पनि दुब्ली पातली भएकी थिई । उसको सानो टाउकोलाई उसको चोयाजस्तो घाँटीले बल्लतल्ल थामेको थियो । अनि ऊ बडो निम्छरो ढंगले आमाको जिउको आड लागेकी थिई । उसले आफ्नो खान्कीमा तेल वा

नुनको स्वाद विरलै मात्र पाएकी हुनाले उसले बडाबडा आँखाले त्यो नुनिलो सागसब्जीको थुप्रो ट्वाल्ल परेर हेरिरहनु र लोभिंदै ओठ चाटिरहनु कुनै अचम्मको कुरा थिएन। आमाको थम्थम्याईलाई उसले पटक्कै वास्ता गरिन। अझ ऊ त अलिकति अचार खान देऊ भनेर कचकच गर्दै आमाका लुगा तानिरही। आखिरमा ऊ घैला भएको ठाउँमा पुगी अनि त्यसमा भएको अचारको रसमा सानो हाडे हात छिराएर औंला चाटी। त्यसो गरेपछि उसको ज्यानमा मनग्गे आँट भरियो र अनि उसले थुप्रोबाट एउटा सिमीको दानो टिपी र क्वाप्प मुखमा हाली। तर ठीक त्यही बेला उसकी आमाले मुन्टो फर्काइन् अनि बालकलाई पुलुक्क हेरेर सागपातको डोकोतिर हेर्दै उनले त्यहाँ रहलपहल पनि पन्छाइन्। त्यो देखेर त्यो विचरी बालक डाँको छोडेर रोई।

यी सारा कुरा हेर्दा मेरो छातीमा भक्कानो फुट्ला जस्तो भयो। अब भने मैले यो सहन सकिनँ। त्यसैले ढोका ढक्ढक्याएर म भित्र पसें। मैले तत्कालै व्हाङ सिनको अगाडि मनको कुरा खोलिहालें, “लौ, त्यसो गर्नु जाति भएन। तपाईंको यो चाल राम्रो भएन। यी सागपात बेच्ने नै हो भने पनि अलिकति आफ्नो नानीलाई दिंदा कति पो खति होला र ? यो सानी केटीसँग यति कठोर ब्यवहार नगर्नोस् न।”

मलाई देखेपछि उनी गहिरो सुस्केरा हाल्दै ती तरकारीहरूको विषयमा बयान गर्न थालिन्। “नून सुनभन्दा महँगो भएको यस्तो वर्षमा के यो सागपात मैले साँच्चि नै बेच्न मन गरेकी हुँ भन्ने तपाईंलाई लाग्या हो कि कसो ? बेच्ने नुनिला तररकारी कोसँग पो होला र ? हामी दुईचार जना पार्टी सदस्यहरूले हाम्रो सदस्यता शुल्क बुझाउने विचारले यो जम्मा पारेका हौं। यसो गर्नाले माथि पहाडमा बस्ने तपाईं कामरेडहरूको हालत अलि राम्रो होला कि भन्ने हामीलाई लागेको छ। तपाईंको बाटो हेर्दै हामीले भर्खरै यी चीज तयार पारेका छौं।”

यी बन्दाकोपी र सागसब्जीहरू तिनै म पहिलो पटक आउँदा, तिनले टिप्दै गरेका सागसब्जीहरू हुन् भन्ने कुराको अहिले मलाई झल्यास्स सम्झना भयो।

व्हाङ सिनले पहिले मलाई पुलुक्क हेरिन्, अनि त्यसपछि आफ्नो नानीलाई हेरिन् र मसँगभन्दा पनि आफैंसँग भनेझैं गरी भनिन्, “हाम्रो पार्टी रहुन्जेल, हामीसित लालसेना रहुन्जेल, यस्तो सम्झनोस् त, तिनले यो सेतो आतंकबाट कति केटाकेटीलाई बचाउन सक्लान् ?”

मैले उनको नानीलाई हेरें। अहिले ऊ रून छाडेर त्यही अचारको रस भएको घैलातिर आँखा सोझ्याउँदै थिई। मैले थुप्रोबाट एकमुठ्ठी सिमी लिएर उसलाई दिंदै व्हाङ सिनसँग भने, हाम्रा पीरमर्काको फिक्री नलिनोस्। यति जाबो घट्दैमा केही बिग्रंदैन। यो बालकको दिल रोएको हेर्नुभन्दा बरू म त दस दिन भोकै बस्न सक्छु।

मेरो मुखबाट यी बचन चुहिसक्न नपाउँदै बाहिर कसैका हत्पत्ते पाइलाको आवाज सुनियो। कसैले ढोकानिर आएर बिस्तारी ढोका ढक्ढक्याउँदै साहुती गऱ्यो, “चाँडो, ढोका उघार, चाँडो।”

हामीले ढोका घुरूक्क उघार्दा म पहिलोपटक आउँदा बन्दाकोपीको पात टिपिरहेकी त्यो अर्की आइमाई स्वाँ स्वाँ सास फेर्दै त्यहाँ उभिएकी थिई। “उता पहाडबाट एकजना मानिस यहाँ आएको छ रे भन्ने कुराको पोल कसैले खोलेछ। अब बैरीहरूले खोजतलास गर्नेछन्। लौ, चाँडो सुइँकुच्चा ठोकिहाल। म अरू मानिसहरूलाई यो खबर सुनाउँछु।” यति भनेर ऊ त्यहाँबाट हिंडिहाली।

यो कुरा सुनेपछि व्हाङसिनलाई आपत विपत् नपरोस् भन्ने सोचेर मलाई त्यहाँबाट तत्कालै बाटो लाग्न मन लागेको थियो। तर उनले पाखुरो समातेर मलाई रोकिन्। “तिनले खोजतलास गरे भने एउटा चरो मूसो समेत पनि नफुत्किने गरी तिनले सारा गाउँलाई घेर्नेछन्। तपाईं यसरी कहाँ जान सक्नुहोला र ? बरू तपाईं ऊ, त्यहाँ लुक्नुभए जाती होला।”

मैले यो सम्भावनाबारे पनि यसो सोचविचार गरेको थिएँ। तर उनलाई नमुछ्न पऱ्यो भन्ने विचारले मलाई अझै पनि त्यो घेरा तोडेर बाहिर निस्किन कोसिस गरूँ कि जस्तो लाग्यो। यो कुरा सुनेर उनको अनुहार ज्यादै कठोर भयो। उनको अनुहार अँध्यारो भयो अनि अब उनको बोली एकछिन अघिको जस्तो

नरम र मायालु लागे। उनले साह्रै दरिलो अठोट गर्दै इस्पात जस्तै दरिलो स्वरमा भनिन्, "भूमिगत कामको अनुशासनको हेक्का राखेर तपाईंले मेरो कुरो मान्नैपर्छ। हाम्रा पार्टीको निम्ति तपाईंले ज्यूँदो रहनैपर्छ।" यति भनेर उनले मास्तिरको बुईगलतिर देखाइन्, "त्यहाँ गएर लुक्नोस्। अनि आकासै खसेछ भने पनि हलचल नगर्नोस्। जे जसो गर्नुपरे पनि म गरूँला।"
यतिखेरसम्ममा बाहिर खल्बल मच्चिसकेको थियो। चिच्याहट र पाइलाको आवाज झन्झन् नजिक आइरहेको थियो। म बुईंगलमा चढें। बुईंगलको भूइँको सानो दुलोबाट मैले तल के कसो भइरहेको छ भन्ने कुरा चियाएर हेरें। मैले के देखें भने व्हाङसिनले नूनको तरकारी राखेको घैलाको मुखमा परालको बुजो लाइन्, त्यसपछि नानीलाई उठाइन् र म्वाई खाँदै परालको थुप्रो राखिन्, त्यसपछि मतिर फर्केर उनले भनिन्, "लौ हामी धरापमा पऱ्यौं कामरेड छङ, तिनले हामीलाई फेला पारे। मलाई केही भइहाल्यो भने पीर नमान्नु होला आठ कुने खाल्डोको पार्टी संगठन छँदैछ। जिम्दारले जग्गा-जमिन हडप्दा के कसो गर्नुपर्ने हो भन्ने विषयमा योजना तयार भइसकेको छ। अर्को बाजी आउँदा तपाईंले कामरेड मिन-यिङसँग सम्पर्क राख्नुहोला। ती अहिले भर्खरै जनाउ दिन आउने आइमाई उनै हुन्। हेक्का राख्नोस् है-गाउँको पल्लो छेउदेखि गन्दा उनको छाप्रो बाटाको पारिपट्टिको चौथो चाहिं हो। अगाडिको सानो बरको रूखको निसानाबाट तपाईंले त्यो ठाउँ चिन्नुहुनेछ।"
"तपाईंले यी सागपातहरू उता पहाडमा पुऱ्याउने कुनै न कुनै जुक्ति निकाल्नैपर्छ।" सागसब्जी औंल्याउँदै त्यसपछि उनले भनिन् -"हाम्रो सदस्यता शुल्क यही नै हो !"
उनले रोकिएर एक्कै छिन बाहिरको हल्लाखल्ला सुनिन् अनि फेरि दयालु स्वरमा भनिन्, "जानीको स्याहार-सुसार गरिदिने कोही मानिस फेला पऱ्यो र तपाईंले लानसक्नु भयो भने यसलाई तपाईंसँग कि उतै पहाडतिर कि अन्त कतै लगिदिनुहोला। अनि हाम्रो लालसेना फेरि फर्केर यहाँ आयो भने यसलाई उसैको बाबुको हातमा सुम्पिदिनुहोला ...।"
उनी फेरि अडिइन्। उनको दिलमा उथलपुथल मच्चिरहेको कुरा टड्कारो थियो। "अर्को एउटा कुरा", उनी भन्दै गइन्, "मेरो पार्टी सदस्यता कार्ड र अघिल्लो बाजी मैले तपाईंको हातमा पठाउन खोजेको त्यो पैसा पनि साथै लगिदिनुहोला। मैले चाँदीको डलरको नुन किनें, अनि अर्को अर्को डलर मैले ऊ त्यो माटाको भाडोमा लुकाएकी छु। जे जस्तो परे पनि तपाईंले कसैगरी यी चीज लगिदिनुहोला।"
ठीक त्यही बेला क्वोमिन्ताङ डाँकाहरू नजिक नजिक आइपुगेको आवाज सुनियो। उनले नानीनेर गएर उसलाई उठाइन्, छातीमा लिपिक्क टाँसिन् अनि शान्त ढंगले सुस्तरी नानीको कपाल मुसार्दै उनी बसिन्। फल्याकको दूलोबाट मैले उनलाई हेरें। उनले अहिले फेरि त्यही मैले पहिलोपटक भेट्दाखेरीको जस्तो सरल रूप धारण गरेकी थिइन्।
बैरीहरू बेस्मारी ढोका घच्घच्याइरहेका थिए। उनले हतपत नगरिकन जुरूक्क उठेर ढोका उघारिन्। चारजना डाँका हुरिंदै भित्र पसे। तिनले उनको कठालो समात्दै माथि पहाडबाट आएको सम्चारे कहाँ छ भनेर सोधे।
"मलाई थाहा छैन" मुन्टो हल्लाउँदै उनले भनिन्।
बैरीहरूले घरको खानतलासी लिए तर केही पनि फेला पार्न सकेनन्। अनि तिनीहरू त्यहाँबाट हिंड्न लागेका मात्र के थिएँ एउटा डाँकाले नून हालेका सागपात देखिहाल्यो। दुष्ट्याईपूर्ण लात्तीको जोडले उसले घैला उभिन्नो पाऱ्यो अनि अचार भुईभरी छरियो। सँगीनको टुप्पोले सागसब्जी घोच्दै उसले बडो शंकालु पाराले सोध्यो, "यो सारा नुनिलो सागसब्जी तैंले कहाँ पाइस् ?"
"यो मेरै हो।"
"तेरै रे ?" यतिका धेरै छ अनि यति धेरै थरी। के यो तिमीहरू सबैले मिलेर माथि पहाडका मानिसहरूको लागि संगालेका होइनौ ?"
उसले एक्कैछिन त्यो ठाउँमा यसो आँखा लायो अनि फेरि खोजतलास गर्ने आदेश दियो।

यति सानो घरमा फेरि खाजतलास गर्दा अघि तिनले माथि बुईगलमा लुकेको मलाई फेला पार्ने भए । त्यति नै खेर ह्वाङसिनले चिच्चाउँदै यसो भनेको सुनियो, "तिमीहरूलाई सारा कुरा थाहा छ भने किन सोधिरहनुपर्‍यो त ?"
यति भनेर उनी तिनका पन्जाबाट फुत्किइन् र ढोकाबाट हुरिएर बाहिरतिर जाँदै सकेसम्म ठूलो स्वरमा उनी चिच्याइन् "कामरेड छङ, सरासरा दगुर्दै पश्चिमतिर लाग्नोस्, पश्चिमतिर दगुर्नोस् ।"
दुई तीनजना दुष्टहरू पिछा गर्न त्यतैतिर हान्निए । उनीहरू व्हाङ सिनले भनेतिरै गएको कुरा तिनका पाइलाको आवाजबाट थाहा पाउन सकिन्थ्यो । अरू दुईजनाले उनलाई फेरि समाते र उनलाई लिएर जान उनीहरू तयार भए ।
अब उनीहरू बाटो लाग्लान् भन्ने मैले चिताएको थिएँ । तर तिनले मेरा आँखै अगाडि फेरि उनलाई पक्रे । के उनले मेरो लागि ज्यान दिएको हेरेर म बस्न सकूँला र ? मलाई अब भिड्नुपर्‍यो भन्ने लाग्यो । म बलियो भएकाले एक्लैले पनि आफूलाई बचाउन सक्दो हुँ । म लुकेको ठाउँबाट तल उफ्रिन लागेको मात्र के थिएँ उनले पुलुक्क मतिर हेरिन् अनि त्यो डरले कामिरहेकी नानीतिर आँखा घुमाउँदै ठूलो र टड्कारो स्वरमा भनिन्, "नानी, ज्ञानी होऊ र आमाले भनेको मान ।"
मैले उनको मुखबाट सुनेका आखिरी बचन यिनै हुन् ।
विपत् आइलाग्न लागेको बेलामा उनले मलाई भनेका बचनको सम्झना भयो । मैले आफ्नो मन सम्हाल्न भ्याएसम्म कोसिस गरें । "आमाले भनेको मान" भनेर उनले के भन्न खोजेकी हुन् त्यो कुरा बुझ्ने मानिस त्यहाँ ममात्रै थिएँ । हाम्रो आमा भनेको त हाम्रो पार्टी संगठन नै हो ।
त्यो साँझ गाउँको थिति शान्त भएपछि नानी नरोओस् भनेर मैले उसलाई फुल्याएँ, नुनिलो सागसब्जी डोकामा हालें, कामरेड व्हाङ सिनको पार्टी सदस्यता कार्ड र चाँदीका एक डलर, माटाको भाँडोका एकाध सागसब्जीका चक्काबाट बाहिर निकालें, त्यो सानी केटीलाई अर्को डोकोमा राखें अनि खर्पनको डण्डीको एक छेउमा भरी सागसब्जी भएको डोको र अर्को छेउमा त्यो नानीलाई बोकेर म पहाडतिर लागें ।
मैले हाम्रा राजनैतिक प्रशिक्षक कामरेड बेई छिएलाई भेटेपछि उनले नानीलाई आफ्नो छातीमा टाँसे र मेरा कुरा सुने । आठ कुने खाल्डोको थितिबारे सारा कुरा सुनिसकेपछि मसिनो अक्षरमा उनको पार्टी सस्यता थितिबारे सारा कुरा सुनिसकेपछि मसिनो अक्षरमा उनी पार्टी सदस्यता शुल्क दर्ता गर्न भनेर लेख्नथाले:
२१ अक्टोबर १९३४ को दिन कामरेड व्हाङ सिनबाट प्राप्त सदस्यता शुल्क रकम जम्मा .....
उनले त्यस अगाडि लेख्नै सकेनन् । उनको कलम त्यहाँ पुगेर रोकियो । उनको अनुहारमा मैले यसअघि कहिल्यै नदेखेको गम्भीर भाव देखापर्‍यो । पार्टी सदस्यता कार्ड र उनको अगाडिको नुनिलो सागसब्जीतिर टोल्हाउँदै उनले निकै बेरसम्म त्यो नानीको कपाल मुसारे । त्यसपछि उनले हात लम्काएर रूमाल टिपे र त्यो सानी केटीको अनुहारमा आँसुका थेग्ला पुछिदिए ।
ह्वाङ सिनले तिरेको पार्टी सदस्यता शुल्क जम्मा कति हो भन्ने कुरा उनले कहिल्यै पनि लेखेनन् ।
साँचो कुरा के भने एक डोको नुनिलो सागसब्जी मोल त यति नै पर्ला भनेर निकाल्न सकिएला तर पार्टीप्रतिको भक्तिभावनाको मोल कति राख्ने हो नि ? कम्युनिष्टको बलिदानको भावनाको मोल कसरी तोक्न सकिएला र ?
- ८ नोभेम्बर १९५४

**मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर**
**गोपीरमण उपाध्याय**

**प्रश्नं. १. समाज विकासक्रम के हो ?**

सम्पूर्ण जीवन र जगत् निरन्तर रूपमा परिवर्तनशील छ । कुनै वस्तुको परिवर्तन झ्वाट्ट देखिन्छ भने कुनै परिवर्तन लामो समयमा हुन्छ । यस नियमका आधारमा समाज पनि परिवर्तनशील नै छ । प्रकृतिमा हुने परिवर्तन मानिसको चेतनाका आधारमा हुन्छ । मानव समाजको परिवर्तन आर्थिक र सामाजिक संरचनाको परिवर्तनका आधारमा हुन्छ । यस अनुसार हालसम्मको सामाजिक परिवर्तनलाई ५ वटा युगमा विभाजन गरिएको छ ।(१) आदिम साम्यवाद युग (२) दास युग (३) सामन्तवादी युग (४) पूँजीवादी युग (५) समाजवादी युग ।

**प्रश्नं. ८. युग भनेको के हो ? आदि साम्यवादी युगको विकास कतिवटा चरणमा भएको थियो ?**

निश्चित प्रकारको उत्पादन पद्दति कायम भएको इतिहासको कालखण्डलाई युग भन्दछन् । आदिम साम्यवादी युग पनि निश्चित खालको उत्पादन पद्दति भएको कालखण्ड हो । अर्थात् यस्तो युग हो जसमा मानिसहरू समह समूहमा आबद्ध थिए । समूहका मानिसहरूसँगै मिलेर काम गर्थे, समूहमा बस्दथे । त्यसयुगको अन्तर्विरोध, मानव र प्रकृतिका बीचको अन्तर्विरोध प्रमुख थियो । इतिहासको यो कालखण्ड १० लाख वर्षसम्म रह्यो । यसले ७ वटा चरणहरू पार गरेर विकसित हुनुपर्‍यो । यस युगको चिन्तन प्रणाली प्राकृतिक भौतिकवादी थियो । यस युगका प्रत्येक चरणमा एकपछि एक विकसित हुँदै गएका उत्पादनका साधनहरू नै मुखय आधार थिए । यसलाई निम्नतालिकाबाट बुझ्न सकिन्छ ।

**आदिम सम्यवादी युगको चरणबद्ध विकास**

| क्र.सं. | चरणका नामहरू | उत्पादनका साधन |
|---|---|---|
| १. | वन्य अवस्थाको निम्न चरण | भाषा |
| २. | वन्य अवस्थाको मध्य चरण | आगो |
| ३. | वन्य अवस्थाको उन्नत चरण | धनुर्वाण |
| ४. | बर्बर अवस्थाको निम्न चरण | माटाका भाँडा |
| ५. | बर्बर अवस्थाको मध्य चरण | पशुपालन |
| ६. | र्बर अवस्थाको उन्नत चरण | कृषि |
| ७. | सभ्य युग | विनियम प्रणाली |

**२. दास युगको विकास कसरी भयो ?**

आदिम साम्यवादपि युगको गण-समाजमा जब व्यक्तिगत सम्पत्तिको बोलवाला हुँदै जान थाल्यो गोत्र र गणहरू भित्रै अन्तर्विरोध चर्किएर जान थाले, गण समूहका बीचमा पनि युद्धहरू चर्किंदै जान थाले । यसैको अनिवार्य परिणतिका रूपमा दास युगको जन्म भयो । यसमा विजेताहरू दासका मालिकहरू भए भने पराजितहरू दास भए । आदिम साम्यवादी युगको असंगठित रूपमा खेर गइरहेको श्रम शक्तिलाई संगठित रूपमा उपयोग गर्दा चमत्कारिक रूपले उत्पादनमा बृद्धि भयो । विभिन्न प्रकारका श्रम विभाजनहरूले गर्दा समाजका आधारभूत चिन्तन प्रणालीहरू कायम भए । जसमा राजनीतिक, आर्थिक, सांस्कृतिक पक्षहरूको पनि विकास भयो ।

**प्रश्नं ३. सामन्तवादी युगको विकास कसरी भयो ?**

दशौं हजार वर्षको कालखण्डमा कायम रहेको दास युगमा उत्पादक शक्तिको विकास अनुसार उत्पादन सम्बन्धले विकास गरेको हुँदा त्यसको अन्त्य हुनु अनिवार्य थियो । दासयुगको अन्तर्विरोधलाई समाधान गर्ने हिसाबले सामन्तवादी युगको विकास भयो ।

**भोजपुर जिल्लाको कम्युनिष्ट आन्दोलन**

**– शेरधन राई, सचिव नेकपा (एमाले), भोजपुर**

**विषय प्रवेश :**

भोजपुर पूर्वी नेपालको पहाडी जिल्लाहरू मध्येको एक जसलाई जवर्दस्त सुगम भनिएको भएता पनि विडम्बना अहिले सम्म सडक यातायातले नछोएको जिल्लाको नाम हो । यद्यपि नेपालको कम्युनिष्ट एवं प्रजातान्त्रिक आन्दोलनको इतिहासमा छुट्टै पहिचान, गौरव र विशेषता बोकेको जिल्लाको नाम हो । इतिहास साक्षी छ एकतन्त्रीय जहानीयाँ राणा शासनको विरूद्ध २००७ सालको जनकान्त्रीमा संगठित रूपमा सशस्त्र विद्रोह गरी स्थायी रूपमा जिल्ला कब्जा गर्दै काठमाण्डौ पूर्वका सम्पूर्ण भू-भाग कब्जा गरी स्वशासन स्थापना गर्ने क्रान्तीका नायकहरू स्व. रामप्रसाद राई र स्व. नारदमुनि थुलुङ्ग यसै जिल्लाको भूमिमा जन्मिएका योद्धाहरू हुन् । यही गौरवपूर्ण इतिहास र पृष्ठभूमिबाट भोजपुरको कम्युनिष्ट आन्दोलनको थालनी र चर्चा गर्न सान्दर्भिक ठानिएको छ ।

**कम्युनिष्ट पार्टीको पक्षपोषण, सम्पर्क, संगठन र गतिविधि**

२००७ सालको जनक्रान्तीलाई दिल्ली सम्झौतामा टुङ्ग्याएपछि त्यसको विरोधमा कम्युनिष्ट मान्यता र अडानको पक्ष लिइ जनक्रान्तीका सैनिक कमाण्डर स्व. रामप्रसाद राई र किसान नेता स्व. हर्क वहादुर श्रेष्ठ उभिनु भएको थियो । त्यसैगरी तत्कालीन समयमा असंगठित रूपमा भएपनि कम्युनिष्ट विचारको पक्षपोषण गर्ने काम गोर्खा सेनामा भर्ती भई विश्वका विभिन्न कम्युनिष्ट आन्दोलनहरूबाट खास गरी मलेशियन कम्युनिष्ट क्रान्तिकारीहरूबाट प्रभावित भई आएका देवराज राई, ताराहाङ्ग राई लगायतका युवाहरूले गरेको देखिन्छ ।

नेकपा स्थापना भएको २ वर्ष पछि भोजपुरमा कम्युनिष्ट पार्टीको औपचारिक गठन २००८ सालमा भएको देखिन्छ । प्रतिवन्धित अवस्थामा माथिल्लो कमिटिका प्रतिनिधि क. केदारनाथ खनालको उपस्थितिमा गठन भएको जिल्ला कमिटिमा सचिव क. केदारनाथ श्रेष्ठ (जो वर्तमान पार्टी जि.क.को सल्लाहकार सभापती हुनु हुन्छ) र सदस्यमा क. देवराज शाक्य, (पूर्व सल्लाहकार सभापति) क. नारायण ताम्राकार, मछिन्द्र राई, देवराज राई, शमशेर राई, प्रेम बहादुर कार्की, नारायण प्रसाद राई पूर्णलाल उदास, वल वहादुर राई, पदम वहादुर राई र कूल वहादुर श्रेष्ठ रहनु भएको देखिन्छ । वहाँहरू अधिकांश २०४७ सालपछि नेकपा एमालेसँग आवद्ध रहनु भयो र अहिले पनि रहनु भएको छ । उक्त कम्युनिष्ट पार्टीको निर्देशनमा सामन्ती अन्याय र अत्याचारको विरूद्ध आन्दोलन र संघर्ष संचालन गर्न अनेकिसंघको गठन भएको थियो उक्त संघको नेतृत्व स्व. हर्क वहादुर श्रेष्ठले गर्नुभएको थियो भने अन्यमा लोकनाथ शाक्य, रामनारायण श्रेष्ठ, कर्ण वहादुर श्रेष्ठ, दुर्गा वहादुर तामाङ्ग, जमानसिंह तामाङ्ग हुनु हुन्थ्यो । उक्त अनेकिसंघले क. पा. को निर्देशनमा २००९ देखि २०११ सम्म जिल्लाको सोल्याङ्ग, प्याउली, नेपालेडाँडा, छिनामखु, अन्नपूर्ण लगायतका गाउँहरूमा स्थानीय जमिनदारहरूको शोषण, अत्याचारको विरूद्ध, वाली कब्जा गर्ने, कालो मोसो घस्ने, मोहियानी हकको माग गर्ने जस्ता आन्दोलन र संघर्षहरू संचालन गरेको थियो । त्यस्तै अनेकि संघले जिल्लामा ठूलठूला अन्य संघर्षहरू पनि संचालन गरेको थियो । २०१४ मा सञ्चालन भएको टक्सारको किसान आन्दोलनमा प्रहरीसँग मुडभेड भई किसान नेता हर्क वहादुर श्रेष्ठ गिरफ्तार भई थुनिदा १५ दिनसम्म किसानहरूको वृहत जुलुसले भव्य प्रर्दशनका साथ रिहाईको माग गरेको थियो । त्यस्तै पूर्वी प्याउलीमा नरवहादुर खत्री (थैले) को समेत सामन्ती जमिनदार विरूद्धको किसान आन्दोलनमा विशेष भूमिका रहेको देखिन्छ । यसप्रकार यस वीचमा कम्युनिष्ट पार्टी अनेकि संघको माध्यमबाट जिल्लामा प्रत्यक्ष अप्रत्यक्ष क्रियाशील रहेको देखिन्छ ।

पार्टी संगठन सुदृढ र विस्तार गर्ने दौडानमा २०११ सालमा कमरेड मनमोहन अधिकारीले जिल्लामा प्रशिक्षण संचालन गर्नु भएको देखिन्छ भने पार्टी माथिको प्रतिबन्ध हटाउने माग र सत्याग्रह आन्दोलन संचालन गर्न क. महेश कुमार उपाध्याय आउनु भएको देखिन्छ त्यही क्रममा पार्टी माथिको प्रतिबन्ध हटेपछि जिल्ला पार्टी कार्यालयको उद्घाटन समेत भएको थियो । २०१५ साल ताकातिर पार्टी भित्र उत्पन्न विवाद र समस्या हल गर्न क. पुष्पलाल श्रेष्ठ समेत आउनु भएको देखिन्छ । २०१७ सालको फौजीकाण्ड पश्चात पार्टी माथिको प्रतिबन्ध र तत्कालीन पार्टी नेतृत्वमा देखा परेको पलायन र

गद्दारी जस्ता कार्यहरू र पार्टीसँग नियमित  सम्पर्क सम्बन्धको अभाव र अनुशासनहीनता आदि जस्ता कारणले जिल्लाको संगठित कम्युनिष्ट गतिविधि छिन्न भिन्न हुन पुगेको थियो । यस प्रकार २००८ सालमा गठन भएको क.पा. २०१७ सालमा आइपुगे पछि गतिहीन र मृत प्राय बनेको देखिन्छ ।

**२०१७ सालपछि २०३५ सम्मको गतिविधि र अवस्था**

२०१७ सालको फौजीकाण्ड र त्यस पश्चात कम्युनिष्ट आन्दोलनमा देखा परेको विभाजन पछि गतिहीन र मृत अवस्थामा रहेको कम्युनिष्ट संगठन र राजनीति एकैचोटी २०२५-२६ सालतिर जिल्ला बाहिर अध्ययनरत विद्यार्थी युवाहरू मार्फत छिटफुट रूपमा विद्यालय र क्याम्स केन्द्रित भएर पुष्पलाल समूहको विचारहरू भित्रिएको देखिए पनि त्यसको संगठित रूप देखिदैन । २०२७-२८ सालतिर पूर्व कोशी समूहको विचारहरू भित्रिने क्रममा भोजपुर र संखुवासभाको संयुक्त जिल्ला समिति बनेको र उक्त समितिमा भोजपुरको तर्फबाट क. नरेन्द्र वस्नेत रहनु भएको देखिन्छ । त्यस्तै २०२८ सालको अन्त्यतिर झापा संघर्षको लाइन बोकेर जिल्लाको उत्तर पश्चिम भेगमा क. मोहनचन्द्र अधिकारीले प्रचार भ्रमण गर्नु भएको पनि देखिन्छ । २०३१-३२ तिर रातो झण्डा समूह (धनकुटा) को गतिविधि दक्षिण क्षेत्रमा संगठित रूपमा भएको देखिन्छ । विभिन्न विचार सहित कम्युनिष्ट समूहहरू जिल्लामा भित्रिने क्रम जारी रहेकै वेला २०३४-३५  सालमा ने.क.पा. चौमको राजनैतिक विचार औपचारिक रूपमा भित्रिएको देखिन्छ र चौमले संगठित रूपमा विद्यार्थी क्षेत्र मार्फत गतिविधिलाई तीव्र बनाएको देखिन्छ तापनि जिल्लाको सिमित क्षेत्रमा मात्र उसका गतिविधिहरू केन्द्रित भएका थिए । यहीँ समयतिर को.के..को मुखपत्र “वर्ग संघर्ष” विराटनगर, काठमाडौंमा अध्ययनरत विधार्थी युवाहरूले छिटफुट रूपमा भित्र्याइरहेका थिए । यसरी अनेकन कम्युनिष्ट विचार र समूहहरू भित्रिने क्रम तीव्र रूपमा जारी रहयो तर संगठित र फैलावट रूपमा यस बीचमा कुनै पनि समूहहरू जान सकेनन् । यस वीचमा जनसंघर्ष र विभिन्न गतिविधि लाई हेर्ने हो भने २०२१ सालमा भूमिसुधार लागू भएपछि मुख्य बाली संघर्ष, २०२५ सालको भारतीय विस्तारवाद विरोधी संघर्ष, २०२७ सालमा व्यापार पारवहनको विषयमा संघर्ष, २०२६ सालमा स्ववियू निर्माणको विषयमा भएको प्रशासनिक दमन र त्यसको विरूद्धमा सशक्त संघर्ष, २०२७-२८ तिर ब्रिटीस राजदूत आउने कुरामा ब्रिटीस साम्राज्यवादको विरोधमा पोष्टरिङ्ग गर्ने कार्य लगायतका संघर्ष र आन्दोलनहरू तत्कालीन विभिन्न कम्युनिष्ट एवं प्रगतिशील समूहहरूबाट सञ्चालन भएको थियो ।

**नेकपा (माले) को औपचारिक प्रवेश :**

जिल्लामा विभिन्न कम्युनिष्ट समूहहरूका विचार र राजनैतिक लाइनहरू प्रवेश गर्ने क्रम सँगै २०३५ सालको अन्त्यतिर नेकपा (माले)को राजनैतिक लाइनले औपचारिक प्रवेश पाएको  देखिन्छ । प्रवेश सँगसँगै संगठित गतिविधिको शुरूवात गर्ने क्रममा २०३६ मार्ग २३ गते पहिलो जिल्ला पार्टी संगठन कमिटि ४ सदस्यीय गठन भएको थियो । जसको सचिवमा क. अशोक राई र सदस्यमा क. रंगध्वज राई, क. कृष्ण राई, क. भुप राई रहनु भएको थियो । उक्त कमिटिमा पछि क. शुशिला श्रेष्ठलाई थप गरिएको देखिन्छ । त्यतिवेला भोजपुरमा नेकपा मालेको सदस्यता प्राप्त गर्ने पहिलो व्यक्तिहरूमा क. रंगध्वज राई, क. कृष्ण राई, क. भूप राई र क. कमलप्रसाद राई रहनु भएको थियो । २०३७-३८ तिर जिल्लाको दक्षिणी क्षेत्रको पार्टी काम हेर्ने गरी क. शुशिला श्रेष्ठ सचिव रहनु भएको यु.पा.स.द गठन भएको थियो जसमा क. रमेश नेपाल, राम राई, उपेन्द्र नेपाल रहनु भएको थियो । पछि क. शुशिला श्रेष्ठले बिदा लिएपछि क. रंगध्वज राई सचिव हुनु भएको थियो । त्यही समयमा जिल्लाको पूर्वी प्याउलीमा एक गाउँपार्टी सक्रिय दल समेत गठन भएको थियो जसमा क. केशर खत्री, सुरेन्द्र खत्री, क. ललित वहादुर कार्की, मान वहादुर श्रेष्ठ, क. दान वहादुर राई रहनु भएको थियो । २०३९ सालमा जि.पा.सं.क.मा क खगेन्द्र चुँडाल र कमरेड हेमराज राई समेत समावेश हुनु भएको थियो । यसप्रकार गठित नेकपा (माले) ले २०४० सालमा आएर समग्र काम एवं गतिविधिको समिक्षा र सिंहालोकन

गरेको देखिन्छ । यस बीचमा सदस्यता विस्तार लगायत वुद्धिजीवी, किसान, शिक्षक, विद्यार्थी युवालिग आदी क्षेत्रमा योजनावद्ध रूपमा पार्टी सम्पर्क विस्तार गर्न खोजिएको भएतापनि पार्टी काम त्यति उठन सकेको थिएन । यहि क्रममा पार्टी के.क.को निर्णय अनुसार तत्कालिन संगठक एवं सचिव क. अशोक राईको कार्य क्षेत्र स्थानान्तरण भए पछि २०४१ श्रावण १३ गते कोशी क्षेत्रिय संगठन कमिटीको निर्णय अनुसार जिल्ला पार्टी सम्पर्क कमिटी गठन भएको थियो । जसको सचिवमा क. शुशिला श्रेष्ठ र सदस्यमा क. हेमराज राई क. शान्त प्रधान रहनु भएको थियो । पछि स्वास्थ्यको कारण क. शुशिलाको कार्य क्षेत्र परिवर्तन भए पछि क. भक्त पोखरेललाई थप गरिएको थियो ।

यस विचमा प्रशासनिक दमन तिव्र वनिरहेको थियो । पार्टी पंक्ति र सम्पर्क क्षेत्रहरूमा एक प्रकारको शिथिलता छाइ रहेको थियो । जिम्मेवार कमरेडहरूलाई गिरफ्तार गर्ने, निगरानी गर्ने काम प्रहरी प्रशासनले गरिरहेको थियो । त्यहि वेला तीन सदस्यीय सम्पर्क कमिटीले काम गर्न नसक्ने अवस्था सिर्जना भए पछि २०४४-४५ सालमा जि.पा.स.क.लाई विघटन गरि क्षेत्रिय सम्पर्क कमिटीहरू क्रमशः पश्चिम क्षेत्रमा क. हेमराज राई सचिव अन्यमा क. रंगध्वज राई, कमलप्रसाद राई, रविकुमार राई, मध्य क्षेत्रमा सचिव क. शान्त प्रधान, गणेश श्रेष्ठ, भरत ताम्राकार, षडानन्द पराजुली रहनु भएको थियो भने उत्तर पश्चिमका केहि गाउँ हेर्ने गरि क. भक्त पोखरेल र शिव प्रधानलाई जिम्मेवारी तोकिएको थियो । यस प्रकार २०४६ चैत्रमा जति वेला संयुक्त जनआन्दोलनको घोषणा भइसकेको थियो र जिल्लामा पनि विद्यार्थी क्षेत्र मार्फत आन्दोलनका विविध कार्यक्रमहरू भइरहेको वेला जिल्ला पार्टी सक्रिय दल ७ सदस्यीय पुर्नगठन भयो । जसको सचिवमा क. हेमराज राई, सदस्यमा लोक वोगटी, शान्त प्रधान, देवीराम चौलागाई, उपेन्द्र नेपाल र विष्णु भट्टराई रहनु भएको थियो । उक्त जिपासद गठन भएपछि त्यसले चलिरहेको जनआन्दोलनको संयोजन र नेतृत्व अप्रत्यक्ष रूपमा गरेको थियो । तत्कालीन जनआन्दोलनको समयमा विद्यार्थी क्षेत्रमा PAG अर्थात पार्टी सकृय दाल समेत क्रियाशिल रहेको थियो । उक्त PAG को सचिवमा क. रामसिंह राई र सदस्यमा भुलानाथ राई, धनबहादुर श्रेष्ठ, प्रश्नजंग राई र प्रेम प्रधान रहनु भएको थियो । आन्दोलनका घोषित कार्यक्रमहरूलाई सफल बनाउने र संचालन गर्ने मुख्य भूमिका र प्रत्यक्ष नेतृत्व PAG मार्फत तत्कालिन अनेरास्ववियू पाँचौको जिल्ला नेताहरूले गरेका थिए । जनआन्दोलनको दौडानमा प्रहरी प्रशासनको गिरफ्तारीमा विद्यार्थी क्षेत्रबाट पर्वत राई, मान वहादुर राई, इन्द्र कुमार राई, राजेन्द्र पाण्डे, खड्ग राई, भैरव राई, जय राई, शिक्षक क्षेत्रबाट रमेश नेपाल, भरत तामाङ्ग लगायतका आन्दोलनकारीहरू पर्नु भएको थियो भने १७ वर्ष पछि जेलबाट रिहा भई घर फर्किने क्रममा क. घनेन्द्र बस्नेत समेत गिरफ्तार हुनु भएको थियो ।

२०४१-४६ सालको बीचको अवधिमा पार्टी संगठन विस्तार एवं भेला प्रशिक्षणहरूमा क. मदन भण्डारीको समेत विशेष एवम् महत्वपूर्ण उपस्थिति रहेको थियो ।

यसरी नेकपा मालेको औपचारीक प्रवेश, संगठन विस्तार, पार्टी सम्पर्क र गतिविधिहरू २०४५ सम्म संचालन गर्दा जिल्लामा केही उल्लेख्य घटना एवं संघर्ष र आन्दोलनहरू संचालन भएका थिए । २०३६ भाद्र १६ गते वासिङ्गथर्पुमा स्थानीय पञ्चको विरूद्ध व्यापक संघर्ष र आन्दोलन उठेको थियो जसको नेतृत्व अनेरास्ववियूका विद्यार्थीहरूले गरेका थिए । त्यहाँ प्रहरी हस्तक्षेप हुँदा विद्यार्थी कुमार राई, रमेश बस्नेत लगायतकाहरूलाई गम्भीर घाइते बनाइएपछि उक्त गोली काण्डको विरूद्ध जिल्ला व्यापी आन्दोलन संचालन भएको थियो । २०३८ सालको एस एल.सी परीक्षाको बेलामा दिङलामा केन्द्राध्यक्ष र प्रहरीको ज्यादत्ती विरूद्ध आवाज उठाउँदा प्रहरीको गोलीबाट किसान अमृत तामाङ्ग र विद्यार्थी इन्द्र वस्त्राकारको मृत्यु भएको थियो । धेरै विद्यार्थीहरू घाइते भएका थिए  जसको विरूद्ध जिल्ला व्यापी आन्दोलन भयो । त्यस्तै २०३६-३७ को विद्यार्थी आन्दोलनहरू, २०३७-३८ देखिका लगातार शिक्षक संघर्षहरू सशक्त रूपमा संचालन भएका थिए भने २०४६ सालको जनआन्दोलनका घोषित कार्यक्रमहरू

छड्के जुलुस, पोष्टरिङ्ग, झण्डा गाड्ने, फहराउने, भित्ते लेखन गर्ने आदिको माध्यमबाट जिल्ला भरी संचालन भएको थियो ।

**वहुदलीय राजनीतिक प्रणालीको घोषणा पश्चातको कम्यूनिष्ट आन्दोलन**

जनआन्दोलनले सफलता प्राप्त गरेर खुल्ला बहुदलीय प्रणालीको उन्मुक्त वातावरणको शुरूमा संयुक्त बाममोर्चाको नाममा (नेकपा माले र चौम सम्मिलित) व्यापक जनता बीच जनसभा, र्‍यालीहरूको माध्यमबाट जाने काम भयो । यही क्रममा २०४७ श्रावण ११ गते जिल्ला पार्टी सक्रिय दलमा क. रामसिंह राईलाई थप गरियो । पछि पौषमा नरेन्द्र वस्नेत, गणेश श्रेष्ठ, केदार राई, शशि भुषण किराँत, हरी न्यौपाने, प्रेम राई, शान्त राईलाई थप गरियो त्यस्तै २०४८ सालमा अजम्बर काङ्गमाङलाई थप गरिएको थियो । जिल्लामा मार्क्सवादी समूहको अस्तित्व नरहेको अवस्थामा स्वत: तत्कालिन नेकपा माले एमालेमा रूपान्तरण भए पश्चात मूलत नेकपा एमालेको राजनीति पूर्व मालेको संगठन सम्पर्क र प्रभावमा आधारित भएर जिल्लाको गाउँ गाउँ र कुना कुनामा विभिन्न युवा, विद्यार्थी, महिला, सांस्कृतिककर्मी लगायतको क्षेत्रबाट पुऱ्याउने काम भयो । व्यापक संगठन निर्माणको काम सँगै नेकपा एमालेले आफ्नो प्रथम अधिवेशन मिति २०४८ चैत्र ६, ७ र ८ गते क. प्रदिप नेपालको प्रमुख आतिथ्यमा सम्पन्न गऱ्यो । अधिवेशनले क. हेमराज राई, सचिव रहेको जिल्ला कमिटि चयन गऱ्यो । सदस्यमा शान्त प्रधान, शिव प्रधान, अजम्वर काङ्गमाङ, रूद्र नेपाल, दुर्गा प्रसाद राई, नरेन्द्र वस्नेत, शान्त राई, प्रेम कुमार राई, धनहर्क राई, हरी न्यौपाने, देवीराम चौलागाई, रामकृष्ण राई, रंगध्वज राई, विष्णु भट्टराई, लोक वहादुर वोगटी, जयन्ती राई निर्वाचित हुनु भएको थियो । पछि क. भुलानाथ राई, क. शेरधन राई र रमेश शाक्य थप हुनु भएको थियो । त्यसै गरी दोश्रो जिल्ला अधिवेशन २०५१ वैशाख १५-१६ गते के.क.स. क. गुरू बरालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । अधिवेशनले सचिवमा शान्त प्रधान र सदस्यमा कृपाराम राई, झुरेन्द्र पराजुली, भूलानाथ राई, शेरधन राई, रमेश शाक्य, धनहर्क राई, नरेन्द्र वस्नेत, विन्द्रमान राई, देविराम चौलागाई, रामकृष्ण राई, वीरजंग राई, टिका कु. विष्ट, तेज वहादुर राई, टिका देवी राई, दुर्गा प्रसाद राई, शंकर राई र वैकल्पिक सदस्यमा क. हरी वहादुर राई र धन ब. श्रेष्ठ निर्वाचित हुनु भएको थियो । तत्काल प्रथम बैठकबाट क. शशिभुषण किरात, हरि न्यौपाने र केदार राईलाई थप गरियो भने पछि क. सुरेन्द्र उदास र राजेन्द्र पराजुलीलाई वैकल्पिक सदस्यमा मनोनयन गरिएको थियो । २०५४ सालको स्थानीय निर्वाचनमा सचिव क. शान्त प्रधान जि.वि.स. सभापतिमा निर्वाचित भएपछि २०५४ श्रावण ७ गतेको वैठकले कमिटिको सचिव र उपसचिवमा क्रमश क. नरेन्द्र वस्नेत र क. शेरधन राईलाई चयन गरेको थियो ।

२०५४ माघमा सम्पन्न छैठौं राष्ट्रिय महाधिवेशन पश्चात भएको पार्टी विभाजनको असर भोजपुरमा पनि काफी मात्रामा परेको थियो । २०५४ चैत्र ४ गते वसेको वैठकबाट औपचरिक विभाजन जिल्लामा भएको थियो । नेकपा (एमाले) को नेतृत्व क. शेरधन राईले गर्नुभएको थियो भने विभाजित नेकपा मालेको नेतृत्व क. धनहर्क राईले गर्नु भयो । तत्कालीन २६ सदस्यीय जिल्ला कमिटीमा नेकपा ( एमाले) मा क. शेरधन राई, झुरेन्द्र पराजुली, सुरेन्द्र उदास, रमेश शाक्य, राजेन्द्र पराजुली, शान्त राई, टिका कुमार विष्ट, खगेन्द्र राई र रामकृष्ण राई रहनु भयो भने विभाजनको पक्षमा शशीभुषण किराँत, धनहर्क राई, कृपाराम राई, विरजंग राई, प्रेमकुमार राई, तेजबहादुर राई, हरि बहादुर राई, धनबहादुर श्रेष्ठ, देवीराम चौंलागाईं र विन्द्रमान राई रहनु भएको थियो । त्यस्तै नरेन्द्र बस्नेत र शान्त प्रधानले राजीनामा गर्नु भएको थियो भने क्रमश: केदार राई, हरि न्यौपाने, टिकादेवी राई, दुर्गा प्रसाद राई अनुपस्थित रहनु भएको थियो । यस बीचमा अलग-अलग तेश्रो अधिवेशन गर्ने क्रममा नेकपा (एमाले) ले २०५६ फाल्गुण १४-१६ गते भोजपुरको डवलीटारमा भब्य जनसभा बीच उद्घाटन सभा गरी तेस्रो जिल्ला अधिवेशन सम्पन्न गरेको थियो । पार्टी स्थायी कमिटि सदस्य क. युवराज ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनले सचिवमा शेरधन राई, उपसचिव क. गणेश श्रेष्ठ र सदस्यमा क. दान

व. राई, रामकृष्ण राई, पिवन्त न्यौपाने, टिका कु. विष्ट, प्रेम वहादुर राई, दिव्यध्वज राई, रामशोभा राई, राजेन्द्र पराजुली, मनराज तामाङ्ग, रोही वहादुर वस्नेत, खेमराज राई, निरकुमार राई, भरत तामाङ्ग, सुरेन्द्र उदास, भ्रुरेन्द्र पराजुली, शान्त कुमार राईलाई निर्वाचित गरेको थियो । तत्काल वैठकबाट क. रमेश शाक्य र प्रकाश पौडेललाई मनोनयन गरियो भने पछि क. ध्यान वहादुर राउत, क. राज वहादुर राई, इन्द्र कुमार श्रेष्ठलाई समेत मनोनयन गरिएको थियो । उता नेकपा (माले) ले मिति २०५७ असोज ६ र ७ गते तत्कालिन नेकपा मालेका महासचिव क. वामदेव गौतमको प्रमुख आतिथ्यमा तेश्रो अधिवेशन गरेको थियो । अधिवेशनले क. धनहर्क राईलाई सचिवमा र सदस्यमा क. तेज वहादुर राई, नारद हार्तम्छाली, जय पाखीन, गंजधन राई, विन्द्रमान राई, हरी वहादुर राई, नरेन्द्र प्रधान, घमानसिंह राई, वीरजंग राई, प्रकाश राई, कृष्ण प्रसाद राई, करूण राई, मणि राई, देवीराम चौलागाई, जयन्ती राई र पछि वैकल्पिकमा क. कृष्ण वस्नेत र प्रमोद शेर्पा थप हुनु भएको थियो ।
यस प्रकार अलग-अलग तेश्रो अधिवेशन गरी क्रियाशील रहेको नेकपा (एमाले) र नेकपा मालेबीच पार्टी एकिकरण केन्द्रमा भइसकेपछि जिल्लाको पार्टी एकीकरण हार्दिक एवं सौहार्द्रपूर्ण वातावरणका बीच २०५८ चैत्र १८गते औपचारीक रूपमा सम्पन्न भएको थियो । एकीकृत कमिटि नेकपा (एमाले)का सचिव शेरधन राईको नेतृत्वमा एमालेको तेश्रो आधिवेशनबाट निर्वाचित २३ सदस्यीय सवै र नेकपा मालेको तर्फबाट ६ पूर्ण र ३ वैकल्पीक गरी जम्मा ९ जना कमरेडहरू क्रमशः क. जयन्ती राई, क. भूलानाथ राई, क. हरी वहादुर राई, क. वीरजंग राई, क. विन्द्रमान राई, क. देवीराम चौलागाईलाई पूर्ण सदस्यमा र क. घमानसिंह राई, क. करूण राई र गंजधन राईलाई बैकल्पिक सदस्यमा समाहित गरिएको थियो । यस एकिकृत जिल्ला कमिटिले २०६० वैशाख २०-२२ गते चौथो जिल्ला अधिवेशन कोशी इञ्चार्ज क. भीम आचार्यको प्रमुख अतिथ्यमा सम्पन्न गऱ्यो । अधिवेशनले सचिवमा क. शेरधन राई र सदस्यमा क्रमशः क. दान वहादुर राई, सुरेन्द्र उदास , खगेन्द्र राई, दिपेन्द्र थापा, शिवराज सापकोटा, मीत्र वहादुर अधिकारी, लक्ष्मण खड्का, भूलानाथ राई, हरी वहादुर राई, अर्जुन राई , दिव्यध्वज राई, भ्रुरेन्द्र पराजुली, शुभलक्ष्मी राई, टिका कु. विष्ट, भरत तामाङ्ग, गन्जधन राई, ध्यान वहादुर राउत, गणेश श्रेष्ठ, रमेश शाक्य, राजेन्द्र पराजुलीलाई निर्वाचित गऱ्यो । त्यसमध्ये क. दिपेन्द्र थापा र राजेन्द्र पराजुलीलाई कमिटिले विदा दियो भने क्रमश कमरेडहरू प्रेम वहादुर राई, वीरजंग राई, देवीराम चौलागाई, कृपाराम राईलाई पूर्ण सदस्यमा र वैकल्पीकमा कमरेडहरू विष्णु कु. राई, बहादुर राई, भिम प्रसाद राई, हर्क बहादुर राई, तिर्थ कुमार राई र हिरा प्रधानलाई मनोनयन गरी हाल २९ सदस्यीय जिल्ला कमिटि क्रियाशील रहेको छ । यसप्रकार भोजपुरमा कम्युनिष्ट पार्टी गठन भए देखि वर्तमान अवस्था सम्म अनेक उतार चढावका साथ आइपुग्ने क्रममा २००८ सालमा गठन भएको जिल्ला पार्टी २०१७ सम्म क्रियाशील रहेको देखिन्छ । त्यस पश्चात मृत प्राय बनेको कम्युनिष्ट पार्टीको राजनीति २०२५-२६ देखि ३४-३५ सम्म विभिन्न कम्युनिष्ट समूहहरूको विचारधाराहरूले प्रवेश पाई छिटफूट गतिविधिहरू भएको देखिन्छ । २०३५ सालपछि नेकपा (माले) को औपचारीक प्रवेश र संगठन निर्माण पश्चात २०३५-४७ सम्म नेकपा मालेले संगठित रूपमा राजनीतिक गतिविधि संचालन गरेको देखिन्छ । यही नेकपा मालेको राजनीति र संगठनात्मक धरातल नै नेकपा एमालेको आधारभूमि रह्यो । वहुदल आएपछि व्यापक जनताबीच पुग्ने क्रममा नेकपा एमालेको राजनीतिक प्रभाव र वर्चस्व एक छत्र रूपमा रहँदै आएको छ । पार्टीले आह्वान गरेको र संचालन गरेको, चाहे त्यो टनकपुर सन्धिको विरोधमा होस्, कर्मचारी आन्दोलनमा होस्, धमीजा काण्डको विरोधमा होस, काँग्रसी कुशासन, महंगी, भ्रष्ट्रचार विरोधी र लाउडा प्रकरणमा होस, दासढुङ्गा हत्याकाण्डको विरोधमा होस् वा गाजा अभियान, शुशुअभियान, वैचारिक अभियान, शान्तिजन अभियान वा प्रतिगमन विरोधी आन्दोलन होस्, सवै आन्दोलनका कार्यक्रमहरूलाई जिल्लामा सशक्त र प्रभावकारी एवं उपलब्धीपूर्ण रूपमा सञ्चालन एवं सम्पन्न गरिएका छन् ।

**निर्वाचनमा कम्युनिष्ट पार्टीको सहभागिता**

२०१५ सालको आम निर्वाचनमा कम्युनिष्ट पार्टीले औपचारिक रूपमा भाग लिएको थियो । त्यस निर्वाचनमा क.पा.का. उम्मेद्वारहरू क. हर्क वहादुर श्रेष्ठ र क. मछिन्द्र वहादुर राई, हुनु हुन्थ्यो । निर्वाचनमा जनमत राम्रै देखिएको थियो । त्यस पश्चात २०४३ सालमा तत्कालिन नेकपा (माले)ले लिएको चुनाव उपयोगको नीति अनुसार निर्वाचनमा उठेका उम्मेद्वारहरू मध्ये शशिभुषण किरातलाई पार्टीले पूर्ण पक्षपोषण गरेको थियो। त्यस्तै अर्का बामपन्थी उम्मेद्वार सीताराम तामाङ्गलाई पार्टीले समर्थन गरेको थियो । त्यस निर्वाचनमा चुनाव नजिते पनि हजारौं मतका साथ पञ्चायती निरंकुशताको भण्डाफोर गर्ने काम काफी मात्रामा भएको थियो। यता २०४७ सालको परिवर्तन पछिका सम्पूर्ण निर्वाचनहरू नेकपा एमालेले आफ्नो कब्जामा राख्दै आएको छ। २०४८ सालको आम निर्वाचनमा पार्टीको तर्फबाट क. नरेन्द्र वस्नेत, क. हेमराज राई, क. धनहर्क राई अत्यधिक मतले निर्वाचित हुनु भयो भने २०५१ मा क. हेमराज राई र क. धनहर्क राई निर्वाचित हुनुभयो । २०५४ मा पार्टी विभाजन भएपछि २०५६ मा भएको आम निर्वाचनमा पार्टी विभाजन र त्यसको ठूलो असरको वावजूद भारी मतले क. घनेन्द्र वस्नेत र क. शेरधन राई पार्टीको तर्फबाट निर्वाचित हुनु भएको थियो। त्यस्तै स्थानीय निर्वाचन २०४९ मा पूर्ण वहुमत पार्टीले हासिल गरेको थियो। जि.वि.स. मा सभापति शशि भुषण किरात र उपसभापति हरी प्रसाद न्यौपाने सहितको नेतृत्व निर्वाचित भएको थियो । २०५४ सालको स्थानीय निर्वाचनमा अपवाद केही गा.वि.स. वाहेक सम्पूर्ण गावि.स. कब्जा गरी जि.वि.स.मा सभापति क. शान्त प्रधान र उप-सभापति जयन्ती राई सहितको सम्पूर्ण पद एमालेको कब्जामा रहेको थियो । यसरी जिल्लाको राजनीतिमा एकछत्र प्रभाव र वर्चस्व कायम राख्न सकेकै परिमाण स्वरूप सम्पूर्ण निर्वाचनहरू आफ्नो कव्जा र वर्चस्वमा राख्दै जिल्लाको कम्युनिष्ट आन्दोलन र जिल्लावासीको भाग्य र भाविष्यको फैसला गर्ने विकास निर्माणको मूल संवाहकको जिम्मेवारी आफ्नो काँधमा बोकेर नेकपा एमालेले जिल्लाको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाइ रहेको छ ।

**राष्ट्रिय महाधिवेशनमा भोजपुरको सहभागिता :**

२०४६ पछिको परिवर्तन पश्चात आयोजित पार्टीको तीनवटा महाधिवेशनहरूमा क्रमश पाँचौंमा क. हेमराज राई, शान्त प्रधान, शेरधन राई, जयन्ती राई, विष्णु भट्टराई, देवीराम चौलागाई, दुर्गा प्रसाद राई, झुरेन्द्र पराजुली, अजम्बर काङ्गमाङ र भारत प्रवासबाट क. रामसिंह राई हुनु हुन्थ्यो । छैठौमा क. नरेन्द्र वस्नेत, क. शेरधन राई, शशि भुषण किरात, जयन्ती राई, ध्यान वहादुर राउत, धन वहादुर श्रेष्ठ, श्रीकुमार राई, मीत्रादेवी राई, मणि राई हुनुहुन्थ्यो । त्यस्तै सातौंमा क. शेरधन राई, रमेश शाक्य , जयन्ती राई, रामशोभा राई, गणेश श्रेष्ठ, सुरेन्द्र उदास, हरी वहादुर राई, झुरेन्द्र पराजुलीले भाग लिनु भएको थियो ।

**भोजपुरमा नेताहरूको आगमन**

खुल्ला परिवेशको आगमन पछि जिल्लामा संचालित विभिन्न अधिवेशन, अभियान, भेला, अनुगमन र जनसभा लगायतका कार्यक्रमहरूको सन्दर्भमा क. मनमोहन अधिकारी, माधव नेपाल, के.पी. ओली, प्रदिप नेपाल, जे.एन खनाल, वामदेव गौतम, मोदनाथ प्रश्रीत, ईश्वर पोखरेल, युवराज ज्ञवाली, सीपी मैनाली, अशोक राई, राजेन्द्र पाण्डे, गुरू वराल, प्रदीप ज्ञवाली, सुवास नेम्वाङ्ग, भीम आचार्य, विद्या भण्डारी, अगम वान्तवा, रकम चेम्जोङ्ग, गोपाल गुरागाईं, हर्कमान तामाङ्ग, गोकर्ण विष्ट, प्रकाश ज्वाला, भानुभक्त ढकाल, राजेन्द्र गौतम लगायतका नेताहरूको सहभागिताले जिल्लाको पार्टी काम र कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण प्रेरणा, उत्साह र उर्जा प्रदान गर्ने काम गरेको छ ।

**राष्ट्रिय व्यक्तित्व र प्रतिभाहरूको खानी :**

भोजपुर जिल्ला मुलुकको राजनीतिमा मात्र होइन प्रशासन, साहित्य, संगीत, कलाको क्षेत्रमा राष्ट्रिय व्यक्तित्व एवं प्रतिभाहरू जन्माउने खानीको रूपमा समेत परिचित छ। वर्तमान नेकपा ( एमाले)को केन्द्रिय नेतृत्वमा आधा दर्जन नेताहरू क्रमशः क. प्रदिप नेपाल, मुकुन्द न्यौपाने, घनेन्द्र

बस्नेत, केदार न्यौपाने, विद्या भण्डारी, हेमराज राई भोजपुरले जन्माएका नेताहरू हुनुहुन्छ । विघठित प्रतिनिधि सभा र तत्कालिन राष्ट्रिय सभामा एकदर्जन भन्दा वढी सांसदहरू भोजपुरले जन्माएका हुनु हुन्थ्यो भने देशको सर्वाधिक शक्तिशाली एवं लोकप्रिय विद्यार्थी संगठन अनेरास्ववियूको केन्द्रीय कमिटीमा दुई पटक अध्यक्ष हुने क. राजेन्द्र कुमार राई पनि भोजपुरकै छोरा हुन् । त्यस्तै जनवादी सांस्कृतिक आन्दोलनका प्रमुख हस्ती क. मञ्जुल, “गाउँगाउँबाट उठ, वस्ती वस्ती वाट उठ” भन्ने जनवादी गीतका सर्जग श्याम तमोट, जनवादी गायक चेतनारायण राई वरिष्ठ संगीतकार बुलु मुकारूङ्ग लगायत प्रशासन तर्फको मुख्य सचिव देखि वरिष्ठ संगीतकार, गीतकार, साहित्यकार र कलाकारहरूको ठूलो पंक्तिलाई भोजपुरले जन्म दिएको छ ।

अन्त्यमा भोजपुरको कम्युनिष्ट आन्दोलन गौरवपूर्ण र प्रेरणादायी मात्र छैन, भोजपुरे जनताको एकमात्र विश्वास एवं भरोसाको केन्द्रको रूपमा रहँदै आएको छ । जिल्ला वासीको विकास निर्माण र उन्नत एवं सुन्दर भविष्यको संवाहक समेत रहँदै आएको छ। लामो प्रतीक्षा पछि सडक मोटर वाटो खन्ने काम शुरू भएर जारी छ । वर्तमान राष्ट्रिय संकट र द्वन्द्वको प्रभावले थोरै खुम्चिएर निराशा, चिन्ता छाए पनि भोजपुरे क्रान्तीकारीहरू हतोत्साहित भएका छैनन् । यस प्रकार भोजपुरको समग्र कम्युनिष्ट एवं प्रजातान्त्रिक आन्दोलन अगाडि बढिरहेको छ ।

**परिचय**

**कमरेड केदारनाथ श्रेष्ठ**

**राणा शासन विरूद्ध क्रान्तिका जीउदा इतिहास**

**- कमला पराजुली**

“मेरो जीवनको आस्था कम्युनिष्ट पार्टी हो र म सधै कम्युनिष्ट पार्टीको उन्नती र सफलता देख्न र सुन्न चाहन्छु ” यो भनाई ७४ बर्षीय कमरेड केदारनाथ श्रेष्ठको हो । वि.सं.१९८६ चैत्रमा भोजपुरको टक्सारमा आमा हरीमाया र बुबा बदरीनाथ श्रेष्ठका माईला छोरा भएर जन्मनु भएका कमरेड श्रेष्ठले राजनीतिशास्त्रमा स्नातक सम्मको अध्ययन गर्नु भएको छ ।

आफ्नो राजनैतिक पृष्ठभूमिको सन्दर्भलाई सम्झना गर्दै कमरेड श्रेष्ठ भन्नुहुन्छ -” म २००३ सालतिर दार्जिलिङ्गमा अध्ययन गर्थे । त्यसखेर मेरो त्यहाँ काँग्रेसका प्रवासी नेताहरूसंग पनि बेला-बखतमा भेटघाट हुने गर्थ्यो । मैले त्यसैखेरदेखि नेपालमा राणाशासन विरूद्ध क्रान्ति गर्ने वेला भएछ भनेर अनुभूति गर्न थालें । २००६ सालमा म आफ्नो पढाई सकेर भोजपुर फर्किए र त्यहीको मिडिल स्कूलमा पढाउन थालें । त्यसै समय हामी शिक्षकहरूले गोप्य रूपमा एउटा राणा शासन विरूद्ध समूह बनायौं ।

२००७ सालमा राजधानीमा राणा शासन विरूद्ध क्रान्ति सुरू भयो । त्यसै समय भोजपुरमा पनि हामीले क्रान्ति थाल्यौं । २००७ साल मंसिर २४ गते हामीले भोजपुर जिल्ला आक्रमण गरेर कब्जा गर्न सफल भयौं । त्यो जिल्ला कब्जा गर्ने अभियानमा नेतृत्व गर्नेहरूमा मूख्य नारदमुनी थुलुङ्ग, राम प्रसाद राई, डा. भुदेव राई, जगदिश नेपाली, जयन्द्र थपलिया र म (केदार नाथ श्रेष्ठ) थियौं ।

राणा शासन विरूद्ध क्रान्तिको स्वतन्त्र प्रभाव स्वरूप हामीले जिल्ला आक्रमण गरेर कब्जा गरेका थियौं तर त्यहाँ कुनै राजनैतिक पार्टीको प्रभाव र नेतृत्व थिएन । त्यसैले जिल्ला कब्जा त गरियो तर त्यस पछि के गर्ने ? कसरी नेतृत्व गर्ने ? प्रति आक्रमण भयो भने त्यसको सामना कसरी गर्ने ? भन्ने बारेमा हामीसंग कुनै योजन थिएन । त्यो योजना मिलाउनकालागि त्यही मंसिर २९ गते डा. भदेव राई र मलाई सुवर्ण शमसेर र वि.पि. संग परामर्श गरेर आउने जिम्मेवारी दिएर साथीहरूले विराटनगर पठाए । दार्जिलिङ्गमा पढ्दा मेरो वी.पी. र सुवर्ण शमसेरसंग भेट घाट र कुराकानी पनि भएको थियो । त्यसकै आधारमा सहयोगको आशा बोकेर हामी विराटनगर गयौ ।

विराटनगर पुग्यौं । विशेश्वर र सुवर्ण शमसेरलाई भेट्यौं । राणा शासन विरूद्धको क्रान्तिमा भाग लिएर जिल्ला कब्जा गरेको कुरा सुनायौं । अव कसरी अगाडि बढ्ने हामीलाई थाहाँ छैन । हामी संग हात हतियार पनि छैन । हामी प्रशिक्षित पनि छैनौ । त्यसैले अव हामी कसरी अगाडि बढ्ने भन्ने निर्देशन दिनु पर्छ र हामीलाई सहयोग गर्नु पर्छ भन्यौं । तर वि.पि. कोईराला र सुवर्ण शमसेरले हामीहरू कम्युनिष्ट भएको आशंका गरेर हामीलाई कुनै पनि सहयोग गर्न तयार हुनु भएन । हामी उपलब्धी विहिन भएर भोजपुर फर्क्यौ ।

हामी फर्कदा हाम्रो फौजले तीन नम्वर ओखलढुङ्गा पनि कब्जा गरिसकेको रहेछ । मलाई भोजपुर पुगेको भोलीपल्टै ओखलढुङ्गाको व्यवस्था मिलाउन पठाईयो । ओखलढुङ्गाको हेडक्वाटरको व्यवस्था मिलाएको एक हप्ता पछाडि रामेछाप पनि कव्जा गरियो । हेडक्वाटरबाट फौजको नेतृत्व गर्ने काम राम प्रसाद राई र नारदमुनी थुलुङ्गले गरेको थियो । त्यतीखेर सम्म पनि हामीलाई कतैबाट राजनैतिक नेतृत्व प्राप्त भएको थिएन ।

त्यही समयमा चरिकोटमा राणाका फौज आएर प्रत्याक्रमण गरें । चरिकोट र मेलुङ्ग फिर्ता लिए । यो घटना पछि म भोजपुर फर्किए । भोजपुरबाट एक हजार थप फौज लगेर फेरि मेलुङ्ग र चरिकोट आफ्नो कव्जामा लिन सफल भयौं । उता हामी जिल्ला कव्जा गर्ने अभियानमा थियौं तर यता राजधानीमा राणाहरूसंग सम्झौता गरेर क्रान्ति रोकिईसकेको रहेछ । हामीले त्यो खवर रेडियो सुनेर थाहाँ पायौं ।

त्यतीखेर हामी जिल्ला हेडक्वाटरको व्यवस्था मिलाउदै थियौं । यता राजधानीबाट शान्ति दल पठाएर हाम्रो कमाण्डर जंगवीर राई, सुरवीर राई, आङ्ग दण्डी लामा र मलाई काठमाण्डौं ल्याईयो । हामीलाई संयुक्त सरकारसंग भेट गराईयो । हामीले त्यो भेटमा क्रान्तिको समयमा जनतासंग उठाएको रासन र चन्दा अव जनतालाई तिर्नु पर्छ भन्ने कुरा राख्यौं । सरकारबाट हाम्रो माग पुरा हुने आश्वसन पाईयो । त्यसपछि त्यतिबेलाका सरकार प्रमूखले हामीलाई राजा त्रिभुवनसंग भेट गराए । हामीले क्रान्तिको समय जम्मा पारेको सवै हात हतियार त्यो संयुक्त सरकारले फिर्ता लियो ।

राजासँग भेट गरेपश्चात जिल्ला फर्कने बेलामा हामीले क्रान्ति गरेर जनताको पक्षमा केही पनि परिवर्तन नभएको अनुभूति गर्‍यौं । हामी आफ्नो जिल्ला फर्क्यौ । भोजपुर फर्केपछि मलाई नारदमुनी थुलुङ्गले दुई नम्वर रामेछापको बडाहाकीम भएर जान भने । तर म जान मानिन । भोजपुरमै हाईस्कुल खोलेर म त्यही पढाउन थालें ।

अर्को बर्ष-२००८ साल असारमा, हाम्रो अर्को साथी लक्ष्मी प्रसाद हलुवाई कलकताबाट विदामा घर आउनु भएको थियो । उहाँकै पहलमा हामीले २००८ साल श्रावण १२ गते भोजपुरमा नेपाल कम्युनिष्ट पार्टीको प्रारस्भिक कमिटी निर्माण गर्‍यौं । त्यो कमिटीमा म सचिव थिए । सदस्यहरूमा लक्ष्मी बहादुर हलुवाई, दान वहादु शाक्य, सुभद्रा सुब्बा र सरस्वती सुब्बा हुनुहुन्थ्यो ।

हामीले पार्टी त खोल्यौ, तर त्यसपछि के गर्नु पर्छ हामीलाई थाहाँ थिएन । त्यही साल कार्तिक महिनामा मलाई कम्युनिष्ट पार्टी सम्बन्धी प्रशिक्षण लिन कलकतामा बोलाईयो । त्यहाँ दुई महिना सम्म हामीलाई कम्युनिष्ट पार्टीबारे प्रशिक्षण दिईयो । त्यो प्रशिक्षणमा भोजपुरबाट म, काठमाण्डौंबाट सहना प्रधान र मायादेवी, खर्साङ्गबाट अमर प्रधान र आर. के. सिन्हा, कलकतामै रहनु भएका नेपालका कमरेड रामबाबु कार्की र .... शेरचन थियौं । त्यो प्रशिक्षण पछि जिल्ला फर्केर हामी व्यवस्थित ढंगले पार्टी सन्चालन गर्न थाल्यौं । त्यखिर हामीलाई पार्टी काम गर्न निर्देशन दिने र सहयोग गर्ने डी.पी.अधिकारी र केदारनाथ खनाल हुनुहुन्थ्यो ।

दुई वर्षको पार्टी काम र जनतालाई सचेत बनाउने काम गरिसकेर २०१० साल कार्तिक-मंसिरमा किसान आन्दोलन भयो । त्यसखेर भोजपुरको त्यो आन्दोलनमा दशौं हज्जार मानिसहरू जुलुसमा सहभागी भएका थिए । हाम्रा त्यसखेरका मूख्य मागहरू- अधिया प्रथा कायम गर्ने, मोहीयानी हक कायम

गर्ने, वेठ वेगारी हटाउने, विर्ता प्रथा उन्मूलन गर्ने रहेको थियो । त्यो आन्दोलनले जिल्लाभरीनै प्रभाव पार्‍यो र हाम्रा मागहरू पुरा भए ।

२०१५ सालमा निर्वाचनको घोषणा भयो । भोजपुरबाट मक्षिन्द्र राई  र हर्क बहादुर श्रेष्ठलाई कम्युनिष्ट पार्टीको उममेदवार बनाईयो । तर त्यसखेर चुनावमा धेरै धाँधली भयो । धाँधली गरेर नेपाली काँग्रेले चुनाव जिल्यो हामीले हार्‍यौं । त्यसपछि पार्टीले प्रभावकारी गतिविधी गर्न सकिरहेको थिएन । २०१७ सालमा निर्दलीय पञ्चायतको घोषणा भएर पार्टी प्रतिबन्धित् भयो । जिल्लामा चर्को दमन सुरू भयो ।

२००८ साल देखि २०१७ साल सम्म म पूर्णकालिन रूपमा पार्टीको काममा लागेको थिए। २०१७ को प्रतिबन्ध र दमनले धेरै मानिसहरू प्रवासिए । म चाँहि फेरि त्यही हाईस्कुलमा शिक्षक भएर पढाउन सुरू गरे । त्यो समयमा प्रतक्ष्यत राजनैतिक रूपमा सकृय हुन मिल्दैनथ्यो । तर पनि म राजनीतिशास्त्रको शिक्षक भएको हुँदा पढाइृको प्रसंगमा विधार्थीलाई राजनीतिक शिक्ष पनि दिदै जान्थे । त्यसै समय मैले प्रदिप नेपाललाई पनि आफ्नो छात्रको रूपमा पढाउन पाए । तर त्यतीखेर मैले प्रदिपलाई कम्युनिष्ट बनाएको थिईन । उनी उच्च शिक्षा अध्ययनको लागि काठमाण्डौं आए । त्यहीनै राजनैतिक रूपमा क्रियाशिल हुँदै मेरो आस्थाको पार्टीका नेता बन्न पुगें । अहिले मलाई यसमा असाध्यै गर्व छ । त्यस विधालयमा २०३० साल सम्म काम गरेर २०३० साल देखि म भोजपुर छाडेर काठमाण्डौं आए ।”

कमरेड श्रेष्ठ राणा शासन विरूद्धको क्रान्तिका एउटा जीउदा ईतिहास हुनुहुन्छ । अझ पनि उहाँले हरेस खानु भएको छैन । उहा भन्नुहुन्छ-“मैले अहिले सम्म समस्या र अप्ठ्यारो अनुभूति गरेको छैन । म हरेक समस्यालाई मामुली ठान्छु । कुनै पनि उपायले समस्याको समाधान गर्दै रहन्छु ।” २०३० साल देखि २०५४ साल सम्म काठमाण्डौंमा रहदा उहाँ राजनैतिक जिम्मेवारी र नियमित सम्पर्कमा हुनु भएन । कहिले काही मनमोहन अधिकारी, साहना प्रधान र आफुले चिनेका कम्युनिष्ट पार्टीका नेता, कार्यकर्तासंग भेटघाट मात्र हुन्थ्यो । २०५४ मा उहाँ पुनः भोजपुर फर्कनु भयो र २०५४ देखि भोजपुर नेकपा एमाले जिल्ला सल्लाहकार समितिमा रहनु भयो ।

आफ्नो आस्था, विचार र जीवनको प्रेरणाश्रोतको सन्दर्भमा कमरेड श्रेष्ठ भन्नुहुन्छ-“मैले २०११ सालमा भोजपुरकै वाल कुमारी श्रेष्ठसंग पार्टी कार्यालयमै पार्टीको झण्डा राखेर जनवादी विवाह गरें । वाल कुमारी पनि पार्टी कार्यकर्ता हुनुहुन्थ्यो । उहाँले पनि मलाई अझ धेरै सहयोग र प्रेरणा दिनु भयो । ” उहाँका तीन छोरा र तीन छोरी छन् । अहिले सवैको विवह भै सकेको छ । आफ्नो पारिवारिक पृष्ठभूमी बारे उहाँ भन्नुहुन्छ-“ हामी राम्ररी खान लगाउन पुग्ने सम्पन्नै परिवार थियौं । त्यसै कारण मैले दार्जिलिङ्ग गएर पढ्ने अवसर पनि पाए । शिक्षा आर्जनकै क्रममा म भित्र राजनैतिक चेतनाको जन्म भयो । म राजनीतिमा लागे र कम्युनिष्ट भए । मैले धरै सम्पति कमाउन र जम्मा गर्न त सकिन तर आर्थिक विपन्नता र अभावको तीतो अनुभव चाँहि गर्नु परेन । अहिले पनि मेरो परिवारको जीविकाकोलागि धान्ने आर्थिक श्रोत छ । छोराको जागिर, व्यापार र पुर्ख्यौली खेती पातीले हामीलाई पुग्छ ।”

उहाँ अहिले-“उमेर पाको भयो, चाहनाहरू धेरै छन् । अझ पनि केही गरौंझै लाग्छ । तर शरिरले पनि नसक्ने हुन थाल्यो । त्यसैले रेडियो सुन्ने, पुस्तक र पत्र-पत्रिका पढ्ने, समकालिन साथीभाइ र गाउ-घरका जनता संग भेटघाट गरेर दिन काट्छु” भन्नुहुन्छ । तर त्यती मात्रै कहाँ हो र उहाँ व्यक्तिगत रूपमानै आर्थिक श्रोत जुटाएर भोजपुरको टक्सारमा क.पुष्पलाल श्रेष्ठ, क. मनमोहन अधिकारी, क. तुलसीलाल अमात्य, क. मदन भण्डारी र स्थानीय किसान नेता हर्क बहादुर श्रेष्ठको शालिक स्थापना  गर्ने तयारीमा हुनुहुन्छ । आफुलाई कुनै पनि पद र मान सम्मानको चाहना नभएको बताउने कमरेड श्रेष्ठ आफ्नो आदर्श व्यक्तित्व कमरेड पुष्पलाललाई  मान्नुहुन्छ । उमेर र अनुभवले

पाको, आस्था र विचारले दृढ, भावनाले प्रतिवद्ध, जीउदो इतिहासका पात्र कमरेड केदारनाथ श्रेष्ठ हामी सवैका प्रेरणा हुनुहुन्छ ।

कृति

**दुर्गा हजुरमाको भूत**

दुर्गा हजुरमाको भूत वाल उपन्यास हो । यस उपन्यासले वाल मनोभावना, जिज्ञासा र कौतुहलतालाई समेटेको छ । यसमा भूत-प्रेत, देवी-देवता र अलौलिक शक्तिका वारेमा चर्चा गरिएको छ । एउटी नौं बर्षीय वालिका उपन्यासकी मूख्य पात्र छीन् । एक वर्ष अगाडि देहावसान भएकी दुर्गा हजुरमा र नौं वर्षीय नातिनी वीचको वर्तालापमै उपन्यासको अन्त्य हुन्छ । उपन्यासको प्रस्तुती रोचक छ । खास गरी नेपालका ब्राम्हण परिवारको चाल-चलन, रिती-थिती, संस्कार-सस्कृती, मूल्य-मान्यता र परम्पराको अभिव्यक्ति उपन्यासमा भेटिन्छ । उपन्यासमा प्रयुक्त भाषा-शैली र प्रस्तुतीलाई हेर्दा उपन्यासको कथावस्तुले नेपाली ग्रामीण परिवेशको मध्यम वर्गीय शिक्षित परिवारको प्रतिनिधित्व गरेको छ ।

यो उपन्यासले नजानिदो ढंगले वालिकाहरूलाई नेपाली संस्कृति अनुकुल सामाजिकरणको प्रकृयामा प्रेरित गरेको छ । हजुरमा (दुर्गा हजुरमाको भूत) र नातिनी (रोसा) वीचको कुराकानीको माध्यमले वालवालिकालाई पढाई प्रति प्रेरित गर्ने, असल बानी-व्यवहार सिकाउने र मानिसको मनमा वसेको देवी-देवता र भूत-प्रेत प्रतिको जडतालाई हटाउने प्रयास गरेको छ । भय र त्रासको पर्याय बनेर वाल मष्तिकमा जकडिएको भूतलाई हटाएको छ । कुराकानीकै क्रममा- “मानिसले बाँचुञ्जेल सधै राम्रो काम गर्नु पर्छ । अरूमाथि अन्याय र अत्याचार कहिल्यै गर्न हुन्न । गरीव-दुखीको भलाई गर्नु पर्छ । स्वार्थी हुनु हुँदैन । निस्वार्थी र अरूको भलाई गर्ने मान्छेनै धर्मात्मा हुन् । बाचुञ्जेल सवैको भलो गर्ने मान्छे मृत्यु पश्चात पनि अमर बन्छ । अरूको कुभलो र अत्याचार गर्ने मान्छे मर्ने वित्तिकै माटोमा विलाउछ ।” भन्दै मानिसलाई सत्कर्ममा लाग्न पनि प्रेरित गरेको छ । उपन्यासले देवी-देवताको पहिचान गराउने क्रममा नेपालको ऐतिहासिक घटना र सन्दर्भदेखि रोमन साम्राज्यको अत्याचार र दास विद्रोहको प्रसंग समेत उल्लेख गरिएको छ ।

वालवालिकालाई लक्षित गरेर तयार गरिएता पनि यो उपन्यास सवै उमेर र वर्गका पाठककालागि त्यतिकै रोचक र उपयोगी छ । गाँउ घरमा विधमान शामन्ती शोषण, गरीवमाथिको थिचो मीचो र त्यस्तो कार्य नगर्न दुर्गा हजुरमाबाट पठाईएको शन्देसले सवैलाई मानव धर्मको अर्थ बुझाएको छ ।

डेढ दर्जन साहित्यिक कृतिको रचना गरिसकेका साहित्यकार प्रदिप नेपालको यो एघारौं उपन्यास र दोश्रो वाल कृति हो । दुई दशक अगाडि साहित्यकार सञ्जय थापाको नामले प्रकाशित सूर्यमान कथा सृङ्खला पहिलो वालकृति थियो । यो उपन्यास जम्मा ६४ पृष्ठमा छापिएको छ । ११ भागमा कथावस्तुलाई विभाजन गरिएको छ । प्रत्येक नयाँ भागको आरम्भमा रमेश श्रेष्ठको जीवन्त चित्र बोलेको छ । छोटा-छोटा वाक्य छन् । सरसरती पढ्न धेरै समय लाग्दैन । तर, जस्तो उमेरलाई लक्षित कथाबस्तुको चयन भयो , त्यस्ता उमेरकालागि भने भाषा-शैली सरल छैन । अचेलका केटा-केटीले हत-पत नसुनेका र अर्थ लगाउन नसक्ने कतिपय शव्द र वाक्यको प्रयोग छ जसले गर्दा विधालयका भाइबैनाहरूले राम्ररी पढुन्, बुझुन्, र मन पराईदेउन् भन्ने लेखकको आग्रह पुरा हुन अली असजिलो छ । आगामी दिनमा त्यस तर्फ पनि ध्यान दिन सकेमा सामाजिक अग्रगतीकालागि यस्ता उपन्यासको निकै उपयोगिता र महत्व हुनेछ ।